संक्रमणकालीन न्यायको सन्दर्भमा सत्य अन्वेषण

# नेपालको लागि
# नीतिगत मार्गचित्र


गोविन्दप्रसाद शर्मा ‘बन्दी’

अनुसन्धान तथा लेखन



प्रकाशक

नेपाल पिसबिल्डिङ इनिसिएटिभ

**संक्रमणकालीन न्यायको सन्दर्भमा सत्य अन्वेषण :**
नेपालको लागि नीतिगत मार्गचित्र

**गोविन्दप्रसाद शर्मा 'बन्दी'**

नेपाल पिसबिल्डिङ इनिसिएटिभ

**संक्रमणकालीन न्यायको सन्दर्भमा सत्य अन्वेषण :**
नेपालको लागि नीतिगत मार्गचित्र

यो नीति-पत्र नेपाल पिसविल्डिङ्ग इनिसिएटिभको सहजीकरण र काठमाडौं स्थित जर्मन दूतावासको आर्थिक सहयोगमा तयार गरिएको हो । यस नीति-पत्रमा प्रयोग गरिएका पदनामहरू र सामग्रीले नेपाल पिसविल्डिङ्ग इनीसएटिभ तथा जर्मन दूतावासको दृष्टिकोण वा मत प्रतिविम्वित गर्दैनन् । यसमा प्रस्तुत तथ्यहरूको छनौट, प्रस्तुति र व्यक्त गरिएका विचार पूर्णतया लेखकका हुन् र यी विचारले नेपाल पिसविल्डिङ्ग इनिसिएटिभको प्रतिनिधित्व गर्दैनन् ।

**अनुसन्धान तथा लेखन :** गोविन्दप्रसाद शर्मा ’बन्दी’

**प्रकाशक :** नेपाल पिसविल्डिङ्ग इनिसिएटिभ

**नेपाल पिसविल्ड्िङ्ग इनिसिएटिभ**
ललितपुर, नेपाल
© पुष, २०८१ नेपाल पिसविल्डिङ्ग इनिसिएटिभ

**गोविन्दप्रसाद शर्मा ’बन्दी’**
सर्वाधिकार सुरक्षित

# प्राक्कथन

संक्रमणकालीन न्यायको सन्दर्भमा सत्यको खोजी *(Truth Seeking)* विगतमा घटेका घटनाहरुको तथ्य सङ्कलन गर्ने कानूनी र प्राविधिक विषय मात्र होइन । यो त सम्बन्धित मुलुकको राजनैतिक, सामाजिक र सांस्कृतिक परिवेश अनुसार सत्य अन्वेषण गर्ने, पीडितलाई न्याय प्रदान गर्ने र सामाजिक मेलमिलापका माध्यमबाट समाजिक रुपान्तरण गर्ने उदेश्यका साथ गरिनु पर्दछ । सत्य अन्वेषण गरिँदाकानूनी सत्य *(Legal Truth)* का अतिरिक्त संरचनागत हिंसा, ऐतिहासिक अन्याय, बहिष्करण र सिमान्तिकरण सम्बन्धी सत्य उजागर गर्दै त्यसलाई सम्वोधन गर्ने उपायहरुमा केन्द्रित हुनुपर्दछ । तवमात्र द्वन्द्वको पुनरावृत्ति रोक्ने संक्रमणकालीन न्यायको लक्ष्य हासिल गर्न सकिन्छ ।

नेपालको सामाजिक, सांस्कृतिक र राजनैतिक परिदृश्यमा सत्य-अन्वेषणको उद्देश्य मूलतः विगतका मानवअधिकार उल्लंघनलाई उजागर गर्दै पीडितलाई न्याय, सम्मान र मान्यता दिने उद्देश्यबाट निर्देशित हुनुपर्दछ । केवल अपराध र अपराधीको पहिचान मात्र गर्ने होइन, बरू द्वन्द्वले चिर्न नसकेका सामाजिक विभाजनलाई उपचार गर्ने, सामुदायिक मेलमिलापलाई प्रोत्साहन गर्ने र दीर्घकालीन शान्ति कायम गर्ने लक्ष्य राख्न सक्नु पर्दछ । यसका मार्गदर्शक सिद्धान्तहरूमा सत्यको सम्पूर्णता र निष्पक्षता, पीडितकेन्द्रित दृष्टिकोण, सामाजिक-सांस्कृतिक परम्पराको सम्मान, राजनैतिक हस्तक्षेपबाट स्वतन्त्रता, र राष्ट्रिय मेलमिलाप तथा समावेशितालाई प्रवर्द्धन गर्ने तत्वहरू यस प्रक्रिया अन्तर्गत समाविष्ट हुनु पर्दछ । जातीय, लैङ्गिक, क्षेत्रीय र सांस्कृतिक असमानताले ग्रसित विविधतापूर्ण समाजमा सत्य अन्वेषण गर्ने प्रक्रिया अन्तर्गत फौजदारी जवाफदेहिताका अतिरिक्त क्षमा, करूणा, र सामूहिक आत्मपुनर्मूल्यांकन गर्ने अवसरका रुपमा पनि यस प्रक्रियालाई लिइनु वाञ्छनीय हुन्छ । यसरी मात्रै सत्य अन्बेषणले वास्तविक परिवर्तन र दिगो शान्तिको आधार तयार गर्न सक्दछ ।

हुनत नेपालको शान्ति प्रक्रियाको अभिन्न अंगको रुपमा रहेको संक्रमणकालीन न्याय प्रक्रिया नेपालको मौलिकपरम्परा अनुकुल रहेको भन्ने दावी गरिदै आईएको छ । तर यसको कार्यान्यनका लागि बनेका कानूनी र संस्थागत संरचना तथा विगतमा भएका अभ्यासले उक्त दावीलाई पुष्टि गर्ने आधार भने दिदैन । २०५२ साल देखि २०६३ सालसम्म चलेको नेपालको द्वन्द्व केवल राजनैतिक मात्र नभई सामाजिक, सांस्कृतिक र जातीय असमानतासंग पनि सरोकार राख्दथ्यो । द्वन्द्वोत्तर न्यायका उपायहरु अपनाउँदा विगतको द्वन्द्वको प्रकृति, प्रवृत्ति, जातीय तथा सांस्कृतिक पृष्ठभूमि, र सामाजिक संरचनालाई ध्यानमा राख्नु पर्ने हुन्छ । त्यसैले संक्रमणकालीन न्याय प्रक्रिया नेपाली मौलिकता, सांस्कृतिक मूल्य, धार्मिक विश्वास र सामाजिक परम्परा अनुकुल हुनुपर्ने कुरामा विवाद गर्ने ठाँउ छैन । संक्रमणकालीन न्यायका उपायहरु अपनाउँदा अन्य मुलुकका अभ्यास वा कानुनी संरचनाको आयातित प्रतिरूप भन्दा पनि स्थानीय वास्तविकता, सामुदायिक अभ्यास र धर्मिक तथा सांस्कृतिक संवेदनशीलतालाई समेत ध्यान दिँदा वढि प्रभावकारी भएको अन्तराष्ट्रिय अनुभवले पनि देखाउँछ ।

ऐनको तेस्रो संशोधनमा, खासगरी सत्य अन्वेषण सम्बन्धी आयोगको कार्यादेशमा भएको परिमार्जनले, उपर्युक्त ढंगले सत्य अन्बेषण गर्ने ढोका खोलिएको छ । तर ऐनको सशोधनले मात्र समस्याको समाधान हुन सक्ने देखिदैन । यसमा मुलत दुईवटा चुनौतिहरु स्पष्टै देखिन्छन् । पहिलो, यस अघि गठन भएका आयोगहरुले प्राप्त गर्न नसकेको विश्वास र दोस्रो, सत्य अन्वेषण गर्ने प्रयोजनार्थ वनेका निमानवली, निर्देशिका, कार्यविधि एवं आयोगहरुले अपनाउदै आएको प्रक्रियाले कानूनी सत्य अन्वेषणलाई मात्र ध्यानमा राखेको देखिन्छ । त्यसैले प्रभावकारी सत्य अन्वेषण प्रक्रियाका लागि आयोगको गठन प्रक्रियादेखि नै पीडित र सरोकारवालाको विश्वास प्राप्त गर्ने र ऐनको पछिल्लो संशोधनले सत्य अन्वेषणका सम्वन्धमा आयोगको कार्यादेश विस्तार गरे अनुसारका नीति नियम तर्जुमा गर्नुपर्दछ ।

त्यसैले संक्रमणकालीन न्यायका सन्दर्भमा सत्य अन्वेषणको प्रक्रिया नेपाली परिवेशमा के-कस्तो हुनुपर्दछ भन्ने सन्दर्भलाई मध्यनजर गर्दै यो नीति–पत्र तयार पारिएको हो । प्रस्तुत नीति–पत्रले सत्य अन्वेषण किन गर्ने, के-का लागि गर्ने र कसरी गर्ने भन्ने विषयमा मार्गचित्र कोर्ने काम गरेको छ । मार्गचित्र तयार गर्दा नेपाली संस्कृति र परम्परा, धार्मिक विश्वास एवम् विगतमा भएका प्रयास, अन्तर्राष्ट्रिय जगतका सिकाई, भोगाई र अनुभवका अलावा सम्वद्ध सरोकारवालाहरूसँगको परामर्शलाई समेत आधार बनाईएको छ । नीति–पत्रले मूलतः संक्रमणकालीन न्याय प्रक्रिया हालसम्म पनि सम्पन्न हुन नसक्नाका कारणको पहिचान गर्नुका साथै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा भएको पछिल्लो संशोधन र परिमार्जनका आधारमा सत्य अन्वेषणका क्षेत्र केलाउँदै आगामी रणनीति कस्तो बनाउने भन्ने सम्बन्धमा केही विधि, प्रक्रिया र उपायको खोजी गर्ने काम गरेको छ ।

यसमा अमूल्य सुझाव प्रदान गरी सहयोग पुर्‍याउनुहुने विगत शसस्त्र द्वन्द्वका पीडित, पीडितका परिवारजन, मानव अधिकार रक्षक र संक्रमणकालीन न्यायमा चासो र सरोकार राख्ने अन्य सम्बद्ध विभिन्न महानुभावहरु साथै परामर्श बैठकमा उपस्थित भई हामीलाई महत्वपूर्ण पृष्ठपोषण गर्नुहुने नेपाल सरकार, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री उदयराज सापकोटा, सह-सचिव मानबहादुर अर्याल, सत्य निरूपण तथा मेलमिलाप आयोगका सचिव श्री आलोक श्रेष्ठ, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका सचिव श्री पाराश्वर ढुङ्गाना, सह-सचिव पूजा खत्री र मन्त्रालय तथा आयोगका कर्मचारी साथीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । साथै, अनुसन्धान, लेखन र प्रकाशनमा सहयोग पुर्‍याउनुहुने अन्य मित्रहरू, अधिवक्ता कमल पोखरेल, नेपाल पिसबिल्डिङ्ग इनिसिएटिभका कार्यकारी निर्देशक सुविन्द्र बोगटी, अर्का अधिवक्ता काशीराम ढुङ्गाना, सत्य निरूपण आयोगमा कार्यरत मुना चौगुठी, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा कार्यरत सुदिप शाक्य र कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा कार्यरत दिपशिखा वाग्ले समेत विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

**गोविन्दप्रसाद शर्मा ‘बन्दी’**

## विषय-सूची


**१. विषय प्रवेश** ..... ७

**२. सत्य अन्वेषणको अवधारणा** ..... ९

२.१ सत्य अन्वेषणको अर्थ र आयाम ..... ११

२.२ सत्य अन्वेषणको उद्देश्य ..... १२

२.३ सत्य अन्वेषणका सिद्धान्तहरू ..... १४

**३. सत्य जान्न पाउने अधिकारको कानूनी संरचना** ..... १६

३.१ अन्तर्राष्ट्रिय कानून ..... १६

३.२ नेपाल कानून ..... १८

**४. संक्रमणकालीन न्यायको अवधारणा र सत्य अन्वेषण** ..... १९

४.१. सत्य अन्वेषण र न्याय ..... २२

४.२. सत्य अन्वेषण र परिपूरण ..... २३

४.३. सत्य अन्वेषण र मेलमिलाप ..... २३

४.४. सत्य अन्वेषण र संस्थागत सुधार ..... २४

**५. सत्य अन्वेषणमा सत्य आयोगको भूमिकाः तुलनात्मक अभ्यास** ..... २५

५.१. अर्जेन्टिना ..... २५

५.२. एल साल्भाडोर ..... २७

५.३. कम्बोडिया ..... २९

५.४. कोलम्बिया ..... ३१

५.५. ग्वाटेमाला ..... ३३

५.६. दक्षिण अफ्रिका ..... ३४

५.७. पेरू ..... ३५

५.८. लाईबेरिया ..... ३६

५.९. हैटी ..... ४०

**६. सत्य अन्वेषणको नेपाली अभ्यास** ..... ४२

६.१. जाँचबुझ आयोगबाट भएका सत्य अन्वेषण ..... ४२

६.२. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगबाट भएका सत्य अन्वेषणका प्रयास ..... ४३

६.३. आयोगद्वारा अवलम्बित विधि र प्रक्रिया ..... ४४

६.४. सत्य अन्वेषण प्रभावकारी हुन नसक्नुका कारण ..... ४५
६.४.१. विश्वासको कमी ..... ४६
६.४.२. समन्वयको अभाव ..... ४६
६.४.३. सत्य अन्वेषणको दायरा/परिधि निर्धारण नगरिनु ..... ४७
६.४.४. प्रभावकारी कार्ययोजना नहुनु ..... ४७
६.४.५. फौजदारी न्यायका दृष्टिकोणबाट मात्र निर्देशन सत्य अन्वेषण प्रक्रियाको अवलम्बन ..... ४८
६.४.६. पीडित र साक्षीको कागजमा मात्र आधारित तथ्य सङ्कलन गरिने पद्दतिको अवलम्बन ..... ४८
६.४.७. पहुँचयोग्य र विश्वसनीय मुकाम कार्यालय नहुनु ..... ४९
६.४.८. दक्ष जनशक्तिको अभाव ..... ४९
६.४.९. अव्यवहारिक सत्य अन्वेषण प्रक्रिया ..... ४९
६.४.१०. चुनौति सम्बोधन गर्ने उपाय नअपनाईनु ..... ५०
**७. सत्य अन्वेषणको मार्गचित्र** ..... ५०
७.१. प्रारम्भिक चरण ..... ५१
७.२. तथ्य सङ्कलनको चरण ..... ५२
७.३. विश्लेषणको चरण ..... ५२
७.४. प्रतिवेदनको चरण ..... ५३
**८. निष्कर्ष तथा सुझाव** ..... ५४
८.१. अवधारणागत स्पष्टता ..... ५७
८.२. विश्वासको वातावरण बनाउनुपर्ने ..... ६०
८.३. सहजीकरण संयन्त्रको स्थापना ..... ६१
८.४. अभियोजन, क्षमादान र मेलमिलाप सम्बन्धी नीति निर्माण ..... ६१
८.४.१ अभियोजन ..... ६२
८.४.२ क्षमादान ..... ६३
८.४.३ मेलमिलाप ..... ६५
८.५ दक्ष जनशक्तिको बन्दोवस्त ..... ६६
८.६ कार्ययोजना निर्माण ..... ६७
८.७ नियम, निर्देशिका र कार्यविधिलाई संशोधित ऐन अनुकुलन बनाउन गर्नुपर्ने संशोधनका बुँदाहरु ..... ६८

## १. विषय प्रवेश

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले २०५२ साल फागुन १ गते देखि शुरु गरेको सशस्त्र विद्रोह २०६३ साल मंसिर ५ गते विस्तृत शान्ति सम्झौता भएसँगै अन्त्य भयो । एक दशक लामो सशस्त्र द्वन्द्वका कारण १३,००० भन्दा बढी मानिसले ज्यान गुमाउनु पऱ्यो भने १,३०० जना भन्दा बढी बलपुर्वक बेपत्ता पारिएका थिए[1] । साथै, यौनजन्य हिंसा, यातना, अपहरण, कुटपिट, अङ्गभङ्ग र विस्थापन लगायतका मानव अधिकार उल्लंघनका कयौँ घटना भएका थिए । शान्ति सम्झौतामा "सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतीबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने" भनी प्रतिवद्धता व्यक्त गरिएको छ ।[2] नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा समेत सोही व्यहोरा उल्लेख गरियो ।[3] शान्ति सम्झौतामा "दुबै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरुको लागि राहत कार्य र पुनर्स्थापन गराउन सहमत छन्"[4] भनिनुका साथै "दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरुलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरुलाई स-सम्मान पुर्नस्थापना तथा समाजीकरण गर्न प्रतिवद्धता व्यक्त गर्दछन्"[5] समेत भनिएको छ । यसका अतिरिक्त, शान्ति सम्झौता र अन्तरिम संविधानमा यातना, बेपत्ता लगायतका द्वन्द्व पीडित परिवारलाई राहत प्रदान गर्ने विषय पनि समावेश छ ।[6]

शान्ति सम्झौता तथा संविधानमा गरिएको व्यवस्थाका बावजुद विभिन्न कारणले गर्दा लामो समयसम्म आयोगहरू गठन हुन सकेका थिएनन् । २०६९ सालमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश जारी भएपश्चात् बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भई बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गरी दुई अलग अलग आयोगहरू समेत गठन भएका थिए । तर उक्त ऐनमा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनमा समेत क्षमादान दिनसक्ने आयोगको कार्यादेश लगायतका प्रावधानहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल नभएको भन्ने आधारमा सुमन अधिकारी समेत

[1] *Nepal Conflict Report, 2069, OHCHR, https://www.ohchr.org/en/documents/country-reports/nepal-conflict-report* मा उपलब्ध, २९ नोभेम्बर २०२४ मा हेरिएको ।

[2] *नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको धारा ५.२.५, सन् २००६*

[3] *अन्तरिम संविधान २०६३ को धारा ३३ (ध)*

[4] *नेपाल सरकार रनेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता, २०६३, धारा ५.२.४*

[5] ऐ.धारा ५.२.८

[6] ऐ.धारा ३३ (थ)

विरूद्ध नेपाल सरकार मन्त्रीपरिषद् समेत भएको मुद्दा[7]मा सर्वोच्च अदालतको विशेष इजलासले ती प्रावधानहरूलाई अमान्य घोषित गर्दै उक्त ऐनको संशोधन गर्न परमादेश जारी गरेपछि यो प्रक्रिया अघि बढ्न सकेन । २०७९ सालमा सरकारले पीडित लगायतका सरोकारवालासँग व्यापक परामर्श गरी ऐन संशोधनको प्रक्रिया अघि बढाएकोमा २०८१ साल भाद्रमा उक्त ऐनमा संशोधन भएको छ । यो संशोधनले[8] लामो समयदेखि अपूर्ण रहेको नेपालको संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने महत्वपूर्ण बाटो खोलेको छ । प्रस्तुत नीति–पत्रले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को पछिल्लो संशोधनले अघि सारेको नेपालको संक्रमणकालीन न्याय प्रक्रियाका उपायमध्ये पनि विशेषगरी सत्य अन्वेषण किन गर्ने, के-का लागि गर्ने र कसरी गर्ने भन्ने विषयको मार्गचित्र प्रस्तुत गर्न खोजेको छ । यो नीति–पत्र तयार पार्ने क्रममा संक्रमणकालीन न्यायका सम्बन्धमा अन्य देशहरूको भोगाई, सिकाई र अनुभव एवं नेपालमा विगतमा भएका प्रयास तथा द्वन्द्व-पीडित संक्रमणकालीन न्यायका क्षेत्रमा क्रियाशिल नागरिक समाज तथा नीति-निर्माता लगायतका सरोकारवालासँग परामर्शका माध्यबाट प्राप्त सुझाव समेतलाई समेटिएको छ ।

त्यसैगरी प्रस्तुत नीति–पत्रले मूलरूपमा हालसम्म यो प्रक्रिया पुरा हुन नसक्नुका कारणको पहिचान गरी, संशोधित ऐनले अख्तियार गरेको सत्य अन्वेषणका क्षेत्रहरुलाई केलाउँदै यस सम्बन्धमा अबको बाटो कसरी तय गरिनु पर्दछ भन्ने सम्बन्धी विधि, प्रक्रिया र उपायहरूका बारेमा सुझाव प्रस्तुत गर्न खोजेको छ । यो नीति–पत्र नेपाल सरकार, सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र विशेष अदालतका काम कारवाहीका लागि उपयोगी हुने विश्वास लिइएको छ । साथै, नीति–पत्रले पीडितको सत्य, न्याय र परिपुरणको अधिकार सुनिश्चित गर्दै दिगो शान्ति स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउने लक्ष्य लिएको छ ।

नीति–पत्रमा सर्वप्रथम सत्य अन्वेषणको अवधारणाको चर्चा गर्दै सत्य जान्न पाउने कानुनी संरचनाको उल्लेख गरिएको छ । त्यसपछि संक्रमणकालीन न्यायको अवधारणा र सत्य अन्वेषणवीचको अन्तर-सम्बन्ध हेर्न खोजिएको छ । त्यसैगरी, अन्य मुलुकमा भएका सत्य अन्वेषण सम्बन्धी अभ्यास र नेपाली अनुभवलाई पनि हेर्न खोजिएको छ । र अन्तमा, नेपालमा अवलम्बन गरिएको सत्य अन्वेषण सम्बन्धी विधि, प्रक्रिया र अन्वेषणका कार्य प्रभावकारी हुन नसक्नुका कारण औंल्याउँदै सत्य अन्वेषणको मार्गचित्र प्रस्तुत गरिएको छ ।

[7] ०७०–*WS*–००५०, ने.का.प. २०७१, अङ्क १२, नि.नं. ९३०३ ।

[8] यस संशोधनसम्बन्धी विस्तृत जानकारीका लागि *https://hr.parliament.gov.np/uploads/attachments/xtiprcyv7hi2jbp4.pdf* हेर्नुहोस् । २९ नोभेम्बर २०२४ मा हेरिएको ।

## २. सत्य अन्वेषणको अवधारणा

द्वन्द्वोत्तर समाजले हिंसा र पीडाको विरासत बोकेको हुन्छ । त्यसलाई यथोचित रुपमा सम्वोधन नगरी कानूनको शासन, मानव अधिकार र लोकतन्त्रको अनुभूति गर्न सकिदैंन । समाजले आफ्नो विगतलाई कसरी बुझ्दछ र त्यसलाई कसरी सम्वोधन गर्दछ भन्ने कुराले लोकतन्त्र, शान्ति, स्थायित्व र सामाजिक रूपान्तरणको भविष्य तय हुने गर्दछ[9] । विगतमा भएका ज्यादती, संरचनागत हिंसा र अन्यायको प्रवृत्ति, प्रकृति, कारण र प्रभावको यथार्थ उजागर नभएसम्म अग्रगामी सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरण सम्भव हुँदैन । त्यसैले द्वन्द्वोत्तर समाजमा विगतमा भएका घटनाहरुको सत्यको खोजी गर्ने, विगतलाई सोही अनुसार नियाल्ने र त्यसैको आधारमा भविष्यको मार्गचित्र तय गर्ने गरिन्छ ।

सत्यको खोजी धेरै पहिल्येदेखि नै दार्शनिक अनुसन्धानको विषय बन्दै आएको छ । *Aristotle* ले आफ्नो *Metaphysics* भन्ने पुस्तकमा सत्यको खोजी अनुरूपताको सिद्धान्त *(Correspondence Theory)* मा आधारित भई गर्नुपर्ने भनेका छन् भने *John Locke* ले सन् १६८९ मा प्रकाशित गरेको कृति, *An Essay Concerning Human Understanding,* मा अनुभववाद *(Impericiasm)* मा आधारित भई सत्यको खोजी गरिनुपर्ने दृष्टिकोण अघि सारेका छन् । त्यसरी नै, *William James* ले सन् १९०७ मा सत्यको व्यवहारिक सिद्धान्त *(Pragmatic Theory of Truth)* का आधारमा सत्यको खोजी गरिनुपर्ने विचार प्रस्तुत गरेका छन् । साथै, *Michel Foucault* ले सन् १९६९ मा *The Archeology of Knowledge* भन्ने पुस्तकमा सत्यलाई सामाजिक र ऐतिहासिक परिप्रेक्ष्यमा विश्लेषण गर्नुपर्ने मान्यता अघि सारेका छन् ।

यसका अलावा विभिन्न धार्मिक परम्परामा समेत सत्यको खोजि गर्ने विधि विकास गरिएको पाइन्छ । धार्मिक ज्ञान मिमांशामा प्रायजसो सत्यको स्वरूप, त्यसलाई प्राप्त गर्ने उपाय र मानव जीवनसँग सत्यको सम्बन्धका बारेमा तर्कसङ्गत अनुसन्धान, रहस्यवादी अनुभव वा सदाचार र नैतिकतासँग जोड़ेर हेरेको पाइन्छ । उदाहरणका लागि हिन्दु धर्मले ब्रम्हलाई परम सत्यको रुपमा वर्णन गर्दछ र त्यसलाई आत्मचिन्तन र ध्यानद्वारा प्राप्त गर्न सक्ने भनिएको छ[10] । भागवत गीतामा ज्ञानवोधलाई सत्य प्राप्त गर्ने उपायका रूपमा प्रस्तुत गर्दै यसका लागि बौद्धिक अनुसन्धान र आध्यात्मिक चिन्तन आवश्यक पर्ने तर्क गरिएको छ[11] ।

नेपाली परम्परामा रहेको विभिन्न दार्शनिक परम्परा मध्ये सांख्य दर्शन पनि एक हो जसले कुनै पनि घटनालाई स्वतन्त्र रुपमा नहेरी कार्य-कारण सम्बन्धका आधारमा हेर्दछ । यसलाई महर्षि कपिलले

---

[9] *Jeremy Serkin, (2000) 'Promoting justice, truth and reconciliation in transitional societies: Evaluating Rwanda's approach in the new millennium of using community-based Gacaca tribunals to deal with the past'. International Law FORUM du droit international 2(2):112-121.*

[10] *Radhakrishnan S., The Principal Upanishads, George Allen & Unwin Ltd., London, Harper India (1953).*

[11] Easwaran E., The Bhagavad Gita, Nilgiri Press (2007).

सत्कार्यवाद भनेका छन् । यो दर्शन अनुसार कुनै पनि कार्य स्वतन्त्र रुपमा उत्पन्न हुने नभै त्यसको पछाडि निश्चित कारण विद्यमान हुन्छ । कार्य सदा कारणको विस्तार मात्र हो[12] भन्ने मान्यता यसले राखेको पाईन्छ ।[13] द्वन्द्वोत्तर सत्य-अन्वेषणको सन्दर्भमा, यो दर्शनका आधारमा हेर्ने हो द्वन्द्वका क्रममा भएका हिंसा स्वतन्त्र घटनाहरू होइनन्, बरु दीर्घकालीन राजनीतिक बहिष्करण,संरचनागत असमानता र दण्डहीनताका परिणाम हुन् भन्ने निष्कर्ष निक्लन्छ । सत्कार्यवादले सत्य-अन्वेषण गर्दा केवल के भयो भन्नेमा सीमित नभै, किन भयो भन्ने प्रश्नमा गहिरो छानबिन गर्न सुझाव दिन्छ । अर्थात अर्को शब्दमा भन्दा त्यस्तो सत्य-अन्वेषण सतही कुरामा मात्र सीमित नभई द्वन्द्वका मूल कारणलाई सम्बोधन गर्नुपर्दछ भन्ने मान्यता यसमा रहेको पाईन्छ ।

त्यसरी नै, बौद्ध दर्शनको केन्द्रिय अवधारणाका रुपमा रहेको प्रतीत्यसमुत्पाद *(Dependent origination)* को सिद्धान्तले –"यो हुँदा त्यो हुन्छ; यो उठ्दा त्यो उठ्छ" भन्दछ[14] । यसले देखाउँछ कि दुःख र हिंसा कुनै एकल कारणबाट होइन, बरु परस्पर आश्रित अवस्थाहरू–अविद्या, तृष्णा र उपादानबाट उत्पन्न हुन्छन् ।[15] द्वन्द्वपश्चातको् समाजमा यो शिक्षाले के देखाउँछ भने हंसा केवल व्यक्तिको दोष मात्र होइन; बरु राज्य दमन, विद्रोही हिंसा, र अविश्वासका चक्रहरू मिलेर बनेको परिणाम हो । नेपालको संक्रमणकालीन न्याय प्रक्रिया अन्तरगत सत्यको खोजी गर्दा बौद्ध दर्शनमा निहित प्रतीत्यसमुत्पादको सिद्धान्तलाई अपनाएर हेरिने हो भने यो प्रक्रियाले व्यक्तिगत जवाफदेहिताका अतिरिक्त संरचनागत र सम्बन्धगत कारणहरू समेत उजागर गर्न मद्दत गर्न सक्तछ । यसले सत्य-अन्वेषणलाई विस्तृत र संरचनागत न्यायको बाटोमा पुऱ्याउँछ । यसले अन्धविश्वासको सट्टा आलोचनात्मक चेतले विषयवस्तुको परीक्षण गर्ने विपश्यना ध्यान अभ्यास अनुरुप सत्यको खोजी गर्न प्रेरित गर्दछ[16] ।

ईस्लाम धर्मले सत्यलाई अल्लाहको मौलिक विशेषताको रूपमा परिभाषित गरेको छ *(Quran 2.2)*। ईस्लाम धर्ममा तर्कलाई ज्ञानको परिपूरक श्रोतको रूपमा उल्लेख गर्दै प्रत्यक्ष अनुभवबाट सत्य पत्ता लगाउन सकिने धारणा अवलम्बन गरिएको पाइन्छ[17] । ईसाई धर्मले सत्यलाई *Jesus Christ* सँग जोड़ेर हेरेको छ । *Yuhanna 14.6* ले "म नै सत्य, बाटो र जीवन हुँ" भनेको छ[18] ।

यसरी हेर्दा सत्यलाई ईस्लाम र ईसाई धर्मले दैवी प्राधिकारका रूपमा लिएको पाईन्छ भने बौद्ध र हिन्दु धर्मले प्रत्यक्ष रूपमा गरिएको अनुभवद्वारा भोगिएको सत्यलाई प्राथमिकता दिएको पाइन्छ । यद्यपि यी सबै धर्ममा नैतिक आचरणलाई भने सत्य प्राप्तिको आधार मानिएको छ । सत्यको खोजिको यो अभ्यास धार्मिक र दार्शनिक चिन्तनबाट थप विकसित हुँदै संक्रमणकालीन न्यायको सन्दर्भमा प्रयोग भएको पाइन्छ ।

---

12 *Larson, Gerald James. Classical Sāṁkhya: An Interpretation of Its History and Meaning. Motilal Banarsidass, (1969)*
13 *Kapila.* Sāṃkhya Kārikā. *Translated by Swami Virupakshananda, Sri Ramakrishna Math, (1995)*
14 *Samyutta Nikāya. Translated by Bhikkhu Bodhi, Wisdom Publications, (2000)*
15 *Rahula, Walpola. What the Buddha Taught. Grove Press, (1974)*
16 *Rahula W., What the Buddha Taught, Oneworld Publications, Oxford (1959).*
17 *Ernst Carl W., An Introduction to the Mystical Tradition of Islam, Boston Mass; London: Sambhala (2007).*
18 *The Holy Bible, New International Version (NIV), Biblica Inc. (2011).*

सत्य अन्वेषणका विभिन्न उद्देश्य र आयाम हुन सक्दछन् । द्वन्द्वकालको यर्थाथ र साझा तथ्य स्थापना गर्ने प्रमुख उद्देश्य त्यस मध्येको एक हो ।[19] सत्य अन्वेषण न्यायिक वा गैर-न्यायिक दुवै तवरबाट गर्न सकिन्छ । न्यायिक सत्य अन्वेषणले व्यक्तिगत फौजदारी जवाफदेहिता सुनिश्चित गर्ने प्रमाणको खोजीमा जोड़ दिएको हुन्छ । त्यसैगरी गैर-न्यायिक सत्य अन्वेषण प्रक्रियाले द्वन्द्व र मानव अधिकार उल्लङ्घनका कारण, परिस्थिति, सन्दर्भ र संरचनात्मक पृष्ठभूमि केलाउँदै व्यक्तिगत र संस्थागत जिम्मेवारी यकिन गरी विगतमा भएका अन्याय र ज्यादतीको समग्र ऐतिहासिक लेखाजोखा गर्दछ । यसरी गैर-न्यायिक सत्य अन्वेषण प्रक्रियाले फौजदारी न्याय प्रणालीले भन्दा धेरै फरक र व्यापक तवरले सत्य स्थापना गर्न सफल भएको पाईन्छ ।

## २.१. सत्यको अर्थ र आयाम

सत्यलाई कसरी परिभाषित गर्ने वा सत्य के हो भन्ने विषयमा समान दृष्टिकोण रहेको पाईदैंन । सत्य र तथ्य हेर्दा उस्तै उस्तै देखिए पनि यी दुई फरक अवधारणा हुन । तथ्य प्रत्यक्ष देख्न सकिने प्रकृतिको हुन्छ भने सत्य अनुभवजन्य कुरा मात्र पनि हुन सक्दछ । घटना विशेषको बारेमा भोग्ने व्यक्तिले व्यक्त गरेको सत्य अनुभवजन्य सत्य हो भने अदालतद्वारा आरोप प्रमाणित गर्ने सन्दर्भमा ग्रहण गरिने प्रमाणयोग्य तथ्य कानुनी सत्य हो । त्यसरी नै, कुनै घटना विशेषको बारेको सामाजिक बुझाई सामाजिक सत्य हो ।

सत्य अन्वेषणको कार्यको सन्र्दभमा समान्यतया दुई प्रकारका सत्यका आयाम देखा पर्दछन् । सुक्ष्म सत्य *(Micro Truth)* जसले कुनै एक घटना विशेषको बारेमा मिहिन रूपमा बताउँछ भने विस्तारित सत्य *(Macro Truth)* ले फराकिलो ढङ्गले सन्र्दभ, ढाँचा र घटनाबीचको सम्बन्धलाई उजागर गर्दछ । कानुनी र सामाजिक सत्य स्थापनाको लागि सुक्ष्म र व्यापक सत्यको खोजी गर्नुपर्दछ । त्यसैले सत्य अन्वेषणमा न्यायिक र गैर-न्यायिक दुवै उपायलाई उत्तिकै महत्व प्रदान गर्ने गरिन्छ । प्रारम्भमा न्यायिक सत्यको मात्र अभ्यास गर्दा त्यसले केवल कानुनी सत्य मात्र स्थापित गरेकाले[20] सन् असीको दशक पछि सामाजिक सत्य, पुर्नस्थापकीय सत्य र परिपूरणीय सत्य र कतिपय अवस्थामा कानूनी सत्य स्थापना गर्न गैर-न्यायिक सत्य अन्वेषण प्रक्रियाको शुरुवात गरिएको पाईन्छ । तर यी एक अर्काको प्रतिस्पर्धी नभै परिपुरककै रूपमा रहेका हुन्छन् । त्यसैले पछिल्लो समयमा सत्य अन्वेषणमा न्यायिक र गैर-न्यायिक दुवै उपाय अपनाउन थालिएको पाइन्छ ।

द्वन्द्वोत्तर समाजमा व्यक्तिपिच्छे सत्यका आ-आफ्नै बुझाई हुन्छन् । यसले सत्यका विभिन्न आयाम र प्रतिस्पर्धी संस्करणहरु तयार गर्दछ । बुझाईको यहि भिन्नताले समाजलाई थप द्वन्द्वमा धकेल्ने खतरा

[19] *Priscilla B. Hayner, Unspeakable Truth, (2001) Routledge, New York and London 24.*
[20] उदाहरणका लागि न्युरेम्वर्ग र टोकियो ट्रायलको अनुभवलाई लिन सकिन्छ ।

समेत रहन सक्छ ।[21] त्यसैले विगतलाई समग्रमा बुझ्न र त्यो बुझाईमा एकरूपता वा साझा धारणा बनाउन सत्यको खोजी गरिन्छ ।

दार्शनिक र राजनीतिशास्त्रीहरुले सत्यलाई विभिन्न ढंगले परिभाषित गर्ने र यसको निर्क्यौलको प्रक्रिया र उपायहरु सुझाएको पाइन्छ । जर्मन दार्शनिक *Jurgen Habermas* ले सत्यलाई तथ्यपरक सत्य, भावनात्मक सत्य र इमानदारीपुर्वक व्यक्त गरिएको सत्य भनि तीन प्रकारमा विभाजन गरेका छन् ।[22] सत्य अन्वेषणका क्रममा उल्लेखित तीनवटै पक्षहरूमा ध्यान दिई आयोगले सत्य अन्वेषण गर्दा साझा तथ्य स्थापना गर्न मद्दत पुऱ्याउनसक्दछ ।

नेपाली सन्दर्भमा शान्ति प्रक्रियाको रूपरेखा कोर्ने दुई महत्वपूर्ण दस्तावेज, विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानले सत्य अन्वेषणमा विस्तारित सत्य *(Macro Truth)* र सुक्ष्म सत्य *(Mircro Truth)* न्यायिकसत्य *(Legal Truth)* र वैयक्तिक सत्य *(Personal Truth)* लगायतका सत्यका आयामहरू समाविष्ट सत्य अन्वेषण प्रक्रिया अपनाउने उद्देश्य राखेको देखिन्छ ।

विस्तारित सत्यले द्वन्द्वका समग्र पाटालाई समेट्दछ भने सुक्ष्म सत्यले खास घटनाका सम्बन्धमा तथ्य उजागर गर्ने काम गर्दछ । त्यस्तै, न्यायिक सत्य अदालतमा परीक्षण हुने विषय हो भने वैयक्तिक सत्य अन्तर्गत पीडित र तीनका परिवारजनका अनुभव समेट्ने गरिन्छ ।

## २.२. सत्य अन्वेषणको उद्देश्य

सत्य अन्वेषणका सामाजिक, कानूनी, आर्थिक र राजनैतिक उद्देश्य रहन सक्दछन् । सत्य अन्वेषण अन्तर्गत द्वन्द्वका कारण तथा प्रभाव पहिचान गरी यसबारे सामाजिक स्तरमा जानकारी गराउने, द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लङ्घनका कारण र प्रभावको अभिलेखिकरण गर्ने, पीडित र पीडकको पहिचान गर्ने, पीडितलाई न्याय र परिपुरण प्रदान गर्न मार्ग प्रशस्त गर्ने र समाजमा मेलमिलापको वातावरण सृजना गरी दिगो शान्ति हासिल गर्ने नै हो, जसलाई सत्य निरूपण प्रक्रिया सम्बन्धी कैयन् अध्ययनले पुष्टि गरिसकेका छन् ।[23] सत्य अन्वेषण प्रक्रियाले विगतका अन्याय र हिंसाको ऐतिहासिक श्रृंखलाको यथार्थ उजागर गर्ने उद्देश्य राखेको हुन्छ । द्वन्द्वमा के भएको थियो, द्वन्द्व किन भएको थियो, कसरी भएको थियो र को जिम्मेवार थियो भन्ने सत्यतथ्यको अभिलेख तयार गरी त्यसको जानकारी

[21] उदाहरणका लागि मिति २०८१-५-१२ मा ने.क.पा. (एमाले) का सांसद योगेश भट्टराईले सशस्त्र द्वन्द्वलाई हिंसा भनी सम्बोधन गरेको र ने.क.पा. ( माओवादी केन्द्र) को त्यस उपरको प्रतिकारले संसदको पछिल्लो अधिवेशनमा निक्कै गर्मागर्मीको वातावरण नै सृजना गरिदिएको थियो।

[22] *Lambert Zuidervaart (2012, ) HOW NOT TO BE AN ANTI-REALIST: HABERMAS, TRUTH, AND JUSTIFICATION , Philosophia Reformata, Vol. 77, No. 1 (2012), pp. 1-18 ( available online at Jstor : https://www.jstor.org/stable/pdf/24710029.pdf?refreqid=fastly-default%3A37d9ede00977b68ffe1181834538c12f&ab_segments=0%2Fbasic_search_gsv2%2Fcontrol&initiator=search-results&acceptTC=1, accessed on 02 December 2024.*

[23] *LM Olson, (2006), 'Provoking the dragon on the patio. Matters of transitional justice: Penal repression vs amnesties', International Review of the Red Cross, Volume 88, Number 862.*

सम्बन्धित व्यक्ति र सिङ्गो समाजलाई गराउने विषय नै सत्य अन्वेषण प्रक्रियाअन्तर्गत समावेश हुने मुख्य विषय हुन् ।

सत्य कुन उद्देश्यका लागि खोजी गर्ने भन्ने कुरा सम्बन्धित मुलुकको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक लगायतका परिस्थतिले निर्धारण गर्दछ । तथापि यस सम्बन्धमा अधिकांश सत्य अन्वेषण प्रक्रियाले देहायका तीनवटा उद्देश्यलाई आधार बनाएको पाईन्छ ।[24]

१. सामान्यतया द्वन्द्वका घटना विवादित हुन्छन् र सहजै स्वीकार गरिदैनन् । त्यसैले सत्यको खोजीको क्रममा त्यस्ता घटना घटाउने ऐतिहासिक, सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक परिदृश्य समेतलाई केलाउनु उपयुक्त ठानिन्छ र सोहीअनुरुप सत्य अन्वेषण प्रक्रियाको कार्यादेशलाई फराकिलो बनाइन्छ ।

२. सत्यको खोजी गर्दा पीडित र पीडितका परिवारलाई स्वीकार, सम्मान, संरक्षण र सशक्तिकरण गर्ने उद्देश्य राखिन्छ । पीडित तथा पीडितका परिवारसँग सत्य अन्वेषण प्रक्रियाले केवल सूचनादाताको सम्बन्ध मात्र नराखी लाभग्राही र साझेदारका रूपमा हेर्नु पर्दछ । निजहरूका भोगाई र अनुभव साँच्चिकै पहिचानयोग्य र सम्मानजनक छन् भन्ने सन्देश सत्य अन्वेषण प्रक्रियाले सुनिश्चित गर्न सकेको खण्डमा मात्र यो प्रक्रिया पीडित केन्द्रित बन्न पुग्दछ ।

३. स्थापित सत्यले नीति-निर्माणलाई पृष्ठपोषण गर्ने उद्देश्य राख्नु पर्दछ र यसले समूह तथा संस्थालाई आफ्ना व्यवहार बदल्न अभिप्रेरित गर्नु पर्दछ । यस्तो प्रकारको सत्य स्थापनाले सामाजिक र राजनीतिक रूपान्तरणलाई सहज बनाउछ । सत्य अन्वेषणले मानव अधिकार उल्लङ्घन र ज्यादती *(Violations and Abuses)* का कारण पहिल्याई त्यसलाई सम्वोधन गर्ने उपाय सुझाउनु सक्नुपर्दछ । जसले भविष्यमा यस्ता कार्यहरुको पुनरावृत्ति रोक्न मद्दत गरोस् ।

सत्य अन्वेषणको अर्को अभिष्ट सामाजिक रूपान्तरण पनि हो । सामाजिक रूपान्तरण बिनाको संक्रमणकालीन न्याय औचित्यहीन हुने कुरा दक्षिण अफ्रिका र सियरा लियोन जस्ता मुलुकका अभ्यासले देखाएका छन् ।[25] सामाजिक रूपान्तरणको लामो समयसम्मको सुस्त प्रगतिले सङ्क्रमणकालीन न्याय प्रक्रियाउपर नै दक्षिण अफ्रिकामा प्रश्न उठेको छ भने विगतका द्वन्द्वको आधारभूत कारणलाई पर्याप्त रूपमा सम्वोधन नगरेको र सुशासन तथा राजनीतिक जवाफदेहिताको विषयलाई सत्य अन्वेषण प्रक्रियाअन्तर्गत समावेश नगरेको भन्ने सियरा लियोनलाई लाग्ने गरेको आक्षेप नै छ । यसैलाई आत्मसात गरेर द्वन्द्वका आधारभूत कारणलाई सम्वोधन गर्ने कुरा नेपालले पनि ऐनको पछिल्लो संशोधनमार्फत् समावेश गरेको देखिन्छ ।

---

[24] *Eduardo Gonzalez and Howard Varney, (2013, p.9.), Truth Seeking: Elements of Creating an Effective Truth Commission, Amnesty Commission of the Ministry of Justice of Brazil.*

[25] *Friederike Mieth, (2018) Transitional Justice and Social Transformation: Reflections from Sierra Leone and South Africa, Swiss peace, http://www.jstor.com/stable/resrep20119.6, accessed 03 December 2024.*

सत्य अन्वेषण न्यायिक वा गैर-न्यायिक दुवै तरिकाले गर्न सकिन्छ ।[26] न्यायिक प्रक्रिया निश्चयात्मक सबुद प्रमाणको सिद्धान्तमा आधारित एक जटिल प्रक्रिया हुने भएकाले यसबाट सामाजिक सत्य स्थापित हुन सक्दैन । त्यसैले सन् १९८० को दशकदेखि गैर-न्यायिक संयन्त्र अर्थात् सत्य आयोगको माध्यमबाट सत्य अन्वेषण गर्ने अभ्यास हुँदै आएको देखिन्छ । न्यायिक निकायले प्रभावकारी तवरले सत्य अन्वेषण गर्न नसकेको उदाहरणका रूपमा पूर्व युगोस्लाभिया र रूवाण्डाका लागि संयुक्त राष्ट्र संघद्वारा स्थापित युद्ध अपराध न्यायाधिकरणहरूलाई लिन सकिन्छ । तीनले न न्यायको माग पूरा गर्न सके नत सत्यको स्थापना नै । स्रोत साधनको अभावले लाखौंको संख्यामा भएका गम्भीर अपराधमध्ये केही दर्जन मुद्दा मात्र अदालत समक्ष पुगेको एकातिरको यथार्थ हो भने न्यायाधिकरणमै पुगेका बहुसंख्यक मुद्दामा पनि प्रमाणको अभावको कारण गम्भीर अपराधका आरापीसमेत छुट्न पुगेको अर्कोतिरको अवस्था हो । वास्तवमा यसले राष्ट्रिय मेलमिलापलाई समेत नकारात्मक प्रभाव पारेको देखिन्छ ।

## २.३. सत्य अन्वेषणका सिद्धान्त

सत्य अन्वेषणको कुनै विशिष्ट र एक मात्र सिद्धान्त हुने भन्ने होइन । सत्य अन्वेषणसँग सम्बन्धित विभिन्न दार्शनिक दृष्किोणको आधारमा सत्यलाई अनुरूप वा मिलाप सिद्धान्त, सुसंगत वा सङ्गति सिद्धान्त, व्यवहारिक सिद्धान्त, रचनात्मक सिद्धान्त र न्यूनतमी सिद्धान्त भनि परिभाषित गरेको पाईन्छ ।[27]

सामान्यतया सत्य अन्वेषण प्रक्रियाले मोटामोटीरुपमा तीन प्रकारका सिद्धान्तहरूलाई *(Theories)* आत्मसात गरेको पाईन्छ । जसमा मिलाप सिद्धान्त *(Correspondence Theory),* सङ्गति सिद्धान्त *(Coherence Theory)* र व्यवहारिक सिद्धान्त *(Pragmatic Theory)* मुलरूपमा पर्दछन् ।[28]

कुनै कुराको यथार्थपरक प्रस्तुति नै सत्य हो भन्ने मान्यता मिलाप सिद्धान्तले राख्दछ । यो सिद्धान्त अनुसार तथ्यको प्रकटीकरण अथवा तथ्यसँग मेल खाने विषयवस्तु नै सत्य मानिन्छन् । यथार्थपरक वा वास्तविकतासँग मेल खाने तथ्य नै सत्य हो भनि मिलाप सिद्धान्तले परिभाषित गर्दछ । घटनाले वस्तुगत प्रमाणसँग मेल खाएमा द्वन्द्वका क्रममा घटेका घटनाहरू किन र कसरी घटे भन्ने तथ्य स्थापित हुन्छ, त्यो नै मिलाप सिद्धान्त अनुसार सत्य हो । अतः द्वन्द्व किन घटित भएको थियो भन्ने सन्दर्भको यथार्थपरक विवरण यस सिद्धान्तले अपेक्षा गर्दछ । मिलाप सिद्धान्तलाई द्वन्द्वपछिको वास्तविकता खोज्ने कार्यमा अत्यन्त प्रभावकारी मान्ने गरिन्छ, जसले भौतिक प्रमाण र सत्यताको वैधता *(Validity)* सुनिश्चित गर्न मद्दत गर्दछ । मिलाप सिद्धान्त अनुसार सत्य केवल अनुभवजन्य विषय मात्र नभै चिन्तन *(Thought)* मा आधारित विषयवस्तु र कुनै कुराका विषयमा सत्य हो भनि बनाइने एक निश्चित दृष्टिकोणजन्य अवधारणा

[26] *See Olson (n 12 above), 282*

[27] *Lynch, Michael P. (2009), Truth as One and Many, Oxford University Press. Blackburn, Simon (2005), Truth: A Guide, Oxford University Press. Russell, Bertrand (1912), The Problems of Philosophy, Oxford University Press. James, William (1907), Pragmatism: A New Name for Some Old Ways of Thinking, Longmans, Green & Co.*

[28] *Simon Blackburn, Truth: A Guide, Oxford University Press, 2005.*

पनि हो । तर सत्य सम्बन्धी यस दृष्टिकोण केवल अनुभवजन्य प्रमाणमा मात्र भर पर्ने भएकाले यसले केही अमूर्त *(Abstract)* र मूल्यमान्यतामा आधारित *(Value-based)* विषयवस्तुको सत्यतालाई सम्बोधन गर्न भने सक्दैन ।

त्यसरी नै, समष्टी *(Whole)* सँग हुबहु मेलखाने प्रसङ्गहरू सङ्गति सिद्धान्त अर्न्तगत सत्य मानिन्छन् । तसर्थ तार्किक एकरूपता मात्र नभई कुनै एक कुराले अर्को कुरालाई पारस्परिक समर्थन गर्नुपर्ने विषय सङ्गतिपूर्ण प्रणालीमा अपेक्षित मानिन्छ । यस्ता घटनाका सहभागी वा अन्वेषण विधिद्वारा चयन गरिएका सूचना दाताद्वारा उद्घाटित तथ्यलाई नै त्यसपछि सत्य मानिएको हुन्छ । साथै यस किसिमका खोजहरूलाई जब सङ्गत प्रणालीसँग तुलना गरेर हेरिन्छ, तब त्यसले सत्यको रूपमा समर्थन प्राप्त गर्ने हुन्छ ।

व्यवहारिक सिद्धान्त मुलतः मिलाप सिद्धान्त र सङ्गति सिद्धान्तबीचको खाड़ल पुर्ने उद्देश्यले निर्माण भएको मानिन्छ । व्यवहारिक सिद्धान्तवादीहरूका अनुसार खोजीको अभ्यास गरिएमा सत्य अनुभवबाट प्राप्त हुन्छ र त्यसलाई परिणामबाट मात्र परीक्षण गर्न सकिन्छ । हिंसात्मक द्वन्द्वपछि गरिने सत्यको अन्वेषणले तुलनात्मक रूपले विस्तारित अनुसन्धानको माग गर्दछ । यसमा के भएको थियो भन्ने सम्बन्धमा सबैखाले दृष्टिकोणहरू समेटिने र कुनै विश्वस्त प्रणाली वा जबरजस्त भाष्यका रूपमा स्थापित “असत्य” मानिएका बुझाई समेतलाई चिर्दै संकलित तथ्य तथ्याङ्कलाई पुर्नःपुष्टि गर्ने जस्ता विषय समावेश रहेका हुन्छन् । सत्य अन्वेषण प्रक्रिया अन्तर्गत द्वन्द्व घटित भएको स्थान विशेषको यथार्थपरक अभिव्यक्तिको खोजी, मूल्याङ्कन र विश्लेषण गर्ने गरिन्छ । साथै, यस सिद्धान्त अर्न्तगत सबैखाले दृष्टिकोणको समालोचना एवं शक्ति सम्बन्ध तथा निरन्तर रूपमा गरिने रणनैतिक प्रतिरोधले कसरी व्यक्तिका दृष्टिकोणलाई विकृत तुल्याएका हुन्छन् भन्ने कुराको लेखाजोखा गर्ने कुरा समेत समावेश गरिएको हुन्छ ।[29]

महर्षि गौतमद्वारा ईसापूर्व दोस्रो शताब्दीमा रचित न्यायसूत्रले सत्य अन्वेषणका केही आधारभूत तत्वहरू औंल्याएको छ । यसको पहिलो सूत्र (१.१.१) ले सत्य अन्वेषणका आधारहरु प्रमाण (सही ज्ञान प्राप्त गर्ने साधन), प्रमेय (ज्ञानको विषयवस्तु), र संशय (सन्देह) को वारेमा चर्चा गरेकोछ[30]।

यसले प्रमाणलाई सत्य-अन्वेषणको मेरुदण्ड मान्दछ र यसले चार प्रमाणलाई मान्यताको रूपमा विकास गरेको छ । जसअनुसार प्रत्यक्ष, अनुमान, उपमान र शब्द । यी प्रमाणका माध्ययमबाट सही ज्ञानलाई असत्यबाट छुट्टयाउन मद्दत गर्छ भन्ने मान्यता यसमा रहेको पाईन्छ । न्यायसुत्र अनुसार प्रत्यक्ष अवलोकन, तर्कद्वारा अनुमान, तुलना, र विश्वसनीय प्रमाणद्वारा पुष्टि–यी सबै सत्यमा पुग्ने उपकरण मानिन्छन् ।

त्यसरी नै दास्रो, प्रमेय भन्नाले जान्न खोजिएको विषयवस्तुलाई जनाउँछ । न्यायसूत्रमा प्रायः आत्मा, शरीर, इन्द्रिय, मन, बुद्धि, क्रिया, दोष, पुनर्जन्म, कर्मफल, दुःख, र मोक्ष लगायतका प्रमुख

---

[29] *Ibid.*
[30] स्वामी दर्शनानज्दजी सरस्वती, *न्याय दर्शन,* पुस्तक मन्दीर, मथुरा, ( १९६०)

प्रमेयहरूको सूची दिइएको छ । यसले सत्य-अन्वेषणलाई ठोस र स्पष्ट वस्तुहरूमा केन्द्रित गर्दै खोजलाई व्यापक र अनिश्चित दार्शनिक अड्कलबाट जोगाउन मद्दत गर्दछ ।

तेस्रो संशय वा सन्देहलाई न्याय सुत्रले कमजोरीका रुपमा होईन कि अनुसन्धानको प्रारम्भिक आधारका रूपमा हेर्दछ । जब कुनै वस्तु वा घटना दुई वा बढी तरिकाले बुझ्न सकिन्छ, त्यतिबेला संशय उत्पन्न हुन्छ–जस्तै टाढाबाट देखिएको वस्तु डोरी हो कि सर्प भन्ने अनिश्चितता यसरी उत्पन्न भएको संशयले प्रमाणहरूको प्रयोगलाई प्रेरित गर्छ र अन्ततः सही ज्ञानसम्म पुऱ्याउँछ ।

यसरी संशय-प्रमेय-प्रमाणलाई एक प्रकारको चक्र मान्न सकिन्छ । जव संशय उत्पन्न हुन्छ, त्यसलाई बुझ्न प्रमेय (विषयवस्तु) निश्चित गरिन्छ, र त्यसपछि प्रमाण (ज्ञान प्राप्त गर्ने साधन) प्रयोग गरेर सत्यलाई थप पुष्टि गरिन्छ । यो पद्धति आधुनिक अनुसन्धान वा न्यायिक सत्य-अन्वेषणसँग मिल्दोजुल्दो छ, किनकि यसले प्रश्नलाई स्पष्ट रूपमा उठाउने, विषयलाई परिभाषित गर्ने, र प्रमाण-आधारित निष्कर्षमा पुग्ने प्रक्रियालाई आत्मसात गरेको पाईन्छ ।

## ३. सत्य जान्न पाउने अधिकारको कानूनी संरचना

विगतमा भएका मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका सम्बन्धमा मानव अधिकारको गम्भीर उल्लङ्घनका पीडित र तीनका परिवार लगायत समाजका अन्य सदस्यले पनि सम्पूर्ण सत्य/तथ्य जान्न जान्न पाउनु पर्दछ । यस सम्बन्धमा आ–आफ्नै अन्तर्राष्ट्रिय र राष्ट्रिय मापदण्ड निर्धारण भएको पाईन्छ ।

## ३.१ अन्तर्राष्ट्रिय कानून

अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनको गम्भीर उल्लङ्घनका पीडितहरू र तिनीहरूका परिवारहरूलाई प्रभावकारी उपचारको अधिकार हुन्छ ।[31] यसमा उल्लङ्घनका घटनाहरू घट्नुका कारण तथा दोषीहरूको पहिचान लगायतका बिषयका बारेमा सत्य जान्न पाउने अधिकार समावेश रहेको पाईन्छ ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले पीडितले प्रभावकारी उपचार प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । यस अर्न्तगत सूचना प्राप्त गर्ने अधिकार र उचित प्रक्रियाको अवलम्बन समेत पर्दछ । मानव अधिकारसम्वन्धी विश्वव्यापी घोषणापत्रको धारा १९ द्वारा प्रदत्त सुचनाको हक[32] जेनेभा महासन्धिको दोस्रो ऐच्छिक आलेख र बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय

[31] *UNGA, A/HRC/RES/21/7, adopted by the 36th meeting, dated 27 September 2012.*

[32] *The right to know the truth about past human rights violations derives from the more general right of access to information, contained within the right to "seek, receive and impart information" which is guaranteed by Article 19 of the Universal Declaration of Human Rights. For details see ARTICLE 19 and the Right to Truth, http://www.article19.org/pdfs/press/article-19-and-the-right-to-truth.pdf, Accessed on 12 December 2024.*

महासन्धि जस्ता अन्तर्राष्ट्रिय महासन्धिहरूले निश्चित तथ्यहरू जान्न पाउने अधिकारको सुनिश्चितता गरेको पाईन्छ ।

त्यसरी नै, सत्यको अधिकारका सम्बन्धमा एक प्रस्ताव पारित गर्दै संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१२[33] मा अन्तर्राष्ट्रिय समुदायले मानवअधिकारको गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका पीडितहरूको अधिकार, र उनीहरूको परिवार र समाजलाई समग्र रूपमा स्वीकार गर्न, त्यस्ता उल्लङ्घनहरूको पूर्ण हदसम्म सत्यतथ्य जान्नको लागि प्रयास गर्नुपर्ने कुराको महत्वमा जोड दिदै विशेषतः सत्यको अधिकार अन्तर्गत त्यस्ता उल्लङ्घनका कारण र तथ्य जान्न पाउने कुरा, ती घटनाका परिस्थितिका बारेमा थाहा पाउने कुरा, र त्यस्ता अपराधमा संलग्न पीडकका बारेमा थाहा पाउने बिषय समावेश हुनुपर्ने शर्त राखेको पाईन्छ ।

उपरोक्त प्रवन्धहरूबाट के स्पष्ट हुन्छ भने सत्यको अधिकार पीडित र तीनका परिवारजनमा मात्र सीमित नभई त्यस्तो सत्य र तथ्य समाज, राष्ट्र र अन्तर्राष्ट्रिय समुदाय समेतले जान्न पाउनु पर्दछ । समाजमा विद्यमान दुर्व्यवहारको संरचना र ढाँचालाई उजागर गर्दै पीडितहरूलाई सम्मान गर्ने र भावी पुस्तालाई सो सम्बन्धी शिक्षा दिएर भविष्यमा त्यस्ता अपराधहरू दोहोरिन नदिने सुनिश्चितता गरिनुपर्ने कुरा सत्यको सार्वजनिकिकरण सम्बन्धी अवधारणा अन्तर्गत पर्ने विषय हुन् । त्यसैले, सत्य जान्न पाउने अधिकार अन्तर्गत वैयक्तिक तथा सामूहिक गरी सत्यका दुवै आयाम निहित रहेका हुन्छन् ।

संयुक्त राष्ट्र संघका धेरै प्रस्तावमा सत्यको अधिकारका सम्बन्धमा स्पष्ट रुपमा उल्लेख भएको पाईन्छ । संयुक्त राष्ट्र संघ महासभाले एक प्रस्ताव पारित गर्दै अन्तर्राष्ट्रिय समुदायलाई मानव अधिकारको गम्भीर उल्लङ्घनका पीडितहरूको अधिकार, उनीहरूको परिवार र समग्र समाजलाई सत्य जानकारी दिने राज्यको दायित्व हुने उल्लेख गरेको पाईन्छ । त्यसैगरी, विभिन्न देशका राष्ट्रिय अभ्यास हेर्ने हो भने ग्वाटेमाला र ब्राजिल जस्ता केही देशहरूले आफ्ना नागरिकहरूको सत्य जान्न पाउने अधिकारलाई कानुनी सुनिश्चितता प्रदान गरेका छन् । सन् १९९४ को ग्वाटेमालाको शान्ति सम्झौताले सत्य जान्न पाउने अधिकारको प्रत्याभूति गरी विगतका दुःखद र पीडादायी घटनाहरूको पुनरावृत्ति नगर्ने र ग्वाटेमालामा प्रजातान्त्रिकरणको प्रक्रियालाई बलियो बनाउने प्रतिवद्धता गरेको थियो ।[34] अन्तर्राष्ट्रिय कानुन र अन्य मुलुकका अभ्यास हेर्दा सत्य जान्न पाउने अधिकार अन्तर्गत निम्न सूचना प्रदान गर्नु राज्यको दायित्व हो ।

(क) मानव अधिकार उल्लङ्घन सम्बन्धी घटनाका कारणहरू,
(ख) उल्लङ्घनको परिस्थिति र अवस्था,
(ग) अन्वेषणको प्रगति र परिणाम,
(घ) उल्लङ्घनकर्ताको पहिचान, र
(ङ) बेपत्ता पारिएको व्यक्तिको अवस्था र जानकारी ।

---

[33] *Resolution 9/11, Right to Truth, UN Human Rights Council, https://ap.ohchr.org/documents/e/hrc/resolutions/a_hrc_res_9_11.pdf* मा उपलब्ध, १२ डिसेम्बर २०२४ मा हेरिएको ।

[34] *National Truth Commission of Brazil (Comissão Nacional da Verdade) created by Law No. 12.528, November 18, 2011, www.planalto.gov.br/ccivil_03/_ ato2011-2014/2011/lei/l12528.htm*

## ३.२ नेपाल कानून

नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । साथै, नेपालको संविधानको धारा २१ ले अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हकको वन्दोवस्त गरेको छ । त्यसरी नै, सोही धाराको उपधारा (२) ले अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपुर्ति सहितको न्याय पाउने हक हुने वन्दोवस्त गरेको पाईन्छ । नेपालको संविधानको धारा ४२(५) ले नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । यसबाट नेपालको संक्रमणकालीन न्यायको दायित्व केवल शान्ति सम्झौताबाट मात्र निर्देशित नभई संविधानद्वारा समेत निरोपित दायित्व भएको स्पष्ट छ । यसका अतिरिक्त शान्ति सम्झौताको धारा ५.२.५ ले सत्य आयोगको स्थापनाको व्यवस्था गरी सत्यको अधिकारलाई स्वीकारेको छ ।

सर्वोच्च अदालतले पनि विभिन्न मुद्दाको रोहमा पीडितको सत्य जान्न पाउने अधिकारको व्याख्या गर्दै सत्यको अधिकार भनेको व्यक्ति वा समाजले मानव अधिकार उल्लङ्घन, विशेष गरी गम्भीर उल्लङ्घनहरू जस्तै वलपुर्वक बेपत्ता पार्ने कार्य, गैरन्यायिक हत्या, र यातनाहरूको सम्बन्धमा सत्य थाहा पाउने अधिकार हुने भनि यो अधिकारको व्यक्तिगत र सामुहिक चरित्रको वारेमा समेत स्पष्ट व्याख्या गरेको पाईन्छ ।[35]

सत्य जान्न पाउने अधिकार सम्बन्धी माथि विवेचित कानूनी प्रवन्धका आधारमा के निष्कर्ष निक्लन्छ भने गम्भीर मानवअधिकार उल्लङ्घनका घटना, मानवीय कानुनको गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय कानून अन्तर्गतका अन्य अपराधहरू–जस्तै यातना, गैरन्यायिक हत्या र जबरजस्ती बेपत्तामा पीडित र निजका आफन्तहरू सत्यको हकदार हुन्छन् । यसका अतिरिक्त, सत्यको अधिकारको सामाजिक आयाम पनि हुन्छ । विगतका जघन्य अपराध घटित हुनमा के-कस्ता परिस्थिति र परिवेश जिम्मेवार रहेका थिए जसका कारण त्यस्ता अपराध हुन गए भन्ने बारे सिङ्गो समाजलाई पनि सत्य जान्न पाउने अधिकार छ ता कि भविष्यमा त्यस्ता घटना र प्रवृत्ति नदोहोरिउन् । सारमा भन्नु पर्दा सत्यको अधिकार अन्तर्गत विगतमा भएका घटना र तिनीहरूको विशिष्ट परिस्थितिहरूका साथै त्यसका कारणहरू तथा त्यस्ता घटनामा संलग्नहरूका बारेमा पूर्ण सत्यता उजागर गर्ने बिषय समावेश भएको हुन्छ ।

---

[35] *राजेन्द्र ढकाल विरुद्ध नेपाल सरकार, नेकाप २०६४, अंक २, नि.नं. ७८१७, सुमन अधिकारी समेत वि. नेपाल सरकार, नेकाप २०७१, अंक १२, नि.नं. ९३०३ र अधिवक्ता विदुर प्रसाद अधिकारी वि. नेपाल सरकार, नेकाप २०७५, अंक ५, नि.नं. १००२*

## ४. संक्रमणकालीन न्यायको अवधारणा र सत्यको खोजी

संक्रमणकालीन न्यायको चर्चा गर्नुपूर्व न्यायको अवधारणाका बारेमा चर्चा हुन वान्छनीय हुन्छ । न्यायको परिभाषा विभिन्न कालखण्डमा विभिन्न ढंगले गरिएको छ । प्लेटोले आफ्नो चर्चित कृति *The Republic* मा न्यायलाई केवल कानूनी आज्ञाको रुपमा मात्र नभई व्यक्तिको आत्मा र राज्य दुवैमा सन्तुलन कायम गर्ने सिद्धान्तको रुपमा व्याख्या गरेका छन् । प्लेटोले न्याय केवल सामाजिक वा कानुनी व्यवस्था मात्र नभई व्यक्ति विशेषको आत्मिक अवस्था पनि हो भन्ने धारणा अघि सारेका छन् । उनको दृष्टिमा, न्याय आत्माको आन्तरिक समन्वय र अनुशासनमा आधारित हुने कुरा हो । उनको विचारमा न्यायपूर्ण समाज निर्माणका लागि राज्यका तीनवटै आधारभूत वर्गहरू–शासक, रक्षक र उत्पादकले आ-आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ र अरूको भूमिकामा हस्तक्षेप गर्नु हुँदैन ।[36] न्याय र शासनको परम् लक्ष्य सद्‌गुण र सामूहिक कल्याणलाई प्रवर्द्धन गर्नु हो भन्ने विचार अघि सार्दै प्लेटोले न्यायलाई ईश्वरीयतासँग पनि जोड्‌दछन्[37] ।

त्यसरी नै, अरस्तुको न्याय सिद्धान्तलाई *Eudaimonia* (समुन्नत जीवनको सिद्धान्त) पनि भनिन्छ । उनको विचारमा न्याय एउटा यस्तो मूल्य हो जसले मानिसलाई सद्‌गुणयुक्त जीवन यापन गर्न सहयोग गर्दछ । मानिस सामाजिक प्राणी भएकाले उसको जीवन व्यक्तिगत र सामाजिक दुबै खाले भलाईसँग जोडिने हुनाले न्यायले समन्वय कायम गर्नुपर्छ भन्ने विश्वास अरस्तुको रहेको छ ।

अरस्तुले न्यायलाई सामान्य र विशिष्ट गरी दुई भागमा विभाजन गरेका छन् । उनका अनुसार सामान्य न्याय भनेको कानुनको पालना गर्नु र समाजको हितमा सदाचारयुक्त व्यवहार गर्नु हो भने विशिष्ट न्याय भनेको व्यक्ति व्यक्ति बीचको व्यवहार निष्पक्षताको सुनिश्चितता गर्नु हो ।

हिन्दू र बौद्ध दृष्टिकोणले न्यायलाई प्लेटोले भने जस्तै नैतिक र ब्रह्माण्डीय सन्तुलनमा आधारित भएको मान्यता अघि सारेका छन् । यी दुबै दर्शनमा दर्शनमा न्याय धर्मभित्र अवस्थित हुन्छ, जसले सामाजिक र ब्रह्माण्डीय सन्तुलनलाई कायम राख्ने नैतिक नियमको रूपमा काम गर्दछ । यी दृष्टिकोण अनुसार न्याय केवल दण्ड वा प्रतिशोध नभई आफ्नो कर्तव्य पूरा गर्ने, सत्य र धर्मसँग मेल खाने हुनु पर्दछ । राधाकृष्णन्‌का अनुसार, धर्म नै सामाजिक र राजनीतिक जीवनको "नैतिक आधार" हो[38]। यसैगरी, बौद्ध दृष्टिमा न्याय करुणा, परस्पर निर्भरता र दुःख निवारणसँग सम्बन्धित छ । चार आर्य सत्य र प्रतित्यसमुत्पाद (कारण-परिणामको परस्पर सम्बन्ध) को सिद्धान्तले अन्याय अज्ञान र तृष्णाबाट जन्मिन्छ भन्ने विश्वास राख्दछ । बुद्धधर्ममा न्यायको अवधारणाले दुःखका संरचनागत कारणहरूलाई जरैबाट उखेलेर फ्याक्न सक्नु पर्छ भन्ने सन्देश दिन्छ[39]। प्लेटोको न्याय तर्क र अनुशासनमा आधारित पदानुक्रमिक

---

[36] *Plato.* The Republic*. ( Book IV) Translated by G. M. A. Grube, revised by C. D. C. Reeve, Hackett Publishing, (1992).*
[37] *Annas, Julia.* An Introduction to Plato's Republic. *Oxford University Press, (1981).*
[38] Radhakrishnan, S. *Indian Philosophy, Vol. 1*. Oxford University Press, (1992).
[39] Harvey, Peter. *An Introduction to Buddhist Ethics: Foundations, Values and Issues*. Cambridge University Press, (2000)

संरचनामा निहित छ भने बौद्ध दृष्टिकोण बढी समतावादी र पुनर्स्थापना उन्मुख छ, जसले करुणा र मैत्रीमार्फत् मेलमिलाप र शान्तिको खोजी गर्दछ । यसरी, प्लेटोले न्यायलाई तर्क-आधारित व्यवस्था, हिन्दू दर्शनले धर्म-आधारित ब्रह्माण्डीय नियम, र बौद्ध दर्शनले करुणा र परस्परनिर्भरतालाई आधार मानेका छन् । यी तीनै परम्पराले न्यायलाई कानुनी अवधारणाभन्दा माथि उठाई नैतिक आदर्शको रूपमा सन्तुलन र मानव-कल्याण कायम गर्ने उपायको रूपमा देखाएका छन् । यी तीनवटै विचार समुह आधुनिक पुनर्स्थापकिय र रुपान्तरणमुलक न्यायको अवधारणासँग मेल खान्छन् जसलाई संक्रमणकालीन न्यायको आधार मानिन्छ ।

पुनर्स्थापनात्मक न्याय *(Restorative Justice)* को अवधारणा प्रतिसोधात्मक न्यायको सिद्धान्तसँग *(Retributiva Justice)* मात्र सीमित नभई पीडितलाई परिपुरण प्रदान गर्ने, दोषीलाई सार्थक ढंगले जवाफदेही वनाउदै पीडक र पीडित दुबैलाई समुदायमा पुनःस्थापित गरी अन्याय वा अपराधलाई सम्बोधन गर्नु हो । यसले दण्डात्मक *(Retributive)* ढाँचा भन्दा फरक भएर, सरोकारवालाहरूलाई आफ्ना कथा भन्न, सुन्न, र उपचार तथा सामूहिक पुनर्निर्माण कसरी गर्न सकिन्छ भन्ने विषयमा सँगसँगै निर्णय लिन सक्ने सहभागी प्रक्रिया प्रदान गर्दछ ।

संयुक्त राष्ट्रसंघको *United Nations Office on Drugs and Crime (UNODC)* ले पुनर्स्थापनात्मक न्यायलाई “अपराधको प्रतिकार गर्ने तरिका जसले मुख्यतया गलत कार्यले पुऱ्याएको क्षतिको पुनःप्राप्तिमा र सम्भव भएसम्म सबै संलग्नहरूको कल्याण पुनःस्थापित गर्न ध्यान दिन्छ” भनेर परिभाषित गरेको छ

त्यसैले, संक्रमणकालीन न्यायको अवधारणा पनि न्यायको अवधारणा अनुकुल नै रहेको छ । यसले विगतका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सम्वोधन गर्न अपनाउने उपाय र प्रक्रियालाई जनाउँछ । संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्चायुक्तको कार्यालय *(OHCHR)* ले संक्रमणकालीन न्यायलाई विगतमा भएका मानवअधिकार उल्लंघनको विरासतलाई सम्बोधन गर्ने, द्वन्द्वका मूल कारणलाई समाधान गर्ने, द्वन्द्वपश्चात् लोकतान्त्रिक शासनतर्फको संक्रमणलाई सहज बनाउन, न्याय उपलब्ध गराउन, मानवअधिकार तथा मानवीय कानून उल्लंघन गर्नेहरूलाई जवाफदेही बनाउन र यस्ता उल्लंघनहरू दोहोरिन नदिने सुनिश्चितता कायम गर्न द्वन्द्वपश्चात् स्थापना गरिने उपायहरु भनेर परिभाषित गरेको छ[40] । यसको उद्देश्य सत्य पत्ता लगाउने, दोषिलाई जवाफदेही बनाउने, पीडितलाई प्रभावकारी उपचार प्रदान गर्ने, मेलमिलाप प्रवर्द्धन गर्ने, र शासन व्यवस्थामा सुधार गरेर भविष्यमा यस्ता ज्यादतीहरु दोहोरिन नदिने प्रवन्ध मिलाउने हुन्छ । द्वन्दोत्तर समाजमा लोकतान्त्रिक व्यवस्थाको स्थापनाको लागि चाहिने पुर्वाधारको स्थापना गर्न संक्रमणकालीन न्यायका उपायले मद्दत पुऱ्याउँछ ।[41]

संयुक्त राष्ट्र संघले द्वन्द्वको क्रममा भएका मानव अधिकार उल्लङ्घन एवं ज्यादतीका घटनाहरूलाई सम्वोधन गर्न राज्यद्वारा अपनाइने न्यायिक र गैर-न्यायिक उपायहरूलाई संक्रमणकालीन न्याय भनेको

---

[40] OHCHR. *Transitional Justice Mechanisms in Conflict Situations*. UN Doc. A/HRC/RES/12/11, (2009)

[41] *बन्दीशर्मा, गोविन्दप्रसाद, नेपालमा संक्रमणकालिन न्याय, नेपाल बार एशोसिएसन, (२०१३)*

छ[42] । हाम्रो सर्वोच्च अदालतले पनि यस सम्बन्धमा व्याख्या गर्दै यो प्रक्रिया अन्तर्गत सत्यतथ्य पत्ता लगाउने, गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनामा अभियोजन गरी पीडकलाई कारवाही गर्ने, पीडितलाई पुग्न गएको हानी नोक्सानीको यकिन गरी परिपूरण प्रदान गर्ने र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिन आवश्यक नीतिगत र संरचनागत व्यवस्था गर्ने जस्ता उपायहरू पर्दछन् भनेको पाईन्छ ।[43]

संक्रमणकालीन न्यायमा न्यायका प्रायजसो सबै सिद्धान्तहरू अवलम्बन गरिएको हुन्छ । यो प्रतिशोधात्मक न्याय *(Retributive Justice)*, पुनर्स्थापकीय न्याय *(Restorative Justice)*, परिपुरणीय न्याय *(Reparative Justice)*, सामाजिक न्याय *(Social Justice)* र रूपान्तरणकारी न्याय *(Transformative Justice)* का अवधारणाबाट निर्देशित भएको पाईन्छ[44] ।

प्रतिशोधात्मक न्यायमा दण्ड प्रधान हुन्छ र यसमा प्रमाणका कठोर कानुनी सिद्धान्तहरु अवलम्वन गरिन्छन् । पुनर्स्थापकीय न्यायभित्र अपराधले पारेको व्यापक असरलाई सम्वोधन गर्ने र खास गरी पीडित व्यक्तिको सम्मानको पुनर्स्थापना गर्दै कसुर गर्ने व्यक्तिलाई अपराध स्वीकार गर्ने वातावरण सृजना गरी दुवै पक्षलाई न्यायको अनूभुति हुने अवसर प्रदान गरिन्छ । यसमा क्षतिको भरण पीडकबाट गराईन्छ । परिपुरणीय न्यायले पीडित विरुद्ध भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका कारण र प्रभावहरू सम्वोधन गर्ने उद्देश्य राख्दछ । त्यसैगरी, रूपान्तरणकारी न्यायले संरचनागत र सामाजिक, आर्थिक, कानुनी र राजनैतिक अवस्था उपर केन्द्रित भई सामाजिक रूपान्तरण गर्ने लक्ष्य राखेको हुन्छ[45] ।

संक्रमणकालीन न्यायले सामाजिक न्यायको सुनिश्चतता गर्ने अभिष्ट पनि राखेको हुन्छ । जस अन्तर्गत सामाजिक विभेदको अन्त्य गर्न अपनाउनु पर्ने उपायको खोजी गर्ने गरिन्छ । साथै, आर्थिक, सामाजिक र राजनैतिक अधिकारमा सबैको समान पहुँच हुने अवस्थाको सृजना गर्ने उद्देश्यबाट समेत यो अभिप्रेरित भएको हुन्छ ।[46]

उपरोक्त न्यायका अवधारणालाई आत्मसात गर्न तत् तत् न्यायिक अवधारणाको कार्यान्वयनमा वाधा पुऱ्याउने परिस्थिति, कारण र वस्तुगत अवस्थालाई सम्वोधन गरिनु अनिवार्य हुन्छ । सत्यको अन्वेषण सोही प्रयोजनका लागि नै गरिनु पर्ने हो । यस अर्थमा, सत्यको स्थापना नभै न्याय सम्भव हुँदैन । न्यायको कानुनी अवधारणा भन्दा भिन्न न्यायको सामाजिक अवधारणा अनुसार गरिने सत्य अन्वेषणले मात्र उपरोक्त न्यायिक अवधारणाको व्यवहारिक प्रत्याभुति गर्न सक्दछ । त्यसैले नै, संक्रमणकालीन न्यायका उपायहरूमा

---

[42] *UN Secretary General's Report: https://www.impunitywatch.org/un-secretary-generals-guidance-note-on-transitional-justice/, Accessed on 12 December 2024.*

[43] *लिलाधर अधिकारी विरुद्ध नेपाल सरकार, नेकाप २०६५, अंक ९, नि.नं. ८०१३*

[44] *Daniel W. Van Ness, Karen Heetderks Strong, Jonathan Derby, L. Lynette Parker, Restoring Justice: An Introduction to Restorative Justice, 6th Edition, Routledge (2022).*

[45] *Ibid.*

[46] *PABLO DE GREIFF , (2012 pp. 31-77) THEORIZING TRANSITIONAL JUSTICE, American Society for Political and Legal Philosophy, Vol. 51,*

दण्डात्मक न्यायका अतिरिक्त न्यायका अन्य सिद्धान्तहरुलाई पनि अङ्गिकार गर्दै परिपुरणलाई पीडितको अधिकारका रूपमा स्थापित गर्ने गरिन्छ । साथै, यसभित्र अन्य विषय जस्तै पीडितलाई पुगेको पीडाको सम्मान गर्दै स्वीकारयोग्य *(Knowledge to Acknowledge)* वातावरण बनाउने र त्यसबाट बिग्रिएका सामाजिक सम्बन्धहरुलाई सुधार्ने, समाजमा दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्ने एवं विगतका द्वन्द्व र संरचनागत हिंसाका कारणहरूको पहिचान गरी त्यसको अन्त्य गर्न अपनाउनु पर्ने कुरा समावेश हुन्छन् । त्यसैले, सत्य अन्वेषणमा रूपान्तरणकारी न्यायको अवधारणालाई केन्द्रविन्दुमा राखिँदै आएको पाईन्छ ।

सत्य अन्वेषणमा न्यायका सबै अवधारणालाई आवश्यक पर्ने सत्यतथ्य स्थापित हुन जरूरी हुन्छ । उदाहरणको लागि, दण्डहीनता अन्त्य गर्न गम्भीर अपराधमा अभियोजन गर्नु पर्ने भएकाले त्यस्ता गम्भीर प्रकृतिका अपराधको सत्यतथ्यको खोजी गर्दा अपराध स्थापित हुने प्रमाणको पहिचान र संरक्षण गर्नुपर्ने हुन्छ भने पुनर्स्थापकीय न्यायको लागि सत्यतथ्य सङ्कलन गर्दा पीडितका अधिकारको उल्लङ्घनका कारण, परिस्थिति, परिवेश र त्यसबाट पर्न गएको प्रभावसँग सम्वद्ध तथ्य आउने गरी सत्य अन्वेषणको कार्ययोजना र कार्यविधि बनाईनु पर्दछ । त्यसरी नै, सत्य अन्वेषण प्रक्रियाले संरचनागत हिंसाका कारण तथा द्वन्द्वको कारण पहिचान गर्न सकिने गरिको उपायहरूको अवलम्बन गरेको भएमा मात्र रूपान्तरणकारी न्यायको उद्देश्य पुरा हुन सक्तछ ।

## ४.१ सत्य र न्याय

सत्य आयोगमार्फत् विगतमा भएका घटनाको कारण पत्ता लगाउने र उक्त घटनाका कारणको स्वीकारोक्ति गरिने कुरा नै संक्रमणकालीन न्यायको हकमा सत्य *(Truth)* को स्थापना हो । सत्य स्थापनाको प्रक्रियाले यथार्थ ऐतिहासिक अभिलेख तयार पार्न र पीडितलाई निजहरूका वास्तविक भोगाई प्रकट गर्न मञ्च प्रदान गर्ने काम गर्दछ । त्यस्तै, स्वच्छ सुनुवाईको अवलम्बनबाट उल्लङ्घन र ज्यादतीमा संलग्नहरूलाई जवाफदेही बनाउने र भोगिएका पीडाका लागि पीडितलाई परिपूरण प्रदान गरिने कुरा न्याय *(Justice)* अन्तर्गत समावेश हुने विषय हुन् ।

न्यायको प्रत्याभूतिले पीडितको सम्मान फर्काउन र राज्य संयन्त्रमा विश्वासको पुर्नस्थापना गर्न मद्दत पुऱ्याउँदछ । अतः संक्रमणकालीन न्याय प्रक्रियामा सत्य र न्याय परिपुरक विषय हुन् । सत्यको खोजी र पीडितका आवाज बुलन्द गर्न सत्य आयोगहरू क्रियाशिल रहन्छन् भने न्याय प्राप्तिका लागि गरिने फौजदारी अभियोजनले गम्भीर अपराधका दोषीहरूलाई जवाफदेही बनाउन मद्दत गर्दछ । अतः दुर्व्यवहारको भविष्यमा हुने पुनरावृत्ति रोक्न र समाजमा मेलमिलापको वातावरण तयार पार्न सत्य र न्याय दुवै आवश्यक मानिन्छन् । [47]

---

[47] *Paul van Zyl , (Spring 1999, pp. 647-667) Dilemmas of Transitional Justice: The Case of South Africa's Truth and Reconciliation Commission, Journal of International Affairs , Spring 1999, Vol. 52, No. 2.*

## ४.२ सत्य र परिपूरण

परिपुरण मानव अधिकार उल्लङ्घनका पीडितले भोगेका अन्यायका लागि क्षतिपूर्तिसहितको उपचार तथा न्याय सुनिश्चित गर्न अवलम्बन गरिने विभिन्न उपायहरूको समष्टिगत कार्यक्रम हो । यसभित्र पीडित व्यक्ति, परिवार एवं समुदाय समेतको पुनर्स्थापना गर्ने, पुर्नउद्धार गर्ने, निजहरूले भोग्नु परेको शारीरिक, मानसिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा पुग्न गएको क्षतिको भरण गर्ने, सम्मान र सन्तुष्टि दिलाउने र विगतको जस्तो मानव अधिकार उल्लङ्घन तथा ज्यादती नदोहोरिने कुराको सुनिश्चितता गर्ने जस्ता विषय समावेश भएका हुन्छन् । परिपुरणको लागि आवश्यक पर्ने श्रोत, संरचना र वितरण प्रक्रियाका सम्बन्धमा सत्य अन्वेषण प्रक्रियाले पहुँच विस्तार गरेको हुनुपर्दछ र परिपूरण भित्र न्युनतम रूपमा देहायका विषय समावेश भएका हुन सक्दछन् :-

**मौद्रिक :** क्षतिपूर्ति रकम, सम्पत्तिको फिर्ता वा आर्थिक सहयोग ।
**प्रतिकात्मक :** सार्वजनिक माफी, स्मारकहरू वा स्मृति चिन्हहरू ।
**सामुहिक (सामुदायिक) :** प्रभावित समुदायमा लगानी, जस्तैः पूर्वाधार पुर्ननिर्माण, स्मृतिकरण तथा शिक्षा र स्वास्थ्य पहुँच ।[48]

## ४.३ सत्य र मेलमिलाप

मानव मस्तिष्कले सामान्यतया पीडा र दुःखलाई बिर्सन सक्दैन । यसै भएकाले प्रतिशोध एक प्राकृतिक प्रवृत्तिको रूपमा देखा पर्दछ । यसको उचित सम्वोधन नगर्दा समाजमा पुनः हिंसा हुने सम्भावना रहन्छ । तसर्थ, प्रतिशोधमा आधारित हिंसा नदोहोरिने गरि समाज सुधारको कार्य गर्न मेलमिलापले उत्प्रेरणा प्रदान गर्ने हो ।

मेलमिलाप भनेको एक जटिल र गतिशील प्रक्रिया हो, जसमा विभिन्न विरोधाभास र चुनौतीहरूको सामना गर्नुपर्ने हुनसक्दछ । मेलमिलापले पीडा र अन्यायलाई बिर्सन नहुने कुरामा जोड दिदै क्षमादानको आवश्यकता सम्बन्धमा चर्चा गर्दछ । ईतिहासलाई हेर्ने हो भने सत्य सहितको मेलमिलापका लागि सत्य आयोग र अन्य औपचारिक संयन्त्रहरूले महत्वपूर्ण भूमिका खेलेका छन् । अतः सत्यको उजागर भएको हुनु नै मेलमिलाप प्रक्रियाको सफलताको लागि महत्वपूर्ण पूर्वशर्त भएकाले संक्रमणकालीन न्याय प्रक्रियामा सत्य अन्वेषणलाई अधिक महत्वका साथ हेरिने गरिएको पाइन्छ । [49]

---

[48] *MARGARET URBAN WALKER, (July 2010) TRUTH TELLING AS REPARATIONS, Metaphilosophy , Vol. 41, No. 4 (July 2010), pp. 525-545 Published by Wiley ( online available at https://www.jstor.org/stable/pdf/24439633.pdf?refreqid=fastly-default%3A115522ab6253f0b0f05642997c9ffc0f&ab_segments=0%2Fbasic_search_gsv2%2Fcontrol&initiator=&acceptTC=1) accessed on 23 December 2024.*

[49] *James L. Gibson, (Jan., 2006, pp. 82-110) , Overcoming Apartheid: Can Truth Reconcile a Divided Nation? The Annals of the American Academy of Political and Social Science Vol. 603, Law, Society, and Democracy:*

सत्यको खोजी मेलमिलापको पूर्वशर्त हो । मेलमिलापद्वारा सत्यको उजागर पनि हुन्छ, किनभने मेलमिलाप गर्नु भन्दा पहिले पीडकले पीडितसमक्ष आफ्नो गल्ती स्वीकार गरी घटनाको खुलासा गर्दै क्षमायाचना गरेको हुन्छ । मेलमिलापले सम्झौतामार्फत् भविष्यका लागि सहकार्य र विश्वासको वातावरण बनाउने काम गर्दछ । यसले एकातर्फ द्वन्द्वमा संलग्न कुनै पक्षलाई पूर्ण रूपमा दोषी वा निर्दोष मान्दैन भने अर्कोतर्फ दोषी देखिएतापनि सामाजिक सद्भाव कायम गर्न सहजीकरण गर्दछ ।

सत्यको जस्तै मेलमिलापको पनि व्यक्तिगत र सामुहिक दुवै आयाम हुन्छ । व्यक्तिगत आयाम अर्न्तगत पीडित र पीडकबीच गरिने मेलमिलापले दुई पक्षबीच बिग्रिएको सम्बन्धको पुर्नस्थापना हुन्छ भने सामुहिक आयाम अर्न्तगत बिग्रिएका सामाजिक सम्बन्ध सुध्रिएका हुन्छन् । द्वन्द्व, हिंसा र ज्यादतीलाई बढावा दिने विभिन्न कारक हुने गर्दछन् । त्यस्ता कारकमा कतिपय अवस्थामा समाजका कुनै खास वर्गको पूर्ण वा आंशिक सहमति रहेको हुन सक्दछ । सामुहिक मेलमिलाप मार्फत् त्यस्ता परिस्थितिलाई सम्वोधन गर्न भने सकिन्छ ।

## ४.४ सत्य र संस्थागत सुधार

सत्य अन्वेषणले राज्य संयन्त्रका प्रणालीगत कमजोरी पहिचान गर्न र गुमेको राज्यप्रतिको जन आस्था बढाउन मद्दत गर्दछ । यसले खासगरी शासन व्यवस्थामा रहेका कमजोरीहरू, कानुनमा रहेका कमजोरीहरू, शिक्षा नीतिमा रहेका समस्याहरू, सुरक्षा नीतिमा रहेका समस्याहरू पहिचान गर्दै ती संस्थाहरूलाई सक्षम, निष्पक्ष, पारदर्शी, दक्ष, र जवाफदेही वनाउन मद्दत गर्छ ।[50] यसका अतिरिक्त सत्य खोजीले सार्वजनिक संस्था र अधिकारीहरूलाई आफूले गरेको काम प्रति उत्तरदायी बनाउदै राज्यलाई असल शासनतर्फ अग्रसर गराउँछ ।[51] सत्यको खोजी गर्ने र त्यसलाई आत्मसात गर्ने संस्थाले मात्र जनआस्था आर्जन गर्न सक्दछ ।

सत्य खोजीले संस्थाहरू भित्र लुकेको भ्रष्टाचार, अक्षमता, र अन्याय उजागर गर्दछ । द्वन्द्वोत्तर समाजमा संस्थागत आचरण, व्यवहार र कार्यशैलिमा परिवर्तन अनिवार्य मानिन्छ । भ्रष्टाचार, नातावाद, कृपावाद, स्वेच्छाचारी एवं अपारदर्शी निर्णय प्रक्रिया जस्ता संस्थागत अक्षमता र अभ्यासको वास्तविक कारण पहिचान नगरी संस्थागत सुधार सम्भव हुँदैन ।[52]

---

*Comparative Perspectives , Sage Publications, Inc. in association with the American Academy of Political and Social Science*

[50] *Sen, Amartya,(2009),* The Idea of Justice*, The Belknap Press of Harvard University Press Cambridge, Massachusetts.*

[51] *Habermas, Jürgen(1992)* Between Facts and Norms *: Contributions to a Discourse Theory of Law and Democracy, The MIT Press, Cambridge, Massachusetts.*

[52] *Ibid*

## ५. सत्य अन्वेषणमा सत्य आयोगको भूमिका: तुलनात्मक अभ्यास

### ५.१ अर्जेन्टिना

अर्जेन्टिनामा सैनिक शासनकालका दौरान "फोहोरी/खराब युद्ध" *[Dirty War (La Guerra Sucia)]* भनेर चिनिने सन् १९७६ देखि सन् १९८३ सम्म भएका बेपत्ता लगायतका मानव अधिकार उल्लङ्घनहरूको अनुसन्धान गर्न राष्ट्रपति *Raul Ricardo Alfonsin* ले सन् १९८३ मा बेपत्ता पारिएका व्यक्ति सम्बन्धी आयोग *[Comisión Nacional sobre la Desaparición de Personas (CONADEP)]* गठन गरेका थिए ।[53] अर्जेन्टिनामा गठन भएको यो आयोगलाई ज्यादतीविरूद्ध सत्य उजागर गर्ने र न्यायको प्रत्याभूति गर्नुपर्ने सार्वजनिक मागको प्रतिफलकै रूपमा मान्न सकिन्छ । आयोगले बेपत्ता, यातना, बलात्कार र हत्या सम्बन्धी घटनामा सत्य स्थापना गर्न महत्वपूर्ण भूमिका खेलेको थियो ।

अर्जेन्टिनी बेपत्ता आयोग *(CONADEP)* को उद्देश्य बेपत्ता पारिएको घटनाको अनुसन्धान गर्ने, यातना, हत्या र बेपत्ता लगायतका मानव अधिकार उल्लङ्घनका घटनाको दस्तावेजीकरण गर्ने, पीडित र परिवारजनका कथन संकलन गरी आधिकारिक अभिलेख तयार पार्ने, पीडकको पहिचान गर्ने र जवाफदेही बनाउने र सत्य र न्यायको खोजीमा पीडित र तीनका परिवारजनलाई मद्दत गर्ने रहेको थियो ।[54]

बेपत्ता पारिएका व्यक्तिहरूको खोजीका लागि आयोगले व्यवस्थित, बहु-आयामिक र प्रामाणिक साक्ष्य/कथन मा आधारित विधि अपनाएको थियो । उक्त आयोगले घटनाहरूको दस्तावेजीकरणका अतिरिक्त सत्यको स्थापना गर्दै न्याय निरूपणका लागि उपयुक्त कदम चाल्ने उदेश्य समेत लिएको थियो । आयोगले अवलम्बन गरेको अनुसन्धानका विधि र कार्यविधि देहाय बमोजिम रहेका थिए ।[55]

- **कथन संकलन *(Testimony Collection)*:** आयोगले बेपत्ता पारिएका व्यक्तिका परिवारजन र ईष्टमित्रका साथै जीवित रहन पुगेका व्यक्तिहरूबाट कथन सङ्कलन गर्ने यथेष्ट प्रयत्न गरेको थियो । यातना र अपहरणमा परेका व्यक्तिहरूको समेत कथन सङ्कलन गरिएको थियो । साथै, आयोगले विशेष साक्षात्कारको माध्यमबाट जीवित रहन पुगेका व्यक्ति र तीनका परिवारजन समेतका अनुभवहरूलाई संग्रहित गरेको थियो ।
- **दस्तावेज र प्रमाणको समिक्षा *(Review of Documents and Evidence)*:** आयोगले अनुसन्धानका क्रममा दस्तावेजजन्य प्रमाणको समिक्षामा विशेष ध्यान दिएको थियो, जस अन्तर्गत सैन्य र प्रहरी

[53] *National Commission on the Disappearance of Persons (CONADEP). (1984). Nunca Más: The Report of the Argentine National Commission on the Disappeared. Buenos Aires: EUDEBA.*
[54] *Hayner, P. B. (2011). Unspeakable Truths: Transitional Justice and the Challenge of Truth Commissions (2nd ed.). New York, NY: Routledge.*
[55] *Robben, A. C. G. M. (2005).* Political Violence and Trauma in Argentina. *Philadelphia, PA: University of Pennsylvania Press*

सम्बन्धी गोप्य अभिलेख, राज्य संयन्त्रका सरकारी कागजात र संलग्न अधिकारीका पत्राचार समेतको मिहिन अनुसन्धानका साथै थप सुचना प्रदान गर्नसक्ने कानूनी र शासकीय अन्य कागजातको पनि विशेष जाँचपड्ताल गर्ने काम गरिएको थियो ।

- **प्राप्त कथनहरूको प्रमाणिकीकरण *(Testimony Verification)*:** कागजी प्रमाणको सत्यता परीक्षण गर्न यथार्थ मुल्याङ्कनको प्रक्रिया अपनाइएको जसका माध्यमबाट गलत सूचना र झुट्ठा विवरण छनौट गर्न मद्दत पुगेको थियो भने घटनाको वास्तविकता पत्ता लगाउन विभिन्न श्रोतमार्फत् प्राप्त फरक/फरक कथनहरूलाई भिँडाएर हेर्ने काम गरिएको थियो ।
- **बेपत्ता पारिएका व्यक्तिको सूची र विद्युतीय अभिलेख निर्माण *(List and Database of the Disappeared)*:** नाम, पेशा, बसोवासको स्थान, र लिङ्गका आधारमा बेपत्ता पारिएका व्यक्तिहरूको विवरण संकलन गरी एक व्यवस्थित विद्युतीय अभिलेख *(Database)* तयार पार्ने काम गरियो जसका माध्यमबाट बेपत्ता पारिएका व्यक्तिका विवरण र घटनासँग सम्बन्धित अन्य महत्वपूर्ण पाटाहरू यकिन *(Track)* गर्न सहयोग पुग्यो ।
- **बेपत्ता पारिएका स्थानहरूको निरीक्षण *(Investigation of Disappearance Locations)* :** व्यक्तिहरू कहाँ राखिन्थे, कसरी यातना दिइने गरिन्थ्यो र हत्या गर्ने गरिएको भए सो कसरी गरिन्थ्यो भन्ने सम्बन्धमा जाँचपड्ताल गर्न गोप्य थुनामा राखिने वा यातना दिइने स्थानहरूको निरीक्षण गरिएको थियो भने कतिपय अवस्थामा त्यस्ता स्थानहरूको पुर्ननिर्माण गरी पीडितका परिवारजनलाई साक्षात्कारका माध्यमबाट त्यस्ता स्थानका बारेमा थप बताउन लगाउने काम समेत गरिएको थियो, जसले प्रवृत्तिगत विश्लेषण गर्न मद्दत पुऱ्याएको थियो ।
- **मानव अधिकारका क्षेत्रमा क्रियाशिल संघसंस्थासँग सहकार्य *(Collaboration with Human Rights Organizations)*:** घटनाको यथार्थ जानकारी अन्तर्राष्ट्रिय जगत्लाई गराउन मानव अधिकारका क्षेत्रमा क्रियाशिल संघसंस्थासँग सहकार्य गर्नुका अतिरिक्त *Las Madres de Plaza de Mayo* र *Las Abuelas de Plaza de Mayo* जस्ता मानव अधिकारका क्षेत्रमा क्रियाशिल संस्थाहरूसँग मिलेर सत्य र न्यायको खोजीलाई थप सुदृढ र प्रभावकारी बनाउने काम गरियो ।
- **सार्वजनिक अभिलेखको निर्माण *(Creation of Public Records)*:** आफ्ना सम्पूर्ण अनुसन्धानको नतिजा र संकलित प्रमाणहरूको विवरण समावेश गरी आयोगले "फेरी कहिल्यै नहोस्" *[Never Again (Nunca Más)]* भन्ने प्रतिवेदन प्रकाशित गरी सार्वजनिकीकरण गऱ्यो जसले सम्बद्धहरूलाई सत्यको खोजी गर्न र घटनाबारेको यथार्थ जानकारी लिन मद्दत गरेको थियो । वास्तविक संख्या १० देखि ३० हजार बीच रहेको अनुमान गरिएको भएता पनि आयोगको प्रतिवेदनले ८९६० वटा घटनाहरूको विवरण समावेश गरेको थियो जसमा मूलतः उच्च सैन्य अधिकाकारीहरूको निर्देशनमा मानिसहरूलाई गोप्यतापूर्वक नियन्त्रणमा लिने, नियन्त्रणमा लिईसकेपछि घटनालाई लुकाइने र नियन्त्रणमा लिइएकाहरूलाई यातना दिइने प्रणालीगत अभ्यास उल्लिखित रहेको थियो । आयोगको यो प्रतिवेदन केवल अर्जेन्टिनाका लागि मात्र विशेष रहेको

थिएन बरू यो मानव अधिकारको विश्वव्यापी अभियानकै निमित्त एक महत्वपूर्ण दस्तावेजका रूपमा अभिलिखित छ ।

- **न्यायिक प्रक्रियामा सघाउ *(Judicial Actions)*:** अपराधीहरूको पहिचान र कारवाहीको पहल मार्फत् आयोगले सरकारी निकायहरूसँग मिलेर दोषीविरूद्धको कारवाही प्रक्रिया सुनिश्चित गरेको थियो ।

उपरोक्तानुसारको उद्देश्य र कार्यादेश पाएको आयोगले सार्वजनिक सुनुवाईको विधि नअपनाएता पनि यसले सात हजार भन्दा बढी कथन सङ्कलन गरेको थियो जसमा पन्ध्र सय जति कथन मारिने घटनाबाट बाँच्न सफल भएका व्यक्तिहरूका रहेका थिए । यसका अलावा, बेपत्ता पारिएका व्यक्तिका परिवारजनलाई परिपुरण प्रदान गर्न आयोगले महत्वपूर्ण निर्णय गरेको थियो जस अन्तर्गत पीडितहरूलाई तीन बिलियन अमेरिकी डलर बराबरको परिपुरण प्रदान गरिएको थियो । परिपुरणको सिफारिशका अतिरिक्त बेपत्ता पारिएका व्यक्तिहरूका बारे थप अनुसन्धान जारी राख्ने र आवश्यकता अनुसार अभियोजन गर्नुका साथसाथै न्यायिक सुधार र मानव अधिकार शिक्षाको सञ्चालन गरिनुपर्ने विषय आयोगले गरेका अन्य महत्वपूर्ण सिफारिश रहेका थिए ।

## ५.२ एल साल्भाडोर

सन् १९९१ मा एल साल्भाडोरमा संयुक्त राष्ट्रसंघको मध्यस्थतामा भएको शान्ति सम्झौतामा सत्य आयोग स्थापना गर्ने सहमति गरिएको थियो । सत्य आयोगको स्थापनामा संयुक्त राष्ट्रसंघ समेत सामेल भएको यो पहिलो घटना थियो । उक्त सत्य आयोगलाई १९८९ देखि १९९२ सम्म एल साल्भाडोरमा भएको गृहयुद्धका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लङ्घनका घटनाहरूको छानबिन गरी कानूनी, राजनैतिक र प्रशासनिक सिफारिश गर्ने कार्यादेश दिइएको थियो । उक्त आयोगले गम्भीर प्रकृतिका घटनाहरूबाट एल साल्भाडोर र अन्तर्राष्ट्रिय समुदायलाई पुऱ्याएको प्रभाव तथा लामो समयदेखि एल साल्भाडोरमा विद्यमान संरचनात्मक हिंसा, असमानता, विभेदबाट पर्न गएको प्रभावको विश्लेषण गरेको थियो । शान्ति सम्झौतामा नै आयोगले न्यायिक निकायको रूपमा काम नगर्ने भनिएकाले यसले गैर-न्यायिक सत्य स्थापनाको विधि अवलम्बन गरेको थियो ।

एल साल्भाडोर सँग १९७० को दशकमा शुरू भएको बामपन्थी आन्दोलनले सैन्य शासनको अन्त्य गर्ने उद्देश्य राखेकाले त्यहाँको सरकारले कम्युनिष्टहरूलाई दमन गर्न अन्तर्राष्ट्रिय सहयोग समेत प्राप्त गरेको थियो भने कम्युनिष्ट घटकहरू मिलेर बनेको *Farabundo Marti National Liberation Front (FMLN)* ले क्युबा तथा रसियाको सहायता प्राप्त गरी गुरिल्ला युद्ध नै सञ्चालन गरेको थियो ।[56] यद्यपि यसलाई आन्तरिक सशस्त्र द्वन्द्व नै मानियो । द्वन्द्वको क्रममा दुवै पक्षबाट ज्यादती चरम

[56] एल साल्भाडोरमा भएको द्वन्द्व सम्बन्धी थप जानकारीका लागि हेर्नुहोस्, *https://americanarchive.org/exhibits/newshour-cold-war/el-salvador, २० डिसेम्बर २०२४ मा हेरिएको ।*

रूपमा हुन थालेपछि अन्तर्राष्ट्रिय समुदायको पहलमा सन् १९९२ मा संयुक्त राष्ट्र संघको पहलमा शान्ति सम्झौता गरियो र सोही शान्ति सम्झौताले एक गैर-न्यायिक सत्य आयोगको परिकल्पना समेत गर्‍यो । उक्त सत्य आयोगलाई सत्य अन्वेषण गरी ज्यादतीहरूको अभिलेखिकरण गर्ने, दोषीलाई जवाफदेही बनाउने, पीडितको पहिचान गरी निजहरूको अधिकार र सम्मानको पुनर्स्थापना गर्ने र कानुनी सिफारिशको माध्यमबाट भविष्यमा न्यायको प्रक्रियालाई सुनिश्चितता प्रदान गर्न कार्यादेश दिइएको थियो । यो आयोगले १९९३ मा प्रकाशित गरेको प्रतिवेदन[57] अनुसार उक्त द्वन्द्वमा ७५,००० भन्दा बढी मानिसको मृत्यु र ८,००० भन्दा बढी व्यक्तिहरू बेपत्ता पारिएको तथ्य संग्रहित छ । आयोगले संकलन गरेका २२,००० भन्दा बढी घटनामा ६० प्रतिशत भन्दा बढी घटनाहरू गैर-न्यायिक हत्याका छन् भने २५ प्रतिशत घटनाहरू बलपूर्वक बेपत्ता पारिएका र २० प्रतिशत यातनासँग सम्बन्धित थिए । आयोगकै प्रतिवेदन अनुसार उक्त द्वन्द्वको क्रममा भएका ज्यादतीहरूमध्ये ८५ प्रतिशत राज्य संयन्त्रबाट र बाँकी विद्रोही पक्षबाट भएका थिए ।[58]

एल साल्भाडोरको सत्य आयोगले सत्य अन्वेषण गर्दा सबै घटनाहरू नहेरी समाजमा गम्भीर असर पार्ने प्रकृतिका घटना, निश्चित समूह वा सिमान्तकृत समुदायउपर लक्षित गरी भएका घटनाको छनौट गरी यस्ता घटना घट्नु पछाडिका आर्थिक, सामाजिक, राजनैतिक, र मनोवैज्ञानिक कारण र प्रभावहरूको विश्लेषण गरेको थियो । त्यसो गर्दा आयोगले पीडित, साक्षी, र प्रत्यक्ष रूपमा संलग्न व्यक्तिहरूको भनाई संकलन गरेको थियो । साथै, घटनास्थलको निरीक्षण र अभिलेख तथा प्रमाण सङ्कलनलाई प्राथमिक श्रोत रूपमा लिइएको थियो भने विभिन्न संघसंस्थाका प्रतिवेदन, न्यायिक निकायमा रहेका अभिलेख, सञ्चार माध्यमका समाचार जस्ता श्रोतबाट प्राथमिक श्रोतका निष्कर्षलाई संपुष्टि गरेको थियो ।

आयोगले आफ्ना निष्कर्षहरूको विश्वसनियता सुनिश्चित गर्न प्राप्त तथ्य प्रमाणलाई ठोस, मूल्यवान र पर्याप्त गरी तीन तहमा वर्गिकृत गरेको थियो । पर्याप्त प्रमाणको वर्गिकरणमा नपरेका तथ्यलाई निष्कर्षको आधार नै बनाइएन ।

आयोगले आफ्नो प्रतिवेदनमा पीडितको पहिचान गरी क्षतिपूर्तिको सिफारिश गर्नुका साथै ज्यादतीमा संलग्न व्यक्तिहरूको सूची समावेश गर्दै सैनिक र गैर-सैनिक अधिकारी समेतलाई बर्खास्त गर्न सिफारिश गरेको थियो तर अभियोजन गर्ने सिफारिश भने कमजोर कानूनी संरचनाको अभावमा गरिएन । आयोगको प्रतिवेदनलाई सेनाले अस्वीकार गरेता पनि यस आयोगले एल साल्भाडोरको पीडादायी इतिहास उजागर गर्दै सामाजिक मेलमिलाप र दिगो शान्तिको आधार निर्माण गरेको पाइन्छ ।

[57] *From Madness to Hope: the 12-year war in El Salvador: Report of the Commission on the Truth for El Salvador, 1993, Posted by USIP Library on: January 26 2001. Can be accessed at, https://www.usip.org/sites/default/files/file/ElSalvador-Report.pdf, last accessed on 20 December 2024.*

[58] *Commission on the Truth for El Salvador. "From Madness to Hope: The 12-Year War in El Salvador." United Nations, 1993*

## ५.३ कम्बोडिया

सन् २००१ मा कम्बोडियाको राष्ट्रिय सभाले एउटा कानुन[59] पारित गऱ्यो र "कम्बोडियाका अदालतहरुमा असाधारण च्याम्बरहरू *(Extraordinary Chambers in the Courts of Cambodia – ECCC)* को स्थापना गऱ्यो । यी च्याम्बरहरुलाई अनौपचारिक रूपमा खमेर रूज ट्रिब्युनल *(Khmer Rouge Tribunal–KRT)* पनि भनिन्छ । यसैक्रममा कम्बोडियाली सरकार र संयुक्त राष्ट्रसंघबीच सन् २००३ मा उक्त ट्रिब्युनलमा न्यायाधिशहरुको नियुक्ति लगायतका विषयमा सम्झौता भएको थियो ।[60] सम्झौता बमोजिम सन् २००४ मा उल्लेखित कानुनमा संशोधन गरि उक्त ट्रिब्युनलमा कम्बोडियाली अध्यक्ष सहित चारजना न्यायाधीशहरु र अन्तर्राष्ट्रिय तीनजना न्यायाधीशहरु गरी दुई किसिमका न्यायाधीशहरू नियुक्त गरिएको थियो ।

यस ट्रिब्युनलको मुख्य उद्देश्य खमेर रूज शासनकाल (सन् १९७५-१९७९) को त्रासदीपूर्ण द्वन्द्वमा भएका नरसंहार, युद्ध अपराध, र मानवता विरुद्धका अपराधहरूमा संलग्न वरिष्ठ नेताहरू र मुख्य जिम्मेवार व्यक्तिहरूलाई न्यायको कठघरामा ल्याउनु रहेको थियो । उक्त द्वन्द्वमा करिब २० लाख मानिसहरूको मृत्यु भएको थियो ।[61]

द्वन्द्व अन्त्य पछिको करिव दुई दशकसम्म खमेर रूज शासनकालका मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनाहरूको बारेमा औपचारिक सत्य खोजी गर्ने विषयमा खासै छलफल भएको पाईदैन । सन् १९९८ मा खमेर रूज शासनको अन्त्यपछि भने कम्बोडियालीहरूले विगतको बारेमा चासो देखाएको र सरकारले दक्षिण अफ्रिकाका डेसमन्ड टुटुसँग परामर्श गरी सत्य आयोग स्थापना गर्ने सम्भावनाहरुको अध्ययन गरेको देखिन्छ । यसबाट कम्बोडियामा खमेर रूज शासनकालका मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनाहरूको अनुसन्धान गर्न सत्य र मेलमिलाप आयोग स्थापना गर्ने प्रयासहरू भएको तर औपचारिक रूपमा यस्तो आयोग कहिल्यै स्थापना हुन नसकेको देखिन्छ । कम्बोडिया दस्तावेजीकरण केन्द्र *(Documentation Center of Cambodia (DC–Cam)]* ले खमेर रूज शासनकालका अपराधहरूको प्रमाण सङ्कलन र संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसले मासिक पत्रिका *"Searching for the Truth"* प्रकाशित गर्दै आएको छ, जसले जनतालाई विभिन्न जानकारीहरू उपलब्ध गराउँदछ ।[62]

---

[59] *Law on the Establishment of Extraordinary Chambers in the Courts of Cambodia for the Prosecution of Crimes Committed During the Period of Democratic Kampuchea, available at https://www.legal-tools.org/doc/9b12f0/pdf, Accessed on 12 December 2024.*

[60] *Agreement between the United Nations and the Royal Government of Cambodia concerning the prosecution under Cambodian law of crimes committed during the period of Democratic Kampuchea, Phnom Penh, 6 June 2003, available at: https://legal.un.org/avl/ha/abunac/abunac.html?utm_source=chatgpt.com, Accessed on 12 December 2024.*

[61] *https://en.wikipedia.org/wiki/Human_rights_in_Cambodia*

[62] *"सर्चिङ फर द ट्रुथ" पत्रिका यहाँ उपलब्ध छ:* https://d.dccam.org/Projects/Magazines/English_version.htm

*ECCC* ले आफ्नो सोह्र बर्षको अवधिमा तीन प्रमुख व्यक्तिहरू: (१) *Kaing Guek Eav (Duch)*, (२) *Nuon Chea* र (३) *Khieu Samphan* लाई दोषी ठहर गरेको छ । निज तीनजना मध्ये *Kaing Guek Eav (Duch)* (टोल स्लेङ जेलका प्रमुख) लाई हजारौं मानिसहरूको यातना र हत्या गरेको आरोप थियो ।[63] *Nuon Chea* (खमेर रूज पार्टीका दोस्रो उच्च नेता) लाई मानवताविरुद्धका अपराधहरूको लागि दोषी ठहऱ्याईएको थियो ।[64] त्यसैगरी *Khieu Samphan* (खमेर रूज शासनकालका राष्ट्र प्रमुख) लाई पनि मानवताविरुद्धका अपराधहरूको लागि दोषी ठहऱ्याईएको थियो ।[65] यी मुद्दाहरूले कम्बोडियाली जनतालाई न्यायको अनुभूति गराउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

ECCC ले सत्य अन्वेषण प्रक्रियामा देहायबमोजिम केहि प्रमुख कार्यहरू गरेको देखिन्छ :

- **अनुसन्धान र दस्तावेजीकरण :** *ECCC* ले खमेर रूज शासनकालीन मानव अधिकार उल्लंघन तथा ज्यादतीहरूको तथ्य पत्ता लगाउन विस्तृत अनुसन्धान गरेको थियो । यसले साक्षीहरूको बयान र सम्वद्ध दस्तावेजहरू लगायत प्रमाणको सङ्कलन गरी ऐतिहासिक अभिलेख तयार गरेको थियो । यसबाट घटनाहरूको स्पष्टता र न्यायको आधार तयार गर्न मद्दत पुगेको थियो ।
- **सार्वजनिक सुनुवाई :** *ECCC* ले सार्वजनिक सुनुवाईहरूको आयोजना गरेर पारदर्शिता सुनिश्चित गरेको थियो । पीडित र कम्बोडियाली जनतालाई सार्वजनिक सुनुवाई प्रक्रियामा सहभागी हुने अवसर प्रदान गरेको थियो । यस्ता सार्वजनिक सुनुवाईहरूले पीडितहरूलाई निजहरूको पीडा र अनुभव साझा गर्न र अत्याचारहरू बारेको तथ्य उजागर गर्न मद्दत पुऱ्याएको थियो । यस्ता सार्वजनिक सुनुवाइहरू १८ वर्ष माथिका व्यक्ति र विदेशी नागरिकहरूसहित सबैका लागि खुला गरिएका थिए । यसले कम्बोडियाली जनतालाई न्यायिक प्रक्रियामा प्रत्यक्ष सहभागी हुन अवसर प्रदान गरेको थियो । त्यसैगरी, यस्ता सार्वजनिक सुनुवाईहरुमा उपस्थितिलाई प्रोत्साहित गर्न *ECCC* ले कम्बोडियाली समूहहरूलाई अदालत भ्रमणका लागि निःशुल्क यातायात (बस) उपलब्ध गराईएको थियो । यी उपायहरू मार्फत *ECCC* ले पारदर्शिता बढाउन, जनतालाई शिक्षित गर्न, राष्ट्रिय मेलमिलापलाई प्रवर्द्धन गर्न र कम्बोडियाली जनतालाई न्यायिक प्रक्रियामा समावेश गर्न प्रयास गरेको थियो ।
- **पीडितहरूको सहभागिता :** पीडितहरूलाई *ECCC* प्रक्रियामा सहभागी हुने अधिकार दिइएको थियो । यस अधिकारभित्र उजुरी दर्ता, प्रमाण प्रस्तुत गर्ने र बयान दिन पाउने सुविधा समावेश थिए । पीडित र साक्षीहरूलाई अनुभव साझा गर्न आमन्त्रित गरिएको थियो । यसबाट खमेर रूज युगका अत्याचारहरू बारेको समग्र बुझाईमा योगदान पुगेको थियो । साथै, यस प्रकारको सहभागीताले पीडितहरूलाई सशक्त बनाएको थियो र उनीहरूको पीडालाई पहिचान गरेको थियो ।

[63] *केइङ गुएक इअव (डच) र निज विरुद्धको मुद्दासम्बन्धि विवरण: https://eccc.gov.kh/en/cases/charged-profile/kaing-guek-eav*
[64] *नुओन चिया र निज विरुद्धको मुद्दासम्बन्धि विवरण:https://eccc.gov.kh/en/cases/charged-profile/nuon-chea*
[65] *खिउ सम्पानर निज विरुद्धको मुद्दासम्बन्धि विवरण: https://eccc.gov.kh/en/cases/charged-profile/khieu-samphan*

- **जनचेतना र शिक्षा :** *ECCC* ले कम्बोडियाली जनतालाई आफुले गरिरहेको कामका साथै खमेर रूज शासनकालीन घटनाहरूको सम्वोधनका बारेमा जानकारी दिन र जनचेतना जगाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको थियो । यस्ता पहलहरूले राष्ट्रिय मेलमिलाप प्रवर्द्धन गर्न र भविष्यमा विगतका जस्ता अत्याचारहरू रोक्न मद्दत पुऱ्याएको थियो । यसभित्र अध्ययन भ्रमण, भिडियो प्रदर्शन र विद्यालय व्याख्यानहरू आयोजना गरेर जनतालाई अदालतको काम र ऐतिहासिक सन्दर्भबारे जनचेतना फैलाउने काम गरिएको थियो । त्यसैगरी *ECCC* ले कम्बोडियाली जनतालाई आफुले प्रयोग गरेको संसाधन र प्रक्रियाबारे जानकारी प्रदान गरेर न्यायिक प्रक्रियाको महत्व र संक्रमणकालीन न्यायको बारेको बुझाईलाई बढाउने काम गरेको थियो । *ECCC* ले आम सञ्चार माध्यमलाई सुनुवाईहरूमा पहुँच प्रदान गरेको थियो जसले अदालती परीक्षण बारेको जानकारी श्रोता/दर्शकसामु पुऱ्याउन मद्दत गरेको थियो ।

## ५.४ कोलम्बिया

सत्यको प्रष्टिकरण, सहअस्तित्व र पुनरावृत्ति नहुने कुराको सुनिश्चततताका लागि स्थापित आयोग *(Commission for the Clarification of Truth, Coexistence, and Non–Repetition)* भनेर चिनिने कोलम्बियाली सत्य आयोगको स्थापना सन् २०१६ मा कोलम्बियाली सरकार र क्रान्तिकारी सशस्त्र बल *(FARC)* बीच भएको शान्ति सम्झौतासँगै भएको हो । कोलम्बियाको आन्तरिक सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीहरूको अनुसन्धान गर्नु र सो सम्बन्धमा प्रष्ट पार्नु नै यस आयोगको मुख्य कार्यादेश हो । आफ्ना कामकारवाही सञ्चालनको लागि आयोगले पीडित केन्द्रित दृष्टिकोण अवलम्बवन गरिरहेको पाईन्छ जस अन्तर्गत पीडितका भोगाई तथा सोसँग सम्बन्धित बयानलाई अभिलेखीकण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ । कोलम्बियाको सत्य आयोगले पीडित केन्द्रित पद्धति अपनाएका कारण पीडितका पीडाको स्वीकारोक्तिका अतिरिक्त निजहरूको गुमेको प्रतिष्ठाको पुनर्स्थापना गर्न योगदान पुऱ्याउने विश्वास लिइएको छ ।

व्यक्तिगत र सामूहिक बयान, सार्वजनिक सुनुवाई र लिखित प्रतिवेदनहरूको माध्यमबाट जानकारी सङ्कलन गर्ने योजनाका साथ आयोगले व्यापक रूपमा तथ्याङ्क सङ्कलन गरेको पाईछ ।

कोलम्बियाली सत्य आयोगले २०२२ मा आफ्नो अन्तिम प्रतिवेदन सार्वजनिक गरेको थियो, जसमा २३ खण्डमा समेटिएको विस्तृत दस्तावेज समावेश रहेको छ । यसले देशको आन्तरिक सशस्त्र द्वन्द्वको विस्तृत विवरण उजागर गर्ने, त्यसका कारण र जिम्मेवार पक्षहरू पहिचान गर्ने, र दिगो शान्तिका लागि आवश्यक सिफारिसहरू प्रस्तुत गरेको छ । यसको निष्कर्षहरूमा द्वन्द्वले पीडितहरूमा पारेको विनाशकारी प्रभाव, विभेदजस्ता संरचनात्मक कारणहरूको भूमिका, र हिंसा, लागुऔषध कारोबार तथा भ्रष्टाचारबीचको आपसी सम्बन्ध समावेश छन् । प्रतिवेदनले सेना सम्बन्धी सुधार, लागुऔषध नीतिको पुनर्विचार, ग्रामीण सुधार जस्ता क्षेत्रमा रूपान्तरणकारी परिवर्तनहरू गर्न सुझाव दिएको छ, र भविष्यका शान्ति पहलहरूका लागि एक आधारभूत दस्तावेज बनेको छ ।

उपरोक्त उल्लेखित कार्यपद्दतिका अतिरिक्त सशस्त्र द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका सम्बन्धमा सत्य अन्वेषणमा आफ्नो कामको प्रभावकारिता बढाउन र सत्य खोजीको प्रक्रियालाई सुदृढ तुल्याउन कोलम्बियाली सत्य आयोगले देहाय बमोजिमका महत्वपूर्ण विधि र दृष्टिकोण समेत अवलम्बन गरेको पाईन्छ ।

- **मातृभाषामा संवाद र परामर्शको आयोजना :** विविध सांस्कृतिक र जातीय समूहहरूको अनुभव र आवाजलाई समेट्न आदिवासी, अफ्रो-कोलम्बियाली र ग्रामीण समुदायहरूको वास्तविकता बटुल्न ती समुदायहरूको मातृभाषामा संवाद र परामर्शको आयोजना गरिएको ।
- **लैङ्गिक दृष्टिकोण :** लैङ्गिक हिंसा, विशेष गरी महिला र *LGBTIQ* + व्यक्ति, विरूद्ध भएका ज्यादती केन्द्रित अनुसन्धान सञ्चालन गरिएको जसका माध्यमबाट लैङ्गिक न्याय प्रवर्द्धन गर्दै द्वन्द्वको प्रभावलाई व्यापक रूपमा उजागर गर्न खोजिएको ।
- **मेलमिलाप प्रवर्द्धन :** पीडित र पीडकबीचको संवादका लागि सुरक्षित स्थान चयन गरी सहजीकरण गरिएको जसले मेलमिलापलाई प्रोत्साहन गर्दै द्वन्द्वोत्तर समाजलाई सुदृढ र समृद्ध बनाउन मद्दत पुऱ्याएको ।
- **शैक्षिक गतिविधि र जनचेतना :** आफ्ना निर्णय एवं निष्कर्षहरू सार्वजनिक गर्ने काममा मात्र ध्यानदृष्टि केन्द्रित नगरी विभिन्न शैक्षिक कार्यक्रम र अभियानमार्फत् द्वन्द्वका कारण र प्रभाव तथा भोगाई र सिकाईबारे जनचेतना अभिवृद्धि गरिएको जसले द्वन्द्वकालीन इतिहास र सत्यलाई दीर्घकालीक बनाउने अपेक्षा गरिएको ।
- **डिजिटल प्रविधिको प्रयोग :** प्रवासी र ग्रामीण समुदायसँग सम्पर्क कायम गर्न तथा छलफल र परामर्श आयोजन गर्न डिजिटल प्लेटफर्महरू, भिडियो कन्फरेन्स, र अनलाइन माध्यम जस्ता प्रविधिको उच्चतम प्रयोग गरिएको जसले समग्र प्रक्रियालाई नै समावेशी र व्यापक बनाएको ।
- **स्थानीय संघसंस्थाहरुसँग समन्वय र सहकार्य :** समुदायस्तरका निकाय, गैर-सरकारी संस्था र शान्ति निर्माणमा क्रियाशिल अन्य सघ संस्थाहरूसँग समन्वय र सहकार्य मार्फत् सत्य अन्वेषणलाई सुदृढ तुल्याइएको ।
- **राष्ट्रिय सम्झौता दिवस घोषणा :** पीडितलाई राष्ट्रिय स्तरमा सम्मान गर्न र द्वन्द्वका भोगाईबारे समाजलाई सुसुचित गर्ने उद्देश्यले शान्ति सम्झौता भएको दिनलाई विशेष दिनको रूपमा मनाउने गरिएको ।
- **विशेषज्ञसँग परामर्श :** द्वन्द्वकालीन घटना र तथ्यहरूको गहिरो अध्ययन, अनसन्धान र विश्लेषण गर्न ईतिहासकार, समाजशास्त्री, मानव अधिकार विज्ञ, र द्वन्द्व विशेषज्ञहरूसँग परामर्श गरिएको ।

यसप्रकार, सत्य अन्वेषणमा कोलम्बियामा अवलम्बन गरिएका माथि विवेचित विधि र प्रक्रियाले दिगो शान्ति र सामाजिक पुनर्निर्माणतर्फ कोलम्बियाली समाजलाई उन्मुख गर्न महत्वपूर्ण योगदान पुऱ्याईरहेको भनि निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.५ ग्वाटेमाला

सन् १९६२ देखि सन् १९९६ अवधिबीच भएका प्रणालीगत हिंसा र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको पहिचान गर्ने कार्यादेश प्राप्त ग्वाटेमालाको सत्य आयोगले ग्वाटेमालाको आदिवासी समुदायका करिब ७,२०० व्यक्तिसँग समूहगत अन्तर्वार्ताको माध्यमबाट उल्लङ्घनका घटनाहरूको दस्तावेजीकरण गर्ने काम गरेको थियो ।[66] ग्वाटेमालामा अहिले पनि उल्लेखित समयका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीहरूको अभिलेखीकरण एवं अनुसन्धान गर्ने काम भैरहेको देखिन्छ । उल्लेखित समयावधिमा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको अनुसन्धान विधिविज्ञानमा आधारित र मानवशास्त्रीय अवधारणा अनुकुल सञ्चालन गरिनुका अतिरिक्त डेटावेसको उपयोग तथा इतिहास, मानवशास्त्र एवं समाजशास्त्रीय दृष्टिकोण सतेतलाई मध्यनजर गर्दै सूचनाको संङ्कलन र द्वन्द्वका व्यापक कारणहरुको विश्लेषण गर्ने काम गरिएको थियो । अपराधमा संलग्न व्यक्तिको व्यक्तिगत विवरण आफ्नो प्रतिवेदनमा उल्लेख गर्न ग्वाटेमालाको सत्य आयोगलाई वर्जित गरिएको थियो तसर्थ प्रणालीगत र संस्थागत हिंसाको अभिलेखीकरण र अनुसन्धानमा मात्र आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने यस आयोगको बाध्यता रहेको देखिन्छ ।

*CEH* ले आफ्नो अन्तिम प्रतिवेदन *Guatemala Memoria del Silencio* (मौनताको स्मृति) फेब्रुअरी १९९९ मा सार्वजनिक गर्यो । दिइएको कार्यादेश अनुसार व्यक्तिगत अपराधीको नाम खुलाउन निषेध गरेका कारण आयोगले संस्थागत जिम्मेवारी पहिचान र हिंसाका सामूहिक तथा संरचनागत ढाँचाहरूको नक्सांकनमा ध्यान केन्द्रित गर्यो । प्रतिवेदनले राज्यका सुरक्षा निकायहरू द्वन्द्वका अधिकांश उल्लंघनका लागि प्रत्यक्ष जिम्मेवार रहेको र धेरै क्षेत्रमा माया समुदायविरुद्ध नरसंहार समेत गरिएको निष्कर्ष निकालेको थियो । प्रतिवेदनका सिफारिस व्यापक रहेको जसमध्ये सुरक्षा निकाय तथा सुरक्षासम्बन्धी संरचनामा सुधार, गम्भीर अपराधबापतको न्यायिक जवाफदेहीता, राष्ट्रिय पुनर्स्थापना कार्यक्रमको स्थापना, आदिवासी अधिकारहरूको संवैधानिक मान्यता, ऐतिहासिक स्मृतिको संरक्षण र पुनरावृत्ति रोक्ने प्रणालीगत उपायहरू प्रमुख थिए । *CEH* को कार्यादेश समाप्त भएपछि पनि सत्य अन्वेषणको कार्य रोकिने भन्ने होइन । पछिल्ला वर्षहरूमा विधिविज्ञानसँग सम्बन्धित अनुसन्धान, समुदाय-नेतृत्वका पहलहरू, अभिलेख तथा डेटाबेस-आधारित दस्तावेजीकरण निरन्तर विकसित हुँदै आएका छन्। नागरिक समाज, आदिवासी संस्थाहरू र अन्तर्राष्ट्रिय साझेदारहरूको सक्रिय सहभागिताले यस किसिमका प्रयासहरूले घरेलु मुद्दामा न्यायिक प्रक्रिया, स्मृतिसम्बन्धी कार्य तथा पुनर्स्थापना पहललाई थप सुदृढ बनाएका छन् । बहुविषयक सत्य अन्वेषण विधिहरूले औपचारिक आयोगको कार्य समाप्त भएपछि पनि विगतका अत्याचारलाई उजागर गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् भन्ने कुरा ग्वाटेमालाको अनुभवले देखाएको छ ।

---

[66] *Commission for Historical Clarification (CEH), ( 1999) "Memory of Silence (Memoria del Silencio)," United Nations,*

## ५.६ दक्षिण अफ्रिका

दक्षिण अफ्रिकामा सन् १९९५ मा मेलमिलाप र राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने कानून जारी गरी सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गरियो । यद्यपि यसअघिका सबै सत्य आयोगहरूका आ-आफ्नै विशेषता र योगदान छन्, तर दक्षिण अफ्रिकी सत्य र मेलमिलाप आयोगलाई प्रगतिशिल मध्येको एक मानिँदै आएको छ । अर्जेन्टिना र चिलीका सत्य अन्वेषणको अवधारणाबाट प्रेरित भएको भनी दक्षिण अफ्रिकी सत्य निरूपण तथा मेलमिलाप आयोगको प्रतिवेदनमा उल्लेख गरिएको भएता पनि यो नै पहिलो यस्तो आयोग रहेको थियो जसलाई सत्य बोलेको बदलामा माफी दिने अधिकार प्राप्त थियो । आयोगका अध्यक्ष डेस्मण्ड टुटुले “मेलमिलाप” लाई आयोगको मुख्य लक्ष्य बनाएका थिए भने “क्षमादान” लाई त्यसको मुख्य माध्यम बनाईएको थियो ।[67] सार्वजनिक सुनुवाईलाई दक्षिण अफ्रिकी सत्य निरूपण प्रक्रियाले अभिन्न अङ्गको रूपमा अङ्गीकार गरेको पाइन्छ ।

दक्षिण अफ्रिकाको उक्त आयोगलाई सन् १९६० देखि १९९४ को अवधिमा रंगभेदका आधारमा भएका गम्भीर मानव अधिकार उल्लङ्घन तथा ज्यादतीहरूको अभिलेखीकरण गर्ने, अनुसन्धान गर्ने र सिफारिश सहितको प्रतिवेदन तयार गर्ने कार्यादेश दिइएको थियो । यसलाई आफ्नो प्रतिवेदनमा माफी, परिपूरण र अभियोजनको सिफारिश गर्न सक्ने अधिकार पनि प्रदान गरिएको थियो । त्यसैगरी, यस आयोगलाई पीडित, पीडक र आमजनतालाई सार्वजनिक सुनुवाइमार्फत पीडितले भोगेको पीडालाई कथाको रूपमा भन्न लगाउने र निजहरूलाई मेलमिलाप प्रक्रियामा संलग्न गराई आफ्नो कार्यादेश सम्पन्न गर्ने विशिष्ट कार्यादेश दिईएको थियो ।

उल्लेखित कार्यादेशका अतिरिक्त दक्षिण अफ्राकाको सत्य आयोगलाई अन्य केही कार्यादेश पनि प्रदान गरिएको थियो । पहिलो, आयोगका काम कारवाहीको बारेमा जनचेतना अभिवृद्धि गर्ने र दोस्रो रंगभेद कालमा भएका गम्भीर र संरचनात्मक मानवअधिकार उल्लङ्घनका बारेमा दक्षिण अफ्रिकी जनताको सामुहिक र साझा धारणा निमार्ण गर्ने ।[68]

उल्लेखित उद्देश्य पुरा गर्न दक्षिण अफ्रिकाले चार प्रकारका सत्य अन्वेषणका विधिहरू अपनाएको पाइन्छ । पहिलो, तथ्यपरक अथवा विधिविज्ञानसँग सम्बन्धित सत्य *(Factual or Forensic Truth)*, दोश्रो, वैयक्तिक अथवा वर्णनीकृत सत्य *(Personal or Narrative Truth)*, तेश्रो, सामाजिक अथवा संवादपरक सत्य *(Social or Dialogue Truth)* र चौथो, उपचारात्मक अथवा पुर्नस्थापकीय सत्य *(Healing or Restorative Truth)* ।

[67] *Desmond Tutu,( 1999) No future without forgiveness, New York: Doubleday.*
[68] *Martha Minow, Between vengeance and forgiveness: Facing history after genocide and mass violence (Boston: Beacon Press, 1998).*

तथ्यपरक अथवा विधिविज्ञानसँग सम्बन्धित सत्य परीक्षणयोग्य हुन्छ । यो सत्य अन्वेषणको विधिले खासगरी वैयक्तिक वा वर्णनीकृत सत्यको पुष्टि वा खण्डन गर्न मद्दत गर्दछ । आत्मगत भन्दा पनि निश्चित मापदण्ड र कार्यविधिका आधारमा सत्य निरूपण गर्न यो विधिको प्रयोग गर्ने गरिन्छ ।

दक्षिण अफ्रिकी सत्य तथा मेलमिलाप आयोगले वैयक्तिक अथवा वर्णनीकृत तथ्यलाई परिभाषित गरेको थिएन तर केही हदसम्म यसले आयोगसमक्ष उपस्थित भई आफ्ना भनाई र दृष्टिकोण राख्ने व्यक्तिप्रति कृतज्ञता प्रकट गर्ने र निजहरूका भनाई आत्मसात गरेको थियो भन्न सकिन्छ ।

दक्षिण अफ्रिकी सत्य आयोगले सामाजिक सत्यलाई आयोगको प्रक्रिया र लक्ष्यसँग बिल्कुल मेल खाने विषयका रूपमा हेरेको थियो । न्यायाधिश *Albie Sachs* ले अनुभवजन्य सत्यको महत्वबारे उजागर पनि गरेकी थिइन्, जो वास्तवमा अन्तरक्रिया, छलफल र बहसको परिणाम हो । साधारणतया यसैलाई सामाजिक सत्य भनिने हो । सामाजिक सत्यले जोड़ दिने विषय भनेको लक्ष्यसम्म पुग्ने प्रक्रिया नै हो किनकि यस प्रक्रियाले अन्य कुराका अतिरिक्त मानवजातिको सम्मानमा ठेस नपुगोस् भन्ने कुराको सुनिश्चितताको माग गर्दछ ।

मानवीय सम्बन्ध बनाईराख्ने परिप्रेक्ष्यमा उपचारात्मक अथवा पुर्नस्थापकीय सत्यलाई प्रयुक्त गरिने हो, जसले भोगिएका पीडाको आम स्वीकारोक्तिको माध्यमबाट पीडितको आत्मसम्मान पुर्नस्थापित गर्न समेत मद्दत गर्दछ । रंगभेदका कारण व्यापक र प्रणालीगत रूपमा भएको हिंसालाई भन्दा व्यक्तिगत उल्लङ्घनहरूमा मात्र केन्द्रित हुनुपर्ने गरी तोकिएको सीमित कार्यक्षेत्रलाई यस आयोगले भोग्नु परेको चुनौतीको रूपमा हेरिएको थियो ।

## ५.७ पेरू

पेरूको सत्य आयोगलाई दुई दशक (सन् १९८०-२०००) लामो हिंसात्मक अवधिमा बेपत्ताभएका व्यक्तिहरू, हत्या, नरसंहार, यातना र आतंकवादजस्ता मानव अधिकारको उल्लंघन तथाज्यादतीहरूको अनुसन्धान गर्ने कार्यादेश दिइएकोमा उक्तआयोगले सार्वजनिक सहभागितालाई प्राथमिकतामा राख्दै स्वेच्छिक र पीडित केन्द्रित प्रक्रियाअपनाई सत्यको अन्वेषण गरेको थियो । आयोगले गुणात्मक *(Qualitative)* र परिमाणात्मक *(Quantitative)* विधिहरूको प्रयोग गरी हिंसाको प्रवृत्ति *(Patterns)* र कारणहरू दस्तावेजीकरण रविश्लेषण गरेको थियो भने हिंसात्मक कार्यका लागि व्यक्तिगत भन्दा पनि सामुहिक जवाफदेहीतालाई अनुसन्धानको विषय बनाएको थियो ।

पेरूभियन सत्य आयोगले आफ्नो अनुसन्धानका लागि पीडित तथा साक्षीहरूले स्वैच्छिक रुपमा दिएको बयान, अभिलिखित सार्वजनिक सुनुवाई र मानव अधिकार संस्था एवं सरकारी निकायहरूबाट गरिएको अभिलेखीकरणलाई नै मुख्यतया आधार बनाएको थियो । सबभन्दा धेरै मानव अधिकार उल्लंघन बेहोरेका ग्रामीण र सिमान्तकृत समुदायहरूमा आयोगले आफ्नो पहुँच विस्तार गरेको थियो । तर बयान तथा प्रमाण कागजका लागि कुनै व्यक्ति वा संस्थालाई समाव्हान जारी गर्ने अधिकार *(Subpoena Power)* भने पेरूभियन सत्य आयोगलाई दिइएको थिएन । यसप्रकार समाव्हान जारी गर्ने अधिकारको अभाव

लगायत सिमित स्रोतसाधन र सामाजिक विभाजनका कारण सिजृत चुनौतीहरूको सामना पेरूभियन सत्य आयोगले गर्नु परेको थियो । अतः द्वन्द्वकालीन हिंसाको सत्य अन्वेषण गर्न आयोगले कठिनाई झेल्नु परेको थियो । पेरूभियन सत्य आयोगले अवलम्बन गरेका मुख्य विधि देहाय बमोजिम रहेका थिए ।

- **सार्वजनिक सुनुवाई :** स्वैच्छिक र पैरवीरहित सुनुवाईहरूको सञ्चालन तथा सार्वजनिक रूपमा प्रसारण गरिएको थियो । आयोगको अनुसन्धानमा यसले पारदर्शिता र व्यापक सहभागिता सुनिश्चित गरेको देखिन्छ ।
- **बयान सङ्कलन :** पीडित, साक्षी र नागरिक समाजका प्रतिनिधिहरूबाट द्वन्द्वकालीन मानव अधिकार उल्लंघन तथा ज्यादतीका बारेमा मौखिक तथा लिखित बयान सङ्कलन गरिएको थियो । यसका अतिरिक्त मानव अधिकारका क्षेत्रमा क्रियाशिल संघसंस्थाका प्रतिवेदन र सार्वजनिक भएका सरकारी दस्तावेजलाई पनि आयोगले आफ्नो सन्दर्भ सामाग्री बनाएको थियो ।
- **अनुसन्धान तथा विश्लेषण :** बेपत्ता पार्ने घटनाहरू, हत्या र लैङ्गिक हिंसाजस्ता अपराधहरूको अनुसन्धान गरिएको थियो । यसका लागि व्यापक छलफल तथा परामर्श कार्यक्रमहरू (जस्तै, सैनिक र राजनैतिक नेताहरूसँगको परामर्श) र हिंसा भएको भुगोल, जातियता र हिंसाको प्रकृति र प्रकारको नक्साङ्कन *(Mapping)* र विश्लेषण गर्ने काम गरिएको थियो ।
- **तथ्याङ्कीय नमुना विधि :** अधूरो तथ्याङ्क प्राप्त भएका घटनामा तथ्याङ्कीय विधिको प्रयोग गरी पीडितहरूको संख्याको बारेमा अनुमान लगाउने र जिम्मेवार समूहहरूको जवाफदेहीता निर्धारण गर्ने काम गरिएको थियो ।
- **विधिविज्ञानसँग सम्बन्धित अनुसन्धान *(Forensic Test)* :** सीमित घटनामा उल्लंघन तथा ज्यादतीहरुसँग सम्बन्धित प्रमाणहरू प्राप्त गर्न र पीडित परिवारहरूलाई राहत दिन पेरूभियन सत्य आयोगले सामूहिक चिहानहरूको उत्खनन गर्ने काम पनि गरेको थियो तर साधन स्रोतको अभावका कारण उत्तखनन सम्बन्धी उक्त कार्यलाई व्यापकता दिन भने आयोगले सकेन ।
- **पहुँच र सञ्चार :** सत्य अन्वेषण बारेमा जनचेतना अभिवृद्धि गर्न र बढीभन्दा बढी नागरिकलाई प्रक्रियामा समावेश गराउन आमसञ्चार अभियान, टेलिभिजन प्रसारण र प्रकाशित प्रतिवेदनहरूको उपयोग गरिएको थियो ।

## ५.८ लाईबेरिया

लाईबेरियामा सन् २००३ मा भएको शान्ती सम्झौताको परिणामस्वरुप सन् २००५ मा बनेको सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन अर्न्तगत आयोग गठन भएको थियो । उक्त आयोगले सन् २००६ देखी कार्य प्रारम्भ गरी सन् २००९ मा प्रतिवेदन बुझाएको थियो । उक्त आयोगलाई सन् १९८९ देखी सन् २००३ सम्म चलेको गृहयुद्धका क्रममा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको सत्य

अन्वेषण गर्ने, समाजमा मेलमिलाप गराउने र पीडितहरूलाई परिपूरणको निम्ति सिफारिश गर्ने कार्यादेश रहेको थियो ।[69]

सत्य अन्वेषण गर्ने प्रयोजनार्थ उक्त आयोगले देहायका चारवटा सत्यका आयाम पहिचान गर्दै सत्य यकिन गरेको थियो[70] :

(१) वस्तुनिष्ठ वा तथ्यगत सत्य,

(२) व्यक्तिगत वा ऐतिहासिक सत्य,

(३) सामाजिक वा दोहोरो संवादमा आधारित सत्य, र

(४) उपचारात्मक र पुर्नस्थापकीय सत्य ।

वस्तुनिष्ठ वा तथ्यगत सत्य भन्नाले तोकिएको अवधिमा (लाईबेरियाको हकमा सन् १९७९ देखि २००३ सम्म) के-के भएको थियो भनेर सार्वजनिक र आधिकारिक रूपमा स्वीकार गर्ने प्रक्रिया हो । लाइबेरियाली सत्य आयोगले मानव अधिकारका ज्यादतीहरू सम्बन्धी सूचना र प्रमाणहरुको सङ्कलनका साथै सार्वजनिक तथा गोप्य सुनुवाइ र साक्षीहरूका कथनको माध्यमबाट दोषीहरूको पहिचान गर्न आह्वान गरेको थियो ।

सञ्चालन, प्रशासनिक र श्रोतसाधन जस्ता समस्याका कारण वस्तुनिष्ठ सत्यको खोजीमा लाइबेरियाको सत्य आयोगले सुखद शुरूवात गर्न सकेन । प्रशासनिक सचिवालय गठन गर्न असफल हुनुका साथै आफ्ना लागि विस्तृत कार्य-योजना तयार पार्न पनि आयोगले सकेन । निश्चित मापदण्डको अभावमा आयुक्तहरू स्वयंले धेरैजसो प्रशासनिक र सुपरिवेक्षकीय गतिविधि सञ्चालन तथा व्यवस्थापन गरेका थिए । फलस्वरूप, आयोगका कतिपय काम अधुरै रहे भने धेरैजसो अप्रभावकारी र विवादास्पद रूपमा सम्पन्न हुन पुगे । आफ्नो कार्यादेश *(Mandate)* र कार्यक्रम *(Program)* बारेमा राजधानी बाहिरका लाइबेरियाली जनतालाई प्रचार प्रसार र स्पष्ट पार्ने प्रयास आयोगले गरेको भएता पनि उक्त प्रयास अपर्याप्त देखिएका थिए । आयोगका प्रमुख कर्मचारीहरूको लगातारको हेरफेरलाई यस समस्याको एक प्रमुख कारकको रूपमा हेरिएको थियो । साथै, बजेट तथा वित्तिय स्रोतहरूको निकासामा भएको ढिलाईका कारण पनि यस आयोगका प्रयासहरू अवरूद्ध हुन पुगेका थिए ।[71]

मन्द शुरूवातका बावजुद लाइबेरियाको सत्य आयोगले द्वन्द्वको इतिहासलाई प्रभावकारी रूपमा दस्तावेजिकरण गर्नका लागि स्पष्ट आधार भने तयार गरेको थियो । सबैभन्दा पहिले, यस आयोगले सार्वजनिक सुनुवाइहरू हुने भनि तोकिएका मोन्रोभिया र १५ वटा जिल्लाहरूमा जनचेतना अभिवृद्धि अभियानमार्फत् आयोगको भूमिकाबारे प्रचार प्रसार गर्ने र बुझाउने प्रयासलाई दोब्बर बनाएको र उक्त

---

[69] Truth and Reconciliation Commission of Liberia. 2009. *Final Report of the Truth and Reconciliation Commission of Liberia*. Monrovia, Liberia.

[70] *Ibid*

[71] *Sirleaf, Matiangai. 2017. Truth and Reconciliation in Liberia: A Critical Analysis. Cambridge, UK: Cambridge University Press.*

प्रचार प्रसारका लागि सांस्कृतिक, धार्मिक, र खेलकुद लगायतका बहुआयामिक उपाय प्रयोग गर्ने दृष्टिकोण राखेको थियो । छापा *(Print Media)* तथा श्रव्य दृश्य *(Television)* का माध्यमहरूसँग लाइबेरियाली सत्य आयोगको सम्बन्ध सामान्यतया राम्रै रहेको थियो । प्रचारप्रसार मुख्यतया लाइबेरियाको उच्च वर्गलाई लक्षित गरी गरिएको थियो भनि यसबाट बुझ्न सकिन्छ । राजधानी बाहिर जनचेतना अभिवृद्धि गर्न स्थानीय रेडियो स्टेशनहरूको प्रयोग भएको देखिन्छ ।[72]

महत्वाकांक्षी बैठक तालिका अवलम्बन गर्नुका अतिरिक्त लाइबेरियाली सत्य आयोगले मानव अधिकार ज्यादती विरुद्धका उजुरीउपरको सुनुवाई सार्वजनिक र निजी दुवै तरिकाबाट सञ्चालन गरेको थियो । सार्वजनिक सुनुवाई आम जनताका लागि खुला राखिनुका साथै रेडियो र टेलिभिजनमा समेत प्रसारण गरिएका थिए । सुनुवाईका सामग्री तयार पारी आयोगको *Webpage* मा समेत राखिएको थियो । देशभित्रै रहेका व्यक्ति र प्रवासीलाई समेत आफ्ना औपचारिक वक्तव्य अनलाइनमा पेश गर्न सक्ने सुविधा सहितको वेबसाइट जर्जिया इन्स्टिच्युट् अफ् टेक्नोलोजीको सहकार्यमा विकास गरिएको थियो जसले मानिसहरूलाई आफ्ना श्रव्य दृश्य सामाग्री, समाचार र जानकारीहरू अपलोड गर्ने सुविधा प्रदान गर्नुका साथै छलफलका लागि मञ्च समेत उपलब्ध गराएको थियो । सार्वजनिक सुनुवाई लाइबेरियाका १५ वटै जिल्लाका अतिरिक्त अमेरिका, बुरूण्डीको बुजुम्बुरा शहर र घानामा समेत आयोजना गरिएका थिए । जहाँसम्म निजी सुनुवाईको सवाल छ, त्यस्ता सुनुवाई साक्षीका सुरक्षा वा गरिमा सुनिश्चित गर्न र अल्पसंख्यकको संरक्षणका लागि सञ्चालन गरिएका थिए ।[73]

सुनुवाई र बयान दिने प्रक्रियामा ठूलो संख्यामा महिलाहरूलाई समावेश गरिएको थियो । यद्यपि लाईबेरियाली सत्य आयोगको प्रक्रिया समग्रमा सुव्यवस्थित रहेको भएता पनि सबै सुनुवाईहरू सहज रूपमा सञ्चालन हुन भने सकेका थिएनन् । आयोगले सन् २००८ को जुलाईदेखि अक्टोबरसम्म अमेरिकाको क्यालिफोर्निया राज्यको मोन्रोभिया भन्ने शहरमा खास १४ विषयवस्तु *(Theme)* मा आधारित सुनुवाईहरू आयोजना गर्ने र नोभेम्बरमा मेलमिलापसम्बन्धी राष्ट्रिय सम्मेलनमार्फत् समापन गर्ने योजना बनाएको थियो । महिला, बालबालिका तथा युवा, द्वन्द्वको समसामयिक इतिहास, अभियोजन, ऐतिहासिक पुनरावलोकन, बाह्य पक्षहरू, आर्थिक अपराध, धार्मिक, परम्परागत र सांस्कृतिक पक्षहरू, शिक्षा र सार्वजनिक सेवा, न्यायपालिका एवं राष्ट्रिय विधायिका र विद्यार्थी आन्दोलन तथा श्रमिक संघसंगठनहरू यस्ता विषय वस्तुगत सुनुवाई *(Thematic Hearings)* का शीर्षकरहेका थिए । सुनुवाईका अतिरिक्त मानव अधिकार उल्लङ्घनका घटनाहरूकोव्यापक सर्वेक्षण समेत सञ्चालन गरिएको थियो ।[74]

मानव अधिकार उल्लङ्घनका घटनासम्बन्धी पीडित, पीडक तथा साक्षीको बयान सङ्कलन गर्ने २०० भन्दा बढी व्यक्तिलाई आयोगले तालिम दिएको थियो । यस्ता तालिमप्राप्त व्यक्तिहरूले देशभरबाट करिब १६,००० बयानहरु सङ्कलन गरेका थिए । सङ्कलन गरिएका उक्त बयानहरूको संख्यालाई हेर्ने हो भने ठूलो

[72] *Truth and Reconciliation Commission of Liberia. 2009. Final Report of the Truth and Reconciliation Commission of Liberia. Monrovia, Liberia.*
[73] *Ibid*
[74] *Ibid*

जनसंख्या भएको छिमेकी सिएरा लियोनको सत्य आयोगको तुलनामा लाइबेरियाको आयोगले हजारौं धेरै व्यक्तिका बयान सङ्कलन गरेको थियो । आयोगले पश्चिम अफ्रिका र संयुक्त राज्य अमेरिकामा बसोवास गर्ने लाइबेरियाली प्रवासीहरूबाट थप २ देखि ३ हजार बयान समेत सङ्कलन गरेको थियो । लाईबेरियाली सत्य आयोग नै पहिलो यस्तो सत्य आयोग हो जसले सीमित श्रोत र साधनका बावजुद प्रवासमा बस्ने लाइबेरियाली समुदायलाई पनि आयोगको प्रक्रियामा व्यवस्थित रूपमा समावेश गरेको थियो जुन मानव अधिकार पक्षधरहरूको सहयोग, समन्वय र सहकार्यमा सम्भव भएको थियो । सत्य आयोगले समस्याको समाधान गरेको हेर्न र सुन्न लाइबेरियालीहरू चाहन्थे भन्ने कुरा संङ्कलित तथ्य र तथ्याङ्कले देखाउँदछ । लाइबेरियाली नागरिकहरूलाई आयोगमा आउन र बयान दिन आयोग पदाधिकारीहरूले प्रोत्साहित गरेका थिए ।[75]

सङ्कलित कथनहरूको सङ्केतिकरण *(Coding)* आयोगका कर्मचारीले पश्चिमी गैरसरकारी संस्था *BENETECH* को प्राविधिक सहयोगमा गरेका थिए र प्रतिवेदन लेखनका लागि डेटाबेस *(Database)* नै तयार पारिएको थियो । लाईबेरियाली द्वन्द्वसँग सम्बन्धित अध्ययन/अनुसन्धान गर्नेहरूका लागि यो डेटाबेस जानकारीको राम्रो स्रोत बनेको देखिन्छ । विदेशी साझेदारहरूसँगको सहकार्यमा सर्वेक्षणात्मक अनुसन्धान गर्ने र अनुसन्धान अवधिमा भएका मानव अधिकार उल्लङ्घनहरूको तौरतरिका *(Pattern)* को नक्साङ्कन *(Mapping)* गर्ने महत्वाकांक्षा पनि लाईबेरियाली सत्य आयोगले राखेको थियो । त्यसैगरी, पीडितीकरणका विशिष्ट घटनाहरूको अनुसन्धान गर्न एउटा छुट्टै छानविन इकाई *(Inquiry Unit)* स्थापना गरिएको थियो । गम्भीर मानव अधिकार उल्लङ्घनका घटना समावेश भएको २०-२४ वटा तथाकथित "विण्डो केसहरू" *(Window Cases)* मा यस इकाईले विशेष ध्यान केन्द्रित गरेको थियो । उक्त इकाईका कर्मचारीहरूले लाइबेरियाली द्वन्द्वको इतिहासमा महत्वपूर्ण मानिएका केही विषयगत *(Thematic)* मुद्दाहरूमा पनि अनुसन्धान गर्ने योजना बनाएका थिए । उक्त छानविन इकाईले यस प्रकारको महत्वपूर्ण जिम्मेवारीका कारण चुनौतीहरूको समेत सामना गर्नु परेको थियो । आफ्नो उक्त चुनौतिपूर्ण जिम्मेवारी पुरा गर्दै विषयगत मुद्दाहरुको सुनुवाई र मुद्दा व्यवस्थापनको काम उक्त इकाईले सम्पन्न गरेको थियो ।[76]

आयोगमा बयान दिन लाईबेरियाली द्वन्द्वका केही चर्चित नाम (व्यक्तिहरू) आएको भएता पनि अन्य केही ठूला नाम भने आयोगमा देखा परेनन् । कोही पनि कानूनभन्दा माथि छैन भन्ने कुरा प्रमाणित गर्न र लाईबेरियाली द्वन्द्वको सत्यतथ्य सङ्कलन गर्न पनि लाईबेरियाका कार्यकारी, विधायिका र न्यायपालिकाका शक्तिशाली व्यक्ति पनि प्रक्रियामा सहभागी हुनुपर्छ भन्ने थियो । पूर्व राज्यपरिषद् मन्त्री *Oscar Jaryee Quiah,* प्रमुख राजनीतिज्ञ *Dr. Togba_Nah Tipoteh,* पूर्व प्रधान न्यायाधीश काउन्सिलर *Chea Cheapoo,* र *Grand Kru County* का पूर्व सिनेटर *Blamo Nelson* सहितका केही प्रमुख राजनीतिक व्यक्तिहरूले सन् २००८ को अगष्टमा आयोगमा बयान दिने योजना बनाएका थिए । राष्ट्रपति *Ellen Johnson Sirleaf* ले शुरूमा आयोगमा बयान दिने सङ्केत गरेको भएता पनि यस विषयमा पछि उनले अन्यौलता प्रदर्शन गरे । सत्य अन्वेषण प्रक्रियाको सफलताको लागि पनि लामो समयदेखि चल्दै

[75] *Ibid*
[76] *Ibid*

आएको दण्डहिनताको संस्कार तोड्न देशका शक्तिशाली व्यक्तिहरूको सहयोग र सहकार्य महत्वपूर्ण र अपरिहार्य हुने विश्वास आयोग प्रक्रियालाई नजिकबाट नियाल्नेहरूको रहेको थियो । यसका लागि साक्षी झिकाउने *(Subpoena)* अधिकार आयोगलाई दिइएको थियो । गम्भीर मानव अधिकार उल्लङ्घनबारे बताउनका लागि आफ्नो विषयगत र संस्थागत सुनुवाईहरूमा विद्रोही समूहका नेता *Prince Yormie Johnson* लाई समेत झिकाईएको घटना यसको एक दृष्टान्त हो । यद्यपि झिकाउने अधिकारको प्रयोग गर्ने भन्दा पनि द्वन्द्वसँग सम्बन्धित मुख्य पात्रहरूलाई स्वेच्छाले बयान दिन आएमा सम्भावित अभियोजन वा सजाय घटाउन सकिने भनि आव्हान गरिँदा सुनुवाई प्रक्रियामा सहभागिताका लागि नैतिक प्रेरणा मिल्ने अपेक्षा गरिएको थियो ।[77]

## ५.९ हैटी

हैटीमा संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय निकायहरूको मध्यस्थतामा राजनीतिक संक्रमण व्यवस्थापनका लागि भएका विभिन्न पहलहरुको परिणामस्वरूप र राष्ट्रपति *Jean-Bertand Aristide* को कार्यकारी आदेशद्वारा सन् १९९४ मा सत्य र न्याय आयोग *(Commission deVérité et de Justice)* को गठन भएको थियो ।[78] यसबाट हैटीको सत्य र न्याय आयोगको गठन कुनै विस्तृत कानुनद्वारा नभई राष्ट्रपतिको कार्यकारी आदेशद्वारा भएको देखिन्छ ।

यस सत्य र न्याय आयोगलाई राष्ट्रपति *Jean-Bertand Aristide* लाई तख्तापलट गरि हटाए पछि र निज पुनः सत्तामा फर्किनु अघिसम्मको समायवधि (सन् १९९१-१९९४) को राजनीतिक अस्थिरता (सैन्य शासनकाल) मा भएका गम्भीर मानव अधिकार उल्लङ्घनहरूको छानबिन गर्ने, साक्षीहरु बुझ्ने दोषीहरूको पहिचान गर्ने र पीडितहरूलाई न्याय एवं परिपूरणको सिफारिश गर्ने कार्यादेश प्रदान गरिएको थियो ।

यस सत्य र न्याय आयोगले उल्लेखित अवधिमा सरकारी अधिकारी, सुरक्षाकर्मी र गैर-सरकारी समूहहरूले गरेका गम्भीर मानव अधिकार उल्लङ्घन तथा ज्यादतीहरू (हत्या, यातना, बलात्कार र अन्य हिंसात्मक क्रियाकलाप) को दस्तावेजीकरण, पीडित तथा साक्षीहरुको बयान सङ्कलन एवं उक्त घटनाहरूको विस्तृत विवरण तयार गर्ने काम गरेको थियो । यस सत्य तथा न्याय आयोगले करिव ६००० व्यक्तिहरूसँग अन्तरवार्ता लिएको र सत्य निरूपण गर्ने प्रयोजनार्थ सम्बन्धित घटनासँग सम्बन्धित प्रत्यक्ष परोक्ष सबै प्रकारका स्रोत सामग्रीहरुको अध्ययन एवं प्रयोग गरेको देखिन्छ ।[79]

त्यसैगरी यस आयोगले सामूहिक चिहानहरूको उत्खनन गरी विधिविज्ञानसँग सम्बन्धित ( फरेन्सिक) प्रमाणहरू समेत सङ्कलन गरेको थियो । यस आयोगले सार्वजनिक सुनुवाई गर्ने, शवगृहमा भएका

[77] *Afako, Barney (2010),"Reconciliation and Justice in Liberia," International Journal of Transitional Justice 4, no. 3: 414–434. https://doi.org/10.1093/ijtj/ijq016, accessed on 15 December 2024*
[78] *Quinn, J. R. (2009). Haiti: The Struggle for Peace and Justice. In N. Roht-Arriaza & J. Mariezcurrena (Eds.),* Transitional Justice in the Twenty-First Century: Beyond Truth versus Justice *(pp. 213–230). Cambridge, UK: Cambridge University Press.*
[79] *Ibid*

अभिलेखहरुको आधारमा सम्भव भएसम्मका साक्षीहरुको भनाई सङ्कलन गरी दस्तावेजीकरण गर्ने जस्ता सत्य अन्वेषणका विधि र प्रक्रिया अवलम्वन गरेको थियो । उक्त आयोगले आवधिक, विषयगत र क्षेत्रगत प्रतिवेदन तयार गरेता पनि अन्तिम प्रतिवेदन प्रकाशित गर्ने जिम्मेवारी भने पुरा गर्न नसकेको देखिन्छ ।

आयोगले छानबिनपछि सन् १९९५ मा आफ्नो अन्तिम प्रतिवेदन तयार गरेको थियो । यस प्रतिवेदनमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका पीडित तथा दोषीहरूको पहिचान र संरचनात्मक समस्याहरु औंल्याइएको थियो । साथै यस प्रतिवेदनमा पीडितहरूलाई न्याय, परिपूरण तथा पुर्नस्थापना गर्न र भविष्यमा यस्ता घटनाहरू रोक्नका लागि आयोगद्वारा गरिएका सिफारिशहरू समावेश गरिएको थियो । यसका अतिरिक्त यस आयोगले हैटीको समाजमा रहेको ऐतिहासिक सत्यको स्थापना, मेलमिलाप प्रक्रियाको शुरू गर्ने प्रयास गर्नुका साथै हैटीको राजनैतिक अस्थिरताको अन्त्य गर्न र न्यायमा आधारित समाज निर्माणका लागि महत्वपूर्ण भूमिका खेलेको थियो ।

यस आयोगले गरेका सिफारिशहरू, सिफारिशको कार्यान्वयनको अवस्था अत्यन्त सीमित रहेको देखिन्छ । आयोगले दोषीलाई कारबाही गर्नु भनि गरेका सिफारिशहरूको कार्यान्वयन नभएको देखिन्छ । पीडितहरूको लागि आर्थिक क्षतिपूर्ति तथा परिपूरण उपलब्ध गराउन र निजहरूको पुनर्स्थापना गर्नु भनि भएका सिफारिशहरुको पनि ठोस रूपमा कार्यान्वयन भएको देखिदैन । त्यसैगरी भविष्यमा मानव अधिकार उल्लङ्घनलाई रोक्न सेना र सुरक्षा निकायमा सुधार गर्ने सम्बन्धी सिफारिशको कार्यान्वयनका लागि केही हदसम्म संस्थागत सुधारका प्रयास भएता पनि व्यापक र प्रभावकारी नभएको पाईन्छ ।[80]

राजनैतिक अस्थिरता, कानुनी संरचनामा रहेको कमजोरी, सरकारको असक्षमता र स्रोतको अभावका कारण सिफारिशहरू कार्यान्वयन हुन नसकेकाले हैटीको यस आयोगलाई असफल आयोगका रूपमा हेरिन्छ ।

**निष्कर्षमा भन्नु पर्दा,**

माथिका हरफहरूमा चर्चा गरिएको तुलनात्मक अध्ययन अनुसार, सत्य अन्वेषणको प्रारम्भिक चरण, अर्थात् १९८० को दशकका प्रयास, बाट स्थापित हुनै एउटै सत्य के हो भने सांस्कृतिक, राजनैतिक, सामाजिक र भौगोलिक विविधतामा समेत सत्यको अन्वेषणमार्फत् विगतलाई सम्बोधन गर्न सकिने रहेछ । ठीक त्यसै गरी, दोस्रो चरण, अर्थात् सन् १९९० दशक, मा भएका सत्य अन्वेषण प्रक्रियाले विगतमा भएका अपराधका लागि सामुहिक र व्यक्तिगत जवाफदेहिता सुनिश्चित गर्न पनि सम्भव हुने रहेछ भन्ने दृष्टान्त स्थापित गरिसकेका छन् । यसका अतिरिक्त, सत्य अन्वेषण प्रक्रिया रूपान्तरणकारी हुनुपर्ने र त्यसले द्वन्द्व र उल्लङ्घनका संरचनात्मक कारण र जिम्मेवारहरूको पहिचान गर्नुपर्ने[81] भनि संयुक्त राष्ट्रसंघको

[80] *Fatton, R. (2002). Haiti's Predatory Republic: The Unending Transition to Democracy. Boulder, CO: Lynne Rienner Publishers.*

[81] *GUIDANCE NOTE OF THE SECRETARY-GENERAL, Transitional Justice : A Strategic Tool for People, Prevention and Peace, https://www.ohchr.org/sites/default/files/documents/issues/transitionaljustice/sg-guidance-note/2023_07_guidance_note_transitional_justice_en.pdf, accessed 2 December 2024*

संक्रमणकालीन न्याय सम्वन्धी निर्देशनात्मक टिप्पणीमा समेत भनिएबाट सत्यको अन्वेषणले समाजको लोकतान्त्रिक रूपान्तरणमा समेत मद्दत पुऱ्याउन सक्ने रहेछ भन्ने कुराको थप पुष्ट्याँई गर्दछ ।

तुलनात्मक अध्ययनबाट के पनि देखिन्छ भने अर्जेन्टिना, सियरा लियोन, टिमोर लेस्टे जस्ता केही मुलुकमा सत्य अन्वेषणका क्रममा फौजदारी अभियोजनलाई सहजीकरण गर्न त्यहाँका सत्य आयोगहरूले प्रहरीको सहयोग समेत लिएको उदाहरण पाइन्छ । फौजदारी अनुसन्धानका क्रममा गरिने खानतलासी, बरामदी र पक्राउका निमित्त ती मुलुकहरूमा प्रहरीको उपयोग गरिएको पाइन्छ । त्यसो गर्नुका पछाडि प्रहरी अधिकारीहरूसँग अपराध अनुसन्धानको दक्षता हुनु र ती अधिकारीहरू फौजदारी अनुसन्धानको क्रममा अपनाईने कार्यविधिमा पोख्त हुनु एवम् प्रमाण सङ्कलन र सुरक्षाका बारेमा जानकार रहनु पनि हो । तर ती अभ्यासहरूका केही नकारात्मक पक्ष पनि नदेखिएका होइनन् । उदाहरणका लागि, प्रहरी अधिकारीहरू मानव अधिकारको उल्लङ्घनमा संलग्न भएको हुनसक्ने सम्भावना रहने हुँदा स्वार्थको द्वन्द्व देखिनसक्ने, अनुसन्धानमा प्रहरीलाई संलग्न गराइँदा उनीहरू आवद्ध संस्था उपर मानव अधिकार उल्लङ्घनको आरोप रहने हुनाले पीडित र सरोकारवालाहरूको विश्वास जित्न कठिन हुने, प्रहरी सङ्गठन सरकारको प्रत्यक्ष मातहत रहने संरचना भएकाले अनुसन्धानमा राजनैतिक हस्तक्षेपको सम्भावना रहने भएकाले सत्य आयोगको स्वतन्त्रताउपर प्रश्न उठेका अवस्था पनि देखिएका छन् । त्यसैले संक्रमणकालीन न्यायका अध्येताहरूले सत्य अन्वेषणको कार्यमा प्रहरीको प्रयोग गर्दा सत्य आयोगको प्रभावकारी नियन्त्रणमा रहने गरी पोशाकरहित ढङ्गले परिचालन गर्न बाञ्छनिय हुने राय दिएको पाइन्छ ।[82]

## ६. सत्य अन्वेषणको नेपाली अनुभव

नेपालमा, खास गरी सम्वत् २०४६ सालपछि, सार्वजनिक चासोका विषयमा सरकार, अदालत र संसदीय आयोगको गठनमार्फत् छानबिन गर्ने गरिएको पाईन्छ । २०४७ सालमा पञ्चायती व्यवस्था अन्तर्गत बेपत्ता पारिएका व्यक्तिहरूको खोजीका लागि छानबिन आयोग बनेको थियो र यसलाई नै नेपालको पहिलो सत्य आयोगको दर्जा समेत दिईएको छ । झण्डै एक सय घटनाको छानबिन गरेको यो आयोगले ३५ जना व्यक्तिहरू बेपत्ता भएको निष्कर्ष निकालेको थियो । मानव अधिकार उल्लङ्घनको आरोपीहरूको नाम प्रतिवेदनमै किटान भएको भएता पनि निजहरूलाई जवाफदेही भने बनाइएन ।

## ६.१ जाँचबुझ आयोगबाट भएका सत्य अन्वेषण

वि सं २०४६ देखि २०६६ बीचमा स्थापित ३८ वटा गठित छानबिन आयोगहरूको अध्ययन गर्ने क्रममा नेपालमा जाँचबुझ आयोगहरू प्रायः राजनैतिक उद्देश्य प्राप्तिका लागि बनाइने गरिएका तर गम्भीर अपराध एवं मानव अधिकार उल्लङ्घनमा जवाफदेहीता कायम गर्न भने असफल रहेको निष्कर्ष एक संस्थाले

[82] *Mark Freeman, Truth Commissions and Procedural Fairness, Cambridge University Press, 2009.*

सन् २०१२ मा गरेको एउटा अध्ययनले देखाएको छ ।[83] उक्त अध्ययन प्रतिवेदनले जाँचबुझ आयोग ऐन अन्तर्गत नेपाल सरकारद्वारा गठित जाँचबुझ आयोग, व्यवस्थापिका-संसदले गठन गरेका जाँचबुझ समिति, सर्वोच्च अदालतको आदेश अनुसार गठन भएको न्यायिक छानबिन समिति गरी मूलतः तीन प्रकारका प्रमुख छानबिनको समिक्षा गरेको पाईन्छ । यस्ता जाँचबुझ आयोगहरूको मुख्य उद्देश्य सत्य अन्वेषण गर्ने र जवाफदेहिता सुनिश्चित गर्ने भनिएता पनि ती आयोगका सिफारिश कार्यान्वयन भने नभएका र कतिपय अवस्थामा त प्रतिवेदन नै सार्वजनिक नगरिएको समेत पाईन्छ । यसप्रकार, पीडितको सत्य, न्याय र परिपुरण प्राप्त गर्ने अधिकारलाई स्वीकार नै नगरिएको एकातर्फको अवस्था हो भने अर्कोतर्फ यसले दण्डहीनताको संस्कृतिलाई समेत बढावा दिइरहेको देखिन्छ ।[84] अतः यहि तथ्यलाई हृदयङ्गम गर्दै जाँचबुझ आयोग ऐन अन्तर्गत नभै अलग्गै कानून तर्जुमा गरेर सत्य आयोग र बेपत्ता आयोग गठन गर्न नेपाल सरकारलाई सर्वोच्च अदालतले परमादेश नै जारी गरेको थियो ।[85]

## ६.२ बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगबाट भएका सत्य अन्वेषणका प्रयास

२०७१ बैशाख २८ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन प्रमाणिकरण भएपछि २०७१ माघ २६ मा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरियो । शुरुमा २ वर्षको कार्यकाल तोकिएका यी आयोगहरूको म्याद पटक पटक थप गरि यो अवधि भण्डै ८ बर्ष पुऱ्याइयो । यसबीचमा सत्य निरूपण तथा मेलमिलाप आयोगले सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी ६३,७१८ उजुरी संकलन गरेको देखिन्छ[86]। आयोगमा प्राप्त उजुरीलाई घटनाको प्रकृतिको आधारमा वर्गीकरण गर्दा हत्या सम्बन्धी उजुरीको संख्या १०८५८, अपहरण तथा शरीर बन्धक सम्बन्धी उजुरीको ४३१६, अंगभंग तथा अपाङ्ग ५०१५, शारीरिक तथा मानसिक यातना १९८७४, बलात्कार तथा यौनजन्य हिंसा ३१४, सम्पत्ति सम्बन्धी १६०६५, विस्थापन ५९८५, बेपत्ता १०८, विषय नखुलेको ४९ र अन्य ११३४ उजुरीहरू रहेका देखिन्छन् ।

त्यसरी नै, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले कुल ३२८८ उजुरी संकलन गरेका देखिन्छ । जसमा छानबिन भई फर्छ्यौट भएका उजुरीको संख्या ७४६, सत्य निरूपण तथा मेलमिलाप आयोगमा पठाएको उजुरी २७७, तामेलीमा राखिएको उजुरी ३३२, हाल छानबिनमा रहेको उजुरी २५४२, प्रारम्भिक छानबिनमा रहेको उजुरी २९, विस्तृत छानबिनको लागि आयोगबाट निर्णय भएको उजुरी २५१३,

[83] *ICJ (June 2012): Commissions of Inquiry in Nepal, Denying Remedies, Entrenching Impunity ( online available at https://www.icj.org/wp-content/uploads/2012/06/Nepal-Commissions-of-Inquiry-thematic-report-2012.pdf) accessed 28 November2024.*

[84] *ICJ, COI report Commissions of Inquiry in Nepal: Denying Remedies, Entrenching Impunity (June 2012)*

[85] *राजेन्द्र ढकाल वि. नेपाल सरकार समेत भएको मुद्दा, ने.का.प. २०६४, अङ्क २, नि.नं. ७८१७ ।*

[86] *बार्षिक प्रतिवेदन ०८०/०८१, पृष्ठ ६, सत्य निरुपण तथा मेलमिलाप आयोग ।*

हाल छानबिनमा रहेका २५४२, उजुरीका आधारमा बेपत्ता पारिएका व्यक्ति २५५७, आवधिक बेपत्ता ४९ र पूर्ण बेपत्ता २५०८ र पीडित परिचयपत्र प्रदान गरिएको परिवार १३४९ रहेको उल्लेख छ[87] ।

## ६.३. आयोगद्वारा अवलम्बित विधि र प्रक्रिया

आयोगले अवलम्बन गरेको प्रारम्भिक र विस्तृत अनुसन्धान प्रक्रिया हेर्दा फौजदारी न्यायको अवधारणाबाट निर्देशित कानुनी सत्य स्थापनातर्फ केन्द्रित भएको पाइन्छ । यसले फौजदारी न्याय र संक्रमणकालीन न्यायबीचको भेद छुट्याउन सकेको छैन ।

दुवै आयोगहरूले सार्वजनिक सूचना प्रकाशित गरी उजुरी आव्हान गरेको र त्यस्ता उजुरीको संङ्कलन आफ्नो कार्यालयका अतिरिक्त प्रत्येक जिल्लास्थित स्थानीय शान्ति समिति मार्फत गरेको पाईन्छ । प्रारम्भिक अनुसन्धान अर्न्तगत उजुरीमा उल्लेख भएको विषयका सम्बन्धमा पीडित र साक्षीसँग बकपत्र गराउने, घटनास्थलको निरीक्षण गर्ने कार्यनीति अख्तियार गरेको पाइन्छ ।

सत्य निरूपण तथा मेलमिलाप आयोगले विस्तृत अनुसन्धान गर्दा पीडित, साक्षी तथा आरोपित व्यक्तिलाई उपस्थित गराउने, बयान लिने, आधिकारिक निकायमा रहेका अभिलेख वा कागज झिकाउने, उजुरीको सनाखत गराउने, आरोपित व्यक्तिको सनाखत गराउने, खानतलासी तथा बरामद गर्ने, दशी सनाखत गराउने, पीडितको शारिरीक मानसिक जाँच गराउने, दशी प्रमाणको वैज्ञानिक परीक्षण गराउने, कुनै स्थानको उत्खनन गर्नु पर्ने भएमा उत्खनन् गर्ने, स्थलगत अध्ययन, नाप, नक्शा, क्षतिको मूल्याङ्कन गर्ने र सार्वजनिक सुनुवाई गर्ने लगायतको अनुसन्धान विधि अख्तियार गरेको पाइन्छ ।[88]

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले विस्तृत छानबिन गर्दा बेपत्ता व्यक्तिका विस्तृत विवरण (एन्टीमोर्टम डेटा), घटनाको स्थलगत निरीक्षण, प्रारम्भिक छानबिनका क्रममा बुझिएका व्यक्तिसँग थप बुझ्ने, पीडित समुदाय र नागरिक समाजसँग परामर्श गर्ने, सरकारी र गैरसरकारी निकायहरुबाट सबै प्रकारका सूचना लिने, बेपत्ता पारिएको व्यक्तिलाई मारी कुनै स्थानमा गाडिएको देखिन आएमा उत्खनन गर्ने र खानतलासी बरामदी गर्ने लगायतका नीति लिएको पाइन्छ । साथै विस्तृत छानबिन गर्दा सत्यतथ्य स्थापित गर्ने विषय, बेपत्ता पार्नुका सम्भावित कारण, बेपत्ता पार्ने कार्यको प्रवृत्ति, प्रकृति, बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्ति, संस्था र संगठन यकिन गर्ने लगायतका विषय समावेश गरिएको पाईन्छ ।[89]

सत्य निरूपण तथा मेलमिलाप आयोगले सातै प्रदेशमा अवस्थित उच्च सरकारी वकिल कार्यालयहरूमा मुकाम खडा गरेको पाईयो । प्रारम्भिक छानबिनको लागि प्रत्येक मुकाममा सह-

---

87 *बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, उजुरी सम्बन्धी जानकारी, www.ciedp.gov.np मा उपलब्ध, २० डिसेम्बर २०२४ मा हेरिएको*

88 *उजुरी छानवीन कार्यविधि, २०७३ (आयोगबाट स्विकृत मिति २०७३/०७/०७)*

89 *बेपत्ता पारिएका व्यक्तिको छानवीन निर्देशिका, २०७३ (आयोगबाट स्विकृत मिति २०७३/०१/२३), www.ciedp.gov.np मा उपलब्ध, २० डिसेम्बर २०२४ मा हेरिएको ।*

न्यायाधिवक्ताको संयोजकत्वमा दुईजना विज्ञ नियुक्त गरी तीन सदस्यीय टोलीले प्रारम्भिक छानबिन गरेको थियो । सातवटै मुकाम कार्यालयबाट केवल ३७८७ उजुरीको प्रारम्भिक अनुसन्धान भएको छ[90] ।

त्यसरी नै बेपत्ता आयोगबाट जम्मा ३२८८ थान उजुरीमध्ये विस्तृत छानबिनका लागि निर्णय भएका उजुरी संख्या २५१५ तथा प्रारम्भिक छानबिनमा रहेको उजुरी संख्या २८ गरी कुल २५५८ थान उजुरी छानबिनमा रहेको छ[91] ।

दुवै आयोगले उजुरी र सो उपर भएका कामकारवाहीको अभिलेखिकरणका लागि सफ्टवेयर निर्माण गरेको, उक्त सफ्टवेयरमा सबै उजुरीहरुको विवरण प्रविष्टि गर्ने कार्य हाल भइरहेको देखिन्छ ।

तत्कालिन आयोगमा काम गरेका पदाधिकारी एवं कर्मचारीहरुका अनुसार प्रारम्भिक अनुसन्धान गर्दा पीडितले आफ्नो पिडा र भावना सुनाउन चाहेकाले दिनमा ३/४ जना भन्दा बढीको वयान गराउन नसकिएको र सबै कुरा अभिलेखिकरण गर्न आयोगले विकास गरेको फारम अपर्याप्त रहेको देखियो ।[92]

## ६.४. सत्य अन्वेषण हुन नसक्नुका कारणः

माथिका हरफमा विवेचना गरिएको तथ्य र तथ्याङ्कको विश्लेषणले पनि आयोगका कामकारवाही मार्फत् सत्यको अन्वेषण हुन नसकेको देखिन आउँछ जबकि आयोगलाई दिइएका कार्यादेशमध्येको एक "मानव अधिकारको उल्लङ्घन तथा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानबिन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने" (बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ क) व्यवस्था रहेकै छ ।

उक्त सत्य अन्वेषण तथा छानबिन प्रक्रियाका सम्बन्धमा कार्यविधि निर्धारण गर्न आयोगले सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ (परिच्छेद ३ उजुरी छानबिन सम्बन्धी व्यवस्था), सत्य निरूपण तथा मेलमिलाप आयोगको उजुरी छानबिन कार्यविधि, २०७३ र आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानबिन गर्ने निर्देशिका, २०७३ बनाई लागू गरेको देखिन्छ । उक्त कानूनी व्यवस्थाहरूले सत्य अन्वेषण गर्ने सम्बन्धी कार्यविधिमा भन्दा पनि छानबिन सम्बन्धी कार्यविधिमा बढी जोड दिएको देखिन्छ । उक्त व्यवस्थाबाट कानून निर्माण गर्ने व्यक्तिहरुमा सत्य अन्वेषण भनेको के हो, संक्रमणकालीन न्यायमा सत्य अन्वेषणको महत्व के रहन्छ, यो कसरी फौजदारी न्याय प्रणालीमा कसूरका सम्बन्धमा गरिने छानबिन र अनुसन्धान भन्दा फरक छ भन्ने विषयमा अवधारणागत स्पष्टता नरहेको प्रष्ट हुन्छ ।

सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ मा छानबिनको लागि प्रारम्भिक र विस्तृत गरी दुई चरणमा वर्गीकरण गरी विस्तृत छानबिनको लागि अनुसन्धान अधिकारी तोक्ने व्यवस्था

[90] *Supra Note 75.*
[91] *Supra Note 76.*
[92] *FGD participants of 25 December, 2024.*

गरिएको छ । उक्त व्यवस्थाबाट उजुरीहरूको छानबिनका सम्बन्धमा फौजदारी न्याय प्रणालीको कार्यविधि अपनाइएको देखिन्छ । सङ्क्रमणकालीन न्यायको सन्दर्भमा सत्य अन्वेषण भनेको फौजदारी न्याय प्रणालीमा कुनै कसूरका सम्बन्धमा गरिने अनुसन्धान भन्दा फरक हो त्यसैले यसको कार्यविधि र प्रक्रिया नै फरक हुन्छ । सो कारणले समेत सङ्क्रमणकालीन न्यायको अवधारणा बमोजिम छानबिन पीडित केन्द्रित बनाई सत्य अन्वेषण गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने गरी छानबिनको कार्यविधि तय गर्नुपर्नेमा सो गरिएको देखिँदैन । तसर्थ, सत्य अन्वेषण गर्ने दृष्टिकोणबाट छानबिन हुने गरी ऐन, नियम र कार्यविधिगत कानूनको निर्माण नहुनु नै सत्य अन्वेषणको कार्य प्रभावकारी नहुनुको प्रमुख कारण रहेको मान्न सकिन्छ ।

यद्यपि छानबिनका सम्बन्धमा गरिएका कानूनी व्यवस्थाहरुबाट केही पनि सत्य उजागर हुँदै नहुने भन्ने समेत होइन । ऐन, नियम र निर्देशिकामा गरिएका छानबिन सम्बन्धी कार्यविधिहरूबाट मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाका सम्बन्धमा केही सत्य तथ्य अन्वेषण अवश्य भएको देखिन्छ तर ती छानबिन प्रभावकारी भएको भने पाइँदैन । हालसम्म भएका छानबिनबाट सत्य अन्वेषण हुन नसक्नुमा देहायका कारण जिम्मेवार रहेको देखिन्छ ।

### ६.४.१. विश्वासको कमी

सत्य अन्वेषणको सफलता प्रक्रियाको विश्वसनीयतामा बढी निर्भर रहने हुन्छ । विगतका आयोगका पदाधिकारीको नियुक्ति गरिँदा सरोकारवालाहरू, खासगरी पीडित र नागरिक समुदायसँग परामर्श नगरिएको र राजनैतिक भागवण्डाको आधारमा आयोगका पदाधिकारीको चयन गरिएकाले विकासको वातावरण बन्न सकेन । आयोगको कार्यसम्पादनमा पीडित र सरोकारवालाहरूको विश्वास रहेन र आयोगका कामकारवाहीमा पीडित, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायबाट अपेक्षित सहयोग प्राप्त हुन सकेन । समग्र प्रक्रियाप्रति नै राज्यका निकाय तथा विद्रोही पक्ष समेत सशंकित रहे र आयोगका कामकारवाहीमा समुचित सहयोग प्राप्त हुन सकेन ।

पीडित लगायत सबैसँग विश्वसनीय परामर्श गरी निश्चित मापदण्डका आधारमा पारदर्शी रूपमा आयोगका पदाधिकारीहरुको चयन गरिनुपर्दछ । अतः संक्रमणकालीन न्यायको बारेमा जानकार र सार्वजनिक जीवनमा ख्यातिप्राप्त गरेका उच्च नैतिक चरित्रका व्यक्तिहरूको खोजी गरि प्रक्रियामा योगदान गरिदिन आग्रह गरिनुपर्दछ ।

### ६.४.२. समन्वयको अभाव

शान्ति सम्झौतामा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भनिएको भए ता पनि सर्वोच्च अदालतको आदेशका कारण एकै प्रकृतिको काम सम्पन्न गर्न दुई छुट्टाछुट्टै आयोग गठन हुनपुग्यो । दुई आयोगले गर्ने कामको सम्बन्धमा विषयगत भिन्नता आयोगका कार्यादेशले स्पष्ट गर्नसकेन । आयोगबीचको समन्वय र सहकार्यको बारेमा पनि खासै केहि उल्लेख गरिएन । परिणामस्वरूप आयोगमा प्रतिस्पर्धी भावना मौलायो । यतिसम्म कि सत्य निरूपण तगा मेलमिलाप आयोग र बेपत्ता आयोगबीचमा

औपचारिक संवाद सम्म हुन सकेन । यसका अतिरिक्त, आयोगले विभिन्न सरोकारवाला, नेपाल सरकार, पीडित तथा राजनैतिक दलहरूसँग सम्वाद स्थापना गरी सहयोग प्राप्त गर्न सकेनन् भने प्राविधिक कामका सम्बन्धमा प्राविधिक सहायतासमेत प्राप्त हुन सकेन ।

त्यसैले आयोगको कामकारवाहीलाई प्रभावकारी बनाउन र छिटो सम्पन्न गर्नका लागि छानबिनमा आवश्यक पर्ने सहयोग र सहजीकरण गर्ने हेतुले सम्वद्ध सरोकारवालाहरूका नीतिगत तहमा काम गर्ने पदाधिकारी संलग्न भएको समन्वय संयन्त्र निर्माण गरिनुपर्दछ । साझा चासो र सरोकार निहित रहेका विषयमा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले संयुक्त छानबिन टोली गठन गरी काम गर्नु बाञ्छनीय हुन्छ ।

### ६.४.३. सत्य अन्वेषणको दायरा/परिधि निर्धारण नगरिनुः

सत्य अन्वेषण प्रक्रिया प्रारम्भ गर्नु पहिले के विषयमा, के - का लागि र कसरी सत्य अन्वेषण गर्ने भन्ने कुरा माथि चर्चा गरिएका विभिन्न मुलुकका अनुभवका सिकाईले पनि परिभाषित र यकिन गर्नुपर्ने हुन्छ । यस्ता दायरा निर्धारण गर्दा उल्लङ्घनको परिधि *(Thematic Scope)*, भौगोलिक परिधि *(Geographic Scope)*, संस्थागत परिधि *(Institutional Scope)*, पीडितहरूको परिधि*(Victim Scope)*, कार्यविधिगत परिधि *(Methodological Scope)*, कानुनी तथा न्यायिक सिमा *(Legal and Judicial Scope)*, मेलमिलापको परिधि *(Reconciliation Scope)* र क्षमादानको परिधी *(Amnesty Scope)* जस्ता विषय हेरिनुपर्दछ[93] । माथि विवेचना गरे जस्तै निर्देशिका र कार्यविधिहरु बनाइएको र त्यसमा उजुरीको अनुसन्धानसँग सम्बन्धित थुप्रै आवश्यक विषय समावेश गरेको भए तापनि आयोगहरूले सत्य अन्वेषण गर्ने परिधि तय गर्न सकेको पाईएन । बरू यसले उजुरीको छानबिन गरि उजुरी प्रमाणित हुने आधार खोजी गर्ने उद्देश्य मात्र राखेको पाईयो । बेपत्ता आयोगको प्रतिवेदन र यसले तर्जुमा गरेका कार्यविधि र निर्देशिकाहरू सत्य आयोगको भन्दा अलि बढी व्यवहारिक देखिएता पनि दुवै आयोगका दस्तावेजहरुले आयोगले सत्य अन्वेषणको परिधि यकिन गर्न सकेको पाईएन । यसले गर्दा के गर्ने र कसरी गर्ने भन्ने अन्यौलतामै आयोगहरू रहन गएको देखियो । ऐनमा भएको क्षमादान सम्बन्धी व्यवस्थाको खारेजी र सो को संशोधन नहुँदा पनि आयोगलाई सत्य अन्वेषण गर्न कुनै कानूनी कठिनाई थिएन । त्यसैले सत्य अन्वेषण हुन नसक्नुमा ऐनको भन्दा विषयवस्तुको अस्पष्टता नै बढी जिम्मेवार देखिन्छ ।

### ६.४.४. प्रभावकारी कार्ययोजना नहुनु

आफूलाई प्राप्त कार्यादेश *(Mandate)* पुरा गर्न निश्चित कार्यक्रम, सो कार्यक्रम सम्पन्न गर्न लाग्ने स्रोत तथा समयावधि एवं सम्भावित चुनौतीलाई समाधान गर्ने योजना सहितको कार्ययोजना बनाई आयोगहरूले लागू गर्न सक्नुपर्दथ्यो । माथि विवेचित ऐन, नियम, निर्देशिका र कार्यविधिमा यस सम्बन्धी

[93] *Thomas S. Kuhn, The Structure of Scientific Revolutions, 1st Edition, University of Chicago Press (1962).*

केही विषय समेटिएको देखिएतापनि योजनावद्ध रूपमा त्यस्तो कुनै दस्तावेज आयोगहरूले तयार पारेको र सो का आधारमा कामकारवाही निर्देशित भएको समेत देखिएन ।

### ६.४.५. फौजदारी न्यायका दृष्टिकोणबाट मात्र निर्देशित सत्य अन्वेषण प्रक्रियाको अवलम्बन

सत्य अन्वेषण न्यायिक र गैर-न्यायिक दुवै ढङ्गले गर्न सकिने र न्यायिक सत्य निरूपणका प्रयास सन् १९८० को दशक पछि असफल भएर नै गैर-न्यायिक सत्य अन्वेषणको उपाय अपनाईएको विषयमा माथि विवेचित अध्ययनहरूले देखाईसकेका छन् । तर, उल्लेखित अनुभवका बावजुद नेपालमा सत्य अन्वेषण प्रक्रिया न्यायिक सत्य अन्वेषणको परिधिबाट पृथक रहन सकेको पाईएन । जाँचबुझ आयोगको असफलताबाट हामीले सिक्न सकेनौं र अलग्गै ऐन बनाएर सत्यको अन्वेषण गर्दा समेत फौजदारी जवाफदेहिताका लागी गरिने सत्य अन्वेषणकै मार्ग अवलम्बन गरियो । बनिसकेका ऐन, नियम, निर्देशिका, कार्यविधि र विवरण संकलन सम्बन्धी अनुसूचिमा राखिएका फारमहरूको अध्ययन विश्लेषण गर्दा पनि सत्यको अन्वेषण न्यायिक दृष्टिकोण *(Judicial Approach)* बाट निर्देशित रहेको पाइयो । यसलाई नै सत्य अन्वेषणको मुख्य कमजोरी मान्न सकिन्छ ।

### ६.४.६. पीडित र साक्षीको कागजमा मात्र आधारित तथ्य सङ्कलन गरिने पद्दतिको अवलम्बन

सत्य अन्वेषण सम्बन्धी अन्तर्राष्ट्रिय अनुभवले सत्यको खोजी गर्न विभिन्न प्रकारका उपाय अपनाएको पाईन्छ । उदाहरणका लागि, सुक्ष्म सत्य *(Micro Truth)*, विस्तारित सत्य *(Macro Truth)*, वर्णनीकृत सत्य *(Narrative Truth)*, सामाजिक सत्य *(Social Truth)*, पुर्नस्थापकीय सत्य *(Restorative Truth)*, विधिविज्ञानसँग सम्बन्धित सत्य *(Forensic Truth)* र कानूनी सत्य *(Legal Truth)* स्थापना गर्न पीडित र साक्षीसँगको अन्तर्वार्ताबाट व्यक्तिगत सत्य वा भोगाई-वर्णन; सार्वजनिक सुनुवाईबाट पुर्नस्थापकीय र सामाजिक सत्य; विभिन्न अध्ययन प्रतिवेदनका साथै सरकारी र गैर-सरकारी अभिलेखबाट व्यक्तिगत सत्यको सत्यापन लगायतका विधि र उपकरणको प्रयोग भएको देखिन्छ[94] ।

नेपालमा प्रारम्भिक छानबिनको लागि गठित कार्यटोलीले पीडित र साक्षीहरुको बकपत्र लिई सो र प्राप्त अन्य कागज प्रमाणको आधारमा प्रारम्भिक प्रतिवेदन बनाई सोही आधारमा आयोगले कतिपय सिफारिश समेत गरेको देखिँदा पीडित र साक्षीको बयानको आधारमा मात्र सत्य अन्वेषण गर्न खोजे जस्तो देखिन्छ । नियमावली र कार्यविधिहरूमा आरोपित व्यक्तिलाई समेत बयान गर्ने व्यवस्था रहेको तर प्रारम्भिक अनुसन्धानको क्रममा त्यस्तो बयान भने गरे/गराइएको पाइँदैन । पीडितको एकतर्फी भनाईको आधारमा प्रारम्भिक छानबिन गरी प्रतिवेदन तयार गरिएको र सोही प्रतिवेदनको आधारमा आयोगबाट निर्णय भई विस्तृत अनुसन्धानतर्फ लैजाने विधि अवलम्बन गरिएको पाईन्छ । पीडित र साक्षीले दिएको सूचनालाई मात्रै आधार बनाई विस्तृत अनुसन्धानमा लैजाँदा एकातर्फ ठुलो स्रोत साधन आयोगलाई आवश्यक पर्ने र अर्कोतर्फ प्रारम्भिक छानबिनबाटै यकिन गर्न सकिने तथ्यहरु विस्तृत अनुसन्धानको

---

94 *यस सम्बन्धमा परिच्छेद–५ मा वर्णित "सत्य अन्वेषणका तुलनात्मक अन्तर्राष्ट्रिय अभ्यास" खण्ड हेर्नुहोस् ।*

बोझिलो कार्यविधिमा लैजाँदा समय पनि अपुग हुने सम्भावना रहन्छ । प्रारम्भिक अनुसन्धानबाटै स्थापित हुने सत्यको लागि विस्तृत अनुसन्धान आवश्यक नपर्ने हुन्छ । आरोपित व्यक्तिको समेत कुरा सुन्नुका साथै घटनासँग सम्बन्धित विभिन्न निकायहरूबाट प्रकाशित प्रतिवेदन लगायतका कागजात अध्ययन गरी सबै दृष्टिकोणको विश्लेषण पश्चात् मात्र सत्य अन्वेषण गरिनुपर्दछ ।

### ६.४.७. पहुँचयोग्य र विश्वसनीय मुकाम कार्यालय नहुनु

प्रदेशस्थित उच्च सरकारी वकिलको कार्यालयमा मुकाम खड़ा गरी सह-न्यायधिवक्ताको संयोजकत्वमा कार्यटोली गठन गरी प्रारम्भिक छानबिन भएको पाइन्छ । उक्त अतिरिक्त जिम्मेवारी नियमित कामबाहेकको समयमा मात्र सह-न्यायाधिवक्ताले सम्पादन गर्न सक्ने हुँदा यसखाले संरचनाले प्रभावकारी काम गर्न नसकेको देखिन्छ । सरकारी वकिल कार्यालयमा मुकाम खडा गरिएकाले सो कार्यालयमा पीडितको सहज पहुँच नभएको गुनासो पीडितले गर्दै आएका छन् भने सोही कार्यको लागि पूर्णकालिन कर्मचारी समेत नतोकिएकाले उक्त कार्यालय पहुँचयोग्य रहेको पाइएन । दश हजार भन्दा बढी उजुरी पठाइएकोमा केवल तीन हजार उजुरीमा मात्र प्रारम्भिक छानबिन/अनुसन्धान भएको तथ्यले यसको पुष्ट्याँई गर्दछ ।

### ६.४.८. दक्ष जनशक्तिको अभाव

आयोगमा परेको उजुरीको संख्याको अनुपातमा आयोगमा कार्यरत कर्मचारी र प्रारम्भिक छानबिनमा संलग्न विशेषज्ञको संख्या अत्यन्तै न्यून रहेको पाईन्छ । प्रारम्भिक अनुसन्धानका लागि मुकाममा खटिएका जम्मा २७ जना अनुसन्धानकर्ताले ६३,७१८ उजुरीको अनुसन्धान गर्न सम्भव थिएन । आयोगबाट सातैवटा प्रदेशमा १०२०३ वटा उजुरी प्रारम्भिक छानवीनको लागि पठाइएकोमा करिव दुई बर्षको अवधिमा जम्मा ३७८७ उजुरीहरुको मात्र प्रारम्भिक अनुसन्धान हुन सकेको पाइयो ।[95] यसलाई प्रतिशतमा हेर्दा ५.९४ प्रतिशत हुन आउछ । यही प्रक्रिया र जनशक्तिबाट उजुरीको अनुसन्धानलाई निरन्तरता दिने हो भने प्रारम्भिक अनुसन्धानका लागि मात्र १५ बर्ष भन्दा बढी समय लाग्ने देखिन्छ । यसप्रकार, आयोगको विद्यमान जनशक्ति अपर्याप्त नै रहेको देखियो ।

### ६.४.९. अव्यवहारिक सत्य अन्वेषण प्रक्रिया

विभिन्न मुलुकहरुको सत्य अन्वेषण प्रक्रिया हेर्दा मानव अधिकार उल्लङ्घनका हरेक घटनाको छानबिन गर्ने भन्दा पनि उल्लङ्घनको प्रवृत्ति, प्रकृति र गाम्भीर्यता केलाउने हिसाबले प्राथमिकता निर्धारण गरेको पाईन्छ । मानव अधिकार उल्लङ्घनका पीडितलाई आफ्ना भोगाईहरू भन्न लगाउने *(Truth Telling)* र सबै सरोकारवाला र सिङ्गो समाजले नै त्यस्तो पीडा र व्यथाको बारेमा सुन्ने अवसर *(Truth Listening)*

---

[95] *TRC वार्षिक प्रतिवेदन ०८०/०८१, पृष्ठ ९*

प्रदान गर्ने गरेको पाइन्छ । केही गम्भीर प्रकृतिका प्रतिनिधिमूलक घटनाको विश्लेषण गरी अभियोजन गर्नुपर्ने प्रकृतिका उल्लङ्घनको मात्र अनुसन्धान गरेको पाईन्छ । जहाँसम्म सत्य निरूपण तथा मेलमिलाप आयोगको सवाल छ, यस आयोगले भने प्राप्त सबै उजुरीहरूको छानबिन गर्ने उद्देश्य लिएको देखिन्छ । यसलाई कुन रुपमा वर्गीकरण गर्ने भन्ने पहिला निर्धारण गर्नुपर्छ ।

### ६.४.१०. चुनौति सम्बोधन गर्ने उपाय नअपनाईनु

विद्रोहमा संलग्न तत्कालिन राजनैतिक दल पटक/पटक विभाजित भई पटक/पटक एकिकरण समेत भएको छ । यस्तो अवस्थामा कुनै दल विशेषले मात्र जिम्मेवारी लिने वा संक्रमणकालीन न्याय प्रक्रियामा उत्तरदायित्व वहन गनुपर्ने भन्ने होइन । यस कारणले जवाफदेहीता वहन गर्ने विषयमा नै समस्या परेको देखिन्छ । संक्रमणकालीन न्याय कर्मचारीतन्त्रले टुङ्गो लगाएको उदाहरण कहीँकतै देखिएको छैन । नेपालले यस्तो उदाहरण प्रस्तुत गर्न सक्ने अवस्था पनि छैन । सक्षमता, विश्वसनीयता र प्रतिवद्धता नभएकै कारण नेपालमा सत्य अन्वेषण प्रक्रियाले अपेक्षित नतिजा दिन सकेको पाइदैन । छानबिनको कार्य समयमै सम्पन्न हुन नसक्दा जटिलताहरू थप हुँदै गएका छन् ।

समयान्तरसँगै प्रमाण संकलनको कार्य झन् जटिल बन्दै गएको छ । न्याय पाउन नसकेको अनुभुतिका कारण कतिपय पीडित थप मनोसामाजिक समस्यामा परेका छन् भने कतिको त न्याय अनुभुत हुन नपाउँदै जीवन अन्त्य भईसकेको अवस्था छ । आरोपीको समयमै छानबिन हुन नसक्दा कतिपय आरोपीहरू पदोन्नति भईसकेका छन् भने कतिको त मृत्यु भईसकेका कारण सुचना नै अभिलेखिकरण हुन नसक्ने अवस्था बनेको छ । छानबिन प्रक्रियामा भएको अनावश्यक विलम्बले पीडितको सम्मानपूर्वक बाँच्न पाउने अधिकार नै कुण्ठित भएको छ । यसले राज्यप्रतिको भरोसा र विश्वासलाई नै प्रभावित तुल्याएको छ । यस खाले विलम्बले संस्थागतसुधार सम्बन्धी कार्यमै नकारात्मक प्रभाव पारेको छ भने अर्कातर्फ झुट्टा व्यहोरा उल्लेख गरी उजुरी दिने र लाभ लिने प्रयासको सम्भावना पनि बढ्दो रहेको देखिन्छ ।

माथि गरिएको विवेचनाबाट हाल आयोगले अवलम्बन गरिरहेको सत्य अन्वेषण प्रक्रियाबाट सत्यको अन्वेषण सम्भव देखिदैन । त्यसैले अब बन्ने आयोगहरूले विगतको भोगाई, सिकाई र अनुभव तथा अन्य मुलुकले गरेका अभ्यास समेतलाई दृष्टिगत गरी निम्न बमोजिमको सत्य अन्वेषणको मार्गचित्र तयार गर्नुपर्ने देखिन्छ ।

## ७. सत्य अन्वेषणको मार्गचित्र

आयोगहरूले सर्वप्रथम सत्य अन्वेषणको उद्देश्य, लक्ष्य र प्रक्रिया यकिन गर्नुपर्दछ । हालसम्म गरिएको आयोगको कामबाट अभियोजनउन्मुख सत्य अन्वेषणको आधार निर्माण भएको भएतापनि सशस्त्र द्वन्द्वका अर्न्तनिहित कारणको पहिचान गर्ने, मानव अधिकार उल्लङ्घनको प्रवृत्ति, प्रकृति तथा सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वरत पक्षले गरेको कार्यको विश्लेषण गर्ने र भविष्यमा मानव अधिकार उल्लङ्घनका घटनाको

पुनरावृत्ति हुन नदिन अपनाउनु पर्ने उपायको खोजी गर्ने सम्बन्धमा अन्वेषण प्रक्रिया परिलक्षित हुनुपर्ने देखिन्छ । आयोगलाई ऐनको दफा १३(क२) ले यसो गर्ने अधिकार समेत प्रदान गरेको छ । अतः मार्गचित्र तय गर्न पूर्वयोजना बनाउने, सत्य अन्वेषणको कार्यादेशलाई थप परिभाषित गर्ने, तथ्य सङ्कलन र अभिलेख सम्बन्धी प्रक्रिया निर्धारण गर्ने, तथ्यको विश्लेषण गर्ने, प्रतिवेदन तयार गर्ने लगायतका विषय समावेश हुने हुँदा मूलतः देहायका चरणमा काम गर्नुपर्ने देखिन्छ ।

## ७.१. प्रारम्भिक चरणः

विभिन्न मुलुकका अनुभवको आधारमा हेर्दा यस चरणमा सत्य अन्वेषणको आधार निर्माण गर्ने काम गरिन्छ । यस चरणमा सत्य अन्वेषणको उद्देश्य, लक्ष्य र प्रक्रियाको निर्धारण तथा आवश्यक संरचना तथा स्रोतसाधनको बन्दोवस्त हुनुपर्दछ । आयोगले कार्यविधि, निर्देशिका बनाउने काम गरेको भएतापनि ती निर्देशिका कार्यविधिहरू मूलतः अभियोजनउन्मुख सत्य अन्वेषण (न्यायिक सत्य निरूपण) को दृष्टिकोणबाट अधिक प्रभावित रहेकोले त्यसमा ऐनको दफा २, १३ र दफा २९ मा थप गरिएको कार्यादेश/विषयका सम्बन्धमा सत्य निरूपण गर्ने प्रयोजनार्थ आवश्यक संशोधन परिमार्जन गर्नुपर्ने देखिन्छ । नियमावलीको नियम १० र ११ मा उजुरीको छानबिन सम्बन्धमा प्रारम्भिक छानबिन र विस्तृत छानबिन सम्बन्धी व्यवस्था गरेको कारण आयोगले बनाएका कार्यविधि र निर्देशिका सोही अनुसार तर्जूमा भएको पाइन्छ । तर कार्यविधि र निर्देशिकाको उक्त व्यवस्थाले मात्र ऐनको तेस्रो संशोधनले थप गरेको आयोगको सत्य अन्वेषण सम्बन्धी कार्यादेश पुरा हुन सक्ने देखिदैन । अतः प्रारम्भिक चरणमा उक्त कार्यादेशलाई आयोगको दैनिक कामको परिप्रेक्ष्यमा थप परिभाषित गरी सत्य अन्वेषण प्रक्रिया तय गर्नुपर्ने देखिन्छ ।

**यस चरणमा**

- पीडित लगायतका सरोकारवालासँग परामश गर्ने,
- सरोकारवालाबाट प्राप्त राय सुझावका आधारमा सत्य अन्वेषण प्रक्रिया निर्धारण गर्ने,
- आवश्यक पर्ने वित्तिय, प्राविधिक र जनशक्तिको बन्दोवस्त गर्ने,
- जोखिमको विश्लेषण गरी जोखिम न्यूनिकरणका उपाय निर्क्यौल गर्ने,
- तथ्य सङ्कलन, विश्लेषण, प्रतिवेदन लेखन र अनुगमन लगायतका काम कहिले गर्ने भन्ने समयसारिणी तयार गर्ने, र
- आयोगले तयार गरेको सम्पुर्ण कार्य योजना पीडित र सरोकारवालको जानकारीको लागि सार्वजनिक गर्ने ।

## ७.२. तथ्य संकलनको चरण:

मानव अधिकार उल्लङ्घनका घटनाहरूको जाँच गर्ने सूचना, तथ्य र जानकारी यस चरणमा हासिल गर्ने गरिन्छ । पीडा व्यक्त गर्न अवसर पीडितलाई प्रदान गर्ने र निजहरूका अनुभव बताउने अवसर समेत यस चरण अन्तर्गत प्रदान गर्ने गरिन्छ ।

**यस चरणमा**

- पीडित तथा साक्षीहरूसँग अन्तर्वार्ता गर्ने,
- उनीहरूका भोगाई र अनुभवको अभिलेखिकरण गर्ने,
- आरोपीसँग संवाद गर्ने र आवश्यकता अनुसार साक्षात्कार गराउने,
- सरकारी तथा गैर-सरकारी तथा सञ्चारमाध्यद्वारा अभिलिखित, प्रकाशित र प्रसारित तथ्यहरूको विश्लेषण र समिक्षा गर्ने,
- भौतिक प्रमाण सङ्कलन गर्ने, शव उत्खनन एवं विधिविज्ञानसँग सम्बन्धित (फरेन्सिक) आवश्यक जाँच गर्ने,
- सार्वजनिक सुनुवाईको आयोजना गर्ने लगायतका कार्य यस चरण अन्तर्गत पर्दछन् ।

यसका अतिरिक्त सङ्कलित तथ्यहरूको अध्ययन गरी प्रारम्भिक निष्कर्ष निर्क्यौल गर्ने, घटना, पीडित र आरोपीहरूको विवरण तयार गरी व्यवस्थित ढङ्गले सुरक्षित गर्ने र प्रारम्भिक निष्कर्षबाट देखिएका गम्भीर अपराधमा संलग्न व्यक्तिका सन्दर्भमा थप अनुसन्धान गर्न ऐनको दफा ३१क को खण्ड (ग) बमोजिम अनुसन्धान ईकाइ (मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी) मा पठाउनु पर्छ ।

## ७.३. विश्लेषणको चरण:

आयोगले सङ्कलन गरेका तथ्यहरूको तथ्यगत विश्वसनियता यकिन गर्ने काम यस चरण अन्तर्गत गर्ने गरिन्छ ।

**यस चरणमा:**

- विगत सशस्त्र द्वन्द्वका अर्न्तनिहित कारणहरूको पहिचान गर्ने,
- ज्यादती सम्बन्धी ऐतिहासिक फेहरिस्त तयार पार्ने,
- मानव अधिकार उल्लङ्घनका प्रणालीगत ढाँचाको पहिचान गर्ने,
- त्यस्ता उल्लङ्घनमा संलग्न व्यक्ति, समुह वा संस्थाको पहिचान गर्ने,
- द्वन्द्व र मानव अधिकार उल्लङ्घनको सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक कारणको पहिचान र विश्लेषण गर्ने, र
- पीडितलाई पुग्न गएको पीडाको स्वीकारोक्ति *(Acknowledge)* गरिनु तथा निजहरूलाई न्याय र परिपुरण दिलाउने

यसका साथै मानव अधिकारको गम्भीर उल्लङ्घनमा अभियोजन गर्न योग्य प्रमाणहरूको विश्लेषण गरी आपराधिक दायित्व यकिन गर्ने, गम्भीर अपराधमा संलग्न व्यक्तिहरूलाई गर्नुपर्ने न्यायिक कारवाहीको खाका तयार पार्ने, उल्लङ्घनको पुनरावृत्ति रोक्नका लागि सामाजिक र व्यक्तिगत मेलमिलापका उपाय सुझाई मेलमिलापको वातावरण सृजना गर्ने, गम्भीर उल्लङ्घन बाहेकका घटनामा क्षमादानका लागि पीडित र पीडकबीच सहजिकरण गर्ने, पीडितलाई दिइने परिपुरणको रूपरेखा तयार पार्ने, संस्थागत सुधारका लागि अपनाउनु पर्ने उपाय यकिन गर्ने लगायतका विषय पनि यसै चरणमा सम्बोधन गरिनुपर्ने हुन्छ ।

## ७.४. प्रतिवेदनको चरण:

प्रतिवेदन लेखनको यस चरणमा बहुआयामिक पक्षमा विचार पुर्‍याइनु पर्ने हुन्छ किनभने आयोगले जतिसुकै राम्रो र यथार्थपरक ढङ्गले सत्य अन्वेषण गरेको भएतापनि द्वन्द्वरत पक्ष, पीडित र अन्य सरोकारवालाले प्रतिवेदन स्वीकार नगरेको खण्डमा समग्र प्रक्रियामाथि नै प्रश्नचिन्ह खड़ा हुनसक्ने जोखिम रहन्छ । त्यसैले, आयोगले प्रतिवेदन लेखनको विधि र श्रोतको स्पष्ट व्याख्या गर्ने, प्रतिवेदनमा समावेशी सिद्धान्त अपनाई सबैखाले मानव अधिकार उल्लङ्घनका ढाँचाहरू स्पष्ट गर्ने, आफूले गर्ने सिफारिश व्यवहारिक, यथार्थपरक र कार्यान्वयनयोग्य बनाउन पीडितलगायतका सरोकारवालासँग नियमित छलफल गर्ने र द्वन्द्वका पक्षहरू बीच समान व्यवहार गर्ने जस्ता विषयमा ध्यान दिइनुपर्दछ ।
यो चरणमा साझा सत्य स्थापित गरी दिगो शान्तिको मार्ग पहिल्याउने काम गरिन्छ ।

**यस चरणमा:**

- मानव अधिकार उल्लङ्घनका घटनाहरूको औपचारिक अभिलेखिकरण गर्ने,
- विगतको सशस्त्र द्वन्द्वको कारण, प्रभाव र मानव अधिकार उल्लङ्घनको प्रवृत्ति, प्रकृति र गाम्भीर्यता सम्बन्धमा गरिएको विश्लेषणलाई अभिलेखिकरण गर्ने,
- मानव अधिकार उल्लङ्घनको प्रणालीगत ढाँचालाई उजागर गर्ने,
- मानव अधिकार उल्लङ्घनमा जिम्मेवार देखिएका व्यक्ति र संस्थालाई जवाफदेही बनाउन सिफारिस गर्ने,
- मानव अधिकारको गंभिर उल्लङ्घनका दोषि उपर मुद्धा चलाउन सिफारिस गर्ने, (यो काम तथ्य संकलन र विश्लेषणको चरणमा पनि गर्न सकिन्छ)
- क्षमादानयोग्य विषयमा क्षमादानको सिफारिस गर्ने, (यो काम तथ्य संकलन र विश्लेषणको चरणमा पनि गर्न सकिन्छ)
- पीडितलाई न्याय, परिपूरण प्रदान गर्न अपनाउनु पर्ने उपायको सिफारिश गर्ने, (यो काम तथ्य संकलन र विश्लेषणको चरणमा पनि गर्न सकिन्छ), र
- भविष्यमा मानव अधिकार उल्लङ्घनको पुनरावृत्ति रोक्न अपनाउनु पर्ने नीतिगत र संस्थागत सुधारको लागि सिफारिश गर्ने ।

## ८. निष्कर्ष तथा सुझाव

यस नीति–पत्रमा चर्चा गरिएका विभिन्न मुलुकका अनुभवले संक्रमणकालीन न्यायको कुनै एक निश्चित र सार्वभौम मोडेल छैन भन्ने तथ्य स्पष्ट गर्दछ । पहिले पहिले अपनाईएको संक्रमणकालीन न्यायका उपायहरू मुलतः फौजदारी कारवाही गर्ने कुरामा बढी केन्द्रित थिए । तर त्यसबाट विगतमा भएका संरचनागत र व्यापक हिंसालाई सम्वोधन गर्न सम्भव नभएपछि सत्य निरूपण आयोगहरू स्थापना गर्ने प्रचलन सुरु भयो । र, त्यसरी गठन भएका आयोगहरुले स्थानीय सन्दर्भ, संस्कृति, परम्परा र मूल्य प्रणाली अनुसारका उपाय र कार्यविधि तय गरेर विगतलाई सम्वोधन गर्ने प्रयास गरेको पाईन्छ ।

अन्य मुलुकहरुको अनुभवबाट के देखिन्छ भने यो प्रक्रिया कस्तो हुने भन्ने कुरा प्रायः स्थानीय सन्दर्भले निर्धारण गर्दछ । स्थानीय सन्दर्भहरूमा खासगरी इतिहास, धर्म–संस्कृति, द्वन्द्वको स्वरूप, संस्थागत क्षमता र पीडित तथा पीडकबीचको सम्बन्ध जस्ता बिषयहरु रहेका हुन्छन् । त्यसैले विभिन्न देशहरूले विगतमा भएका मानव अधिकार उल्लंघनलाई सम्बोधन गर्न फरक-फरक उपायहरू अपनाउँदै आएका छन्।

नेपालको सामाजिक र सांस्कृतिक संरचना पूर्वीय दर्शनमा आधारित छ । यसमा खासगरी सनातन हिन्दु र बौद्ध धर्म अन्तर्गत अभ्यास गरिने दार्शनिक परम्पराले नेपालको न्याय र सत्य अन्वेषण सम्बन्धी दृष्टिकोणलाई आकार दिने बलियो आधार देखिन्छ । नेपालमा बहुप्रचलित दार्शनिक आधारमध्ये वात्स्यायन प्रणीत न्यायसूत्र, सांख्य दर्शनको कार्य-कारणमा आधारित सत्कार्यवाद र बौद्ध दर्शनका चार आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग, चतु ब्रह्मविहार तथा प्रतित्यसमुत्पादले विशेष भूमिका निर्वाह गर्न सक्ने देखिन्छ । यी दृष्टिकोणहरूले केवल आध्यात्मिक जीवनलाई मार्गदर्शन मात्र नगरी सामाजिक न्याय र सत्य अन्वेषणलाई सैद्धान्तिक आधार दिन सक्ने सम्भावना बोकेका छन्[96] ।

सांख्य दर्शनको सत्कार्यवादले कुनै पनि कार्य स्वतन्त्र रूपमा उत्पन्न नभै त्यसको पछाडि हमेशा निश्चित कारण रहने धारणा अघि सार्दछ । यसले घटनाहरूलाई निरन्तर कार्य-कारण सम्बन्धको श्रृंखलामा बुझ्न सुझाउँछ[97] । यसैगरी, बौद्ध दर्शनको प्रतित्यसमुत्पादले कुनै पनि घटना वा पीडा कुनै एक मात्र कारणले नभई परस्पर आश्रित कारणहरूको समष्टिबाट उत्पन्न हुने प्रक्रिया हो भन्ने विचार अघि सार्दछ[98] । यी दुई दृष्टिकोणका आधारमा नेपालको सत्य अन्वेषण प्रक्रिया निर्धारण गर्ने हो भने त्यसले केवल तत्कालिन घटना वा द्वन्द्वकालीन अपराधलाई मात्र होइन कि ती घटनालाई जन्म दिने संरचनागत, ऐतिहासिक र सामाजिक सम्बन्धका कारणहरूलाई समेत उजागर गर्न सक्ने देखिन्छ । र, बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनको तेस्रो संशोधनले सत्य अन्वेषणको यो उपाय अपनाउन सकिने आधार प्रस्तुत गरेको छ[99] ।

यदि यसरी सत्य अन्वेषण गर्ने हो भने नेपालले मौलिक मोडल विकास गरेको मान्न मिल्छ । केवल मौलिक प्रक्रिया हो भन्दैमा मात्र यो मौलिक बन्न सक्दैन । यसो गरिएमा एकातिर यसले नेपालको संक्रमणकालिन न्यायलाई स्थानीय संस्कृतिसँग जोड्ने अवसर प्रदान गर्ने देखिन्छ भने अर्कोतिर समान प्रकृतिको द्वन्द्व र सामाजिक परिवेश भएका अन्य देशका लागि समेत यो अनुकरणीय उदाहरण हुन सक्दछ । यदि सत्य अन्वेषण प्रक्रियामा पूर्वीय दर्शनको कार्य-कारण सम्बन्ध र परस्पर निर्भरता सिद्धान्तलाई अंगिकार गरियो भने यसले न्यायलाई केवल परम्परागत अवधारणाभन्दा पर संक्रमणकालिन न्यायको अवधारणाको नजिक पुऱ्याउन सक्तछ । हालसम्म अपनाई आएको न्यायिक सत्यको मोडेल मात्र अपनाउँदा यो प्रक्रिया पुनः अधुरो रहने खतरा रहन्छ । यो दृष्टिकोणले पीडितप्रतिको करुणा, संरचनागत अन्यायको पहिचान, र दीर्घकालीन सामाजिक मेलमिलापलाई प्राथमिकतामा राखी जवाफदेहिता र स्थायी शान्तिको आधार तयार गर्न सक्दछ ।

[96] Harvey, Peter. *An Introduction to Buddhism: Teachings, History and Practices*. Cambridge UP, (2013) ; Hiriyanna, M. *Outlines of Indian Philosophy*. Motilal Banarsidass, (1993)
[97] *Radhakrishnan, S.* Indian Philosophy Vol. I. *Oxford UP, (1992).*
[98] *Rahula, Walpola.* What the Buddha Taught. *Grove Press, (1974).*
[99] *दफा १३ मा थप गरिएका प्रावधान हेनुहोस ।*

नेपालको शान्ति प्रक्रियाको रूपरेखा कोर्ने दुई महत्वपूर्ण दस्तावेज, विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानले सत्य अन्वेषणका सन्दर्भमा विस्तारित सत्य *(Macro Truth)* र सुक्ष्म सत्य *(Mircro Trugh)* न्यायिक सत्य *(Legal Truth)* र वैयक्तिक सत्य *(Personal Truth)* लगायतका सत्यका आयामहरू समाविष्ट सत्य अन्वेषण प्रक्रिया अपनाउने उद्देश्य राखेको देखिन्छ ।[100] सत्य स्थापनाको यतिका फराकिलो दायरा रहने भएता पनि बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र सो को नियमावली, २०७२ एवम् आयोगहरूद्वारा तर्जूमा गरिएका कार्यविधि र निर्देशिकामा भएका व्यवस्थाहरूले[101] मूलतः न्यायिक सत्य *(Legal Truth)* स्थापित गर्ने मान्यताबाट मात्र निर्देशित रहेको देखिएकाले नेपालको सत्य अन्वेषणका विधि र प्रक्रिया समग्रतामा अपर्याप्त *(Inadequately Designed)* देखिन्छ । उक्त अपर्याप्ततालाई सम्बोधन गर्न ऐनको पछिल्लो संशोधनले अन्य मुलुकका अनुभवका अतिरक्त माथि चर्चा गरिएको न्याय दर्शनको सत्य अन्वेषण चार प्रमाणः प्रत्यक्ष, अनुमान, उपमान र शब्दका माध्ययमबाट सत्यलाई असत्यबाट छुट्टयाउने विधि तय गर्नु वान्छनीय हुन्छ । यसरी मानव अधिकार उल्लङ्घनको प्रवृत्ति, प्रकृति र गम्भीरता तथा सशस्त्र द्वन्द्वका अर्न्तनिहित कारणहरूको पहिचान गरी भविष्यमा मानव अधिकार उल्लङ्घनका घटना हुन नदिने सुनिश्चितताका लागि गरिनुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारको कार्यादेश थप गरेको परिप्रेक्ष्यमा नियमावली, कार्यविधि र निर्देशिका समेत सोही अनुकूल परिमार्जन र संशोधन गर्न आवश्यक छ । त्यसरी गरिनुपर्ने संशोधनका विषयहरू यस नीति–पत्रले पहिचान गरी सुझाव खण्डमा उल्लेख गरेको छ ।

त्यसैले यो प्रक्रियालाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि यसलाई स्थानीय धार्मिक र सांस्कृतिक मूल्यहरूमा आधारित गरिनु आवश्यक देखिन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने हाम्रो समाज गहिरो रूपमा हिन्दू र बौद्ध परम्पराद्वारा निर्देशित छ, जसले नैतिकता, दुःखको अनुभूति, दण्ड, क्षमा, र सामाजिक मेलमिलाप जस्ता मान्यताहरुलाई हजारौं बर्ष पहिला देखि अँगाल्दै आएको छ । क्षमा, करुणा, र कर्म जस्ता अवधारणाहरू धार्मिक मात्र नभई सामाजिक व्यवहारका आधार पनि मानिन्छन् । त्यसैले नेपाली सन्दर्भमा यीनै मूल्यहरूमाथि आधारित भई संक्रमणकालीन न्याय प्रक्रियाको नेपाली मोडेल विकसित गर्न सकियो भने मात्र यो पटक/पटक राजनीतिक तहबाट भनिए जस्तो नेपाली मौलिकतामा आधारित हुने र यसले पीडित, पीडक र समाजबाट समेत वैधता प्राप्त गर्न र समाजमा दिगो शान्ति स्थापना गर्न सक्दछ ।

साथै, सत्य अन्वेषण गर्ने संरचना विश्वसनीय, पारदर्शी, समावेशी र स्वीकारयोग्य नभएका कारणले विगतका आयोगहरू सत्य अन्वेषण गर्न असफल भएको समेत पाइयो । अतः सत्य अन्वेषणको प्रक्रियालाई प्रभावकारी बनाई शान्ति सम्झौता, संविधान र ऐनले लिएको उद्देश्य पुरा गर्न देहायका विषय सम्बोधन गर्न आवश्यक देखिन्छ ।

---

[100] *सत्यका आयाम सम्बन्धमा थप जानकारीका लागि माथि सत्य अन्वेषणको अवधारणा खण्ड हेर्नुहोस् ।*

[101] *यससम्बन्धी थप जानकारीका लागि माथि ६.३. "आयोगद्वारा अवलम्बित विधि र प्रक्रिया" र ६.४. "सत्य अन्वेषण हुन नसक्नुका कारण" खण्ड हेर्नुहोस् ।*

## ८.१. अवधारणागत स्पष्टता

यसअघिका आयोगका पदाधिकारीहरू, कर्मचारी तथा सरोकारवालाहरूसमेत सत्य आयोगको उद्देश्य, लक्ष्य र त्यसले सत्य अन्वेषण गर्दा अपनाउने विधि र प्रक्रियाको बारेमा स्पष्ट पार्ने दस्तावेजको अभावका कारण फरक/फरक र कतिपय अवस्थामा प्रतिस्पर्धी बुझाई रहेको देखियो ।[102] त्यसैले सर्वप्रथम सत्य अन्वेषणको उद्देश्य, लक्ष्य र प्रक्रियाका बारेमा अवधारणागत स्पष्टता आवश्यक हुन्छ । अतः अब बन्ने आयोगहरूले सत्य अन्वेषण सम्बन्धी उद्देश्य, लक्ष्य र प्रक्रियालाई परिभाषित गरी साझा बुझाई निर्माण गर्नु सान्दर्भिक हुन्छ । यसका लागि देहायका काम गर्न सुझाइएको छ ।

### ८.१.१. सत्य अन्वेषणको उद्देश्य र लक्ष्य तय गर्ने

ऐनको प्रस्तावनामा सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरूद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित भएका व्यक्तिलाई परिपुरणको व्यवस्था गर्न र त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानुनी कारवाहीको लागि सिफारिश गर्न आयोगहरूको गठन गरिने व्यहोरा उल्लेख छ । त्यसरी नै, ऐनको दफा १३ ले प्रस्तावनामा उल्लेख भएका विषयलाई थप स्पष्ट गर्दै सशस्त्र द्वन्द्वका अर्न्तनिहित कारणको पहिचान गरी भविष्यमा मानव अधिकार उल्लङ्घन तथा मानव अधिकारका गम्भीर उल्लङ्घनका घटना हुन नदिने सुनिश्चतताको लागि गरिनुपर्ने नीतिगत, कानुनी तथा संस्थागत सुधारको सिफारिश गर्ने, मानव अधिकारको गम्भीर उल्लङ्घनको घटनामा संलग्न व्यक्तिलाई छानबिन *(Vetting)* का लागि सिफारिश गर्ने, पीडित तथा पीडकको यकिन गर्ने, पीडक र पीडितवीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने, पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनुपर्ने परिपुरणको सम्बन्धमा सिफारिश गर्ने, मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारवाहीको लागि सिफारिश गर्ने, पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानबिनपछिको जानकारी उपलब्ध गराउने कार्यादेश दिएको पाइन्छ ।

ऐनका उल्लेखित व्यवस्थाबाट सत्य अन्वेषणको मूल उद्देश्य संक्रमणकालीन न्यायका चारवटा आधारस्तम्भहरूः सत्यको स्थापना, गम्भीर अपराधमा न्यायको सुनिश्चतता, पीडितलाई परिपुरणको उपलब्धता र भविष्यमा उल्लङ्घनको पुनरावृत्ति हुन नदिन संस्थागत सुधारको लक्ष्य लिएको देखिन्छ । अतः आयोगका सत्य अन्वेषण सम्बन्धी कामकारवाहीहरू यीनै उद्देश्य र लक्ष्यमा केन्द्रित हुनुपर्ने हुन्छ । यसका लागि, आयोगले उक्त कार्यादेशको सम्बन्धमा थप विस्तार गर्दै साझा धारणा तयार गर्ने र त्यसको प्रचार प्रसार सरोकारवाला र आम जनसमुदाय समक्ष पुर्‍याउनु पर्ने हुन्छ । यसो गर्दा आयोगबाट प्राप्त हुने

---

[102] *यससम्बन्धी थप जानकारीका लागि माथि ६, "नेपाली अनुभव" खण्ड हेर्नुहोस् ।*

परिणामको बारेमा सबै जानकार हुने र अनावश्यक अपेक्षा राखेको कारणबाट आउने चुनौतिको सामना गर्न पनि सहज हुनसक्दछ ।

### ८.१.२. कार्यगत परिभाषा गर्ने

(१) प्रचलित नेपाल कानुनमा निःसशस्त्र व्यक्ति वा जनसमुदायविरूद्ध लक्षित गरि गरिएको कार्यको परिभाषा गरिएको छैन । त्यसैले आयोगले ऐनमा गरिएका उल्लेखित शब्दावलीहरूको कार्यगत परिभाषा गर्न आवश्यक छ ।

> निःसशस्त्र व्यक्ति वा जनसमुदायविरूद्ध लक्षित गरि गरिएको कार्यको कार्यगत परिभाषा गर्ने ।

(२) मुलुकी अपराध संहिताको परिच्छेद १२ मा ज्यानसम्बन्धी कसुरको परिभाषित गर्दै नियतपूर्वक ज्यान मार्न वा ज्यान मार्ने कुनै काम गर्न वा गराउन हुँदैन भनि नियतपूर्वक गरिएको हत्यालाई परिभाषित गरेको पाईन्छ । तर सो परिच्छेदमा स्वेच्छाचारी रूपमा गरिएको हत्या (आर्विटरी किलिङ्ग) लाई परिभाषित नगरेकाले आयोगले यसको कार्यगत परिभाषा गर्नुपर्ने देखिन्छ ।

> अतः निःसशस्त्र व्यक्ति वा जनसमुदाय विरूद्ध लक्षित गरि वा योजनावद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट गरेका नियतपूर्वक वा स्वच्छेचारी रूपमा गरिएको हत्या (आर्विटरी किलिङ्ग) को कार्यगत परिभाषा गर्ने ।

(३) ऐनले मानव अधिकारको उल्लङ्घन र मानव अधिकारको गम्भीर उल्लङ्घन गरी दुई वर्गमा छुट्टयाई परिभाषित गरेको छ । त्यसरी वर्गीकृत गर्दा मानव अधिकारको उल्लङ्घनलाई गम्भीर मानव अधिकार उल्लङ्घन बाहेकका नेपाल कानुन, अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुन विपरित गरिएका अन्य जुनसुकै कार्य भनी आयोगको सत्य अन्वेषणको दायरालाई निकै फराकिलो बनाएको पाईन्छ । विभिन्न मुलुकका सक्रमणकालीन न्याय प्रक्रियाको अनुभवले के देखाउँछ भने आयोगको कार्यादेश जति स्पष्ट र सीमित गरियो त्यति नै परिणामुखी हुन्छ । त्यसैले अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुन विपरित गरिएका अन्य जुनसुकै कार्य भन्ने कार्यादेशको पीडित र सरोकारवालासंगको परामर्शमा यसमा के के घटनाहरु समेट्न आवश्यक छ भनि परिभाषा गर्नु वान्छनीय हुन्छ ।

> नेपाल कानुन, अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुन विपरित गरिएका अन्य जुनसुकै कार्यको कार्यगत परिभाषा गर्ने ।

(४) मुलुकी अपराध संहितामा जबरजस्ती करणीको परिभाषा गरिएको भएता पनि गम्भीर यौनजन्य हिंसाको परिभाषा गरिएको छैन ।

> गम्भीर यौनजन्य हिंसाको कायगत परिभाषित गर्ने ।

(५) मुलुकी अपराध संहिताको दफा १६७ ले यातनाको परिभाषा गरेतापनि आमानवीय वा क्रुर यातनाको स्पष्ट परिभाषा नगरेकोले यसको पनि कार्यगत परिभाषा हुन आवश्यक देखिन्छ ।

> आमानवीय वा क्रुर यातनाको कार्ययत परिभाषा गर्ने ।

(६) ऐनको दफा १३ को उपदफा (१) खण्ड (क१) ले आयोगलाई मानव अधिकारको उल्लङ्घन तथा मानव अधिकारको गम्भीर उल्लङ्घनको प्रवृत्ति, प्रकृति र गम्भीरताको विश्लेषण गर्ने दायित्व निरोपित गरेको छ । अतः यसलाई के आधारमा विश्लेषण गर्ने भन्ने यकिन गर्न आवश्यक छ ।

> उल्लङ्घनको प्रवृत्ति, प्रकृति र गम्भीरता कसरी र के आधारमा विश्लेषण गर्ने भन्ने विषयको निर्क्यौल सत्य अन्वेषणको कार्य प्रारम्भ गर्नुपूर्व नै गर्ने ।

(७) ऐनको दफा १३ को उपदफा (१) खण्ड (क३) ले सशस्त्र द्वन्द्वका अर्न्तनिहित कारणहरूको पहिचान गर्ने कार्यादेश प्रदान गरेको छ । अतः आयोगहरूले सत्य अन्वेषणको कार्य प्रारम्भ गर्नुपूर्व द्वन्द्वका अर्न्तनिहित कारणहरूको पहिचान के-कस्ता आधार, विधि र प्रक्रिया अपनाई गर्ने भन्ने कुरा तय गर्न आवश्यक देखिन्छ ।

> सशस्त्र द्वन्द्वका अर्न्तनिहित कारणहरूको पहिचान कसरी र के आधारमा विश्लेषण गर्ने भन्ने विषयको निर्क्यौल सत्य अन्वेषणको कार्य प्रारम्भ गर्नुपूर्व नै गर्ने ।

(८) ऐनको दफा १३ को उपदफा (१) खण्ड (ख) ले आयोगलाई पीडकको यकिन गर्ने र सोही उपदफाको खण्ड (क) ले त्यसरी यकिन गरिएको तथ्य जनसमक्ष ल्याउने दायित्व पनि सुम्पिएको पाईन्छ । पीडकको यकिन गर्दा अपनाइने प्रक्रिया र प्रमाणको भार बारेमा ऐन नियमावली, निर्देशिका र कार्यविधिमा उल्लेख भएको पाईदैन । पीडक यकिन गर्ने प्रश्न अत्यन्त जटिल र संवेदनशील विषय पनि हो । त्यसैले यस सम्बन्धमा प्रमाणको भारसम्बन्धी निश्चित मापदण्ड निर्धारण नगरिकन गरियो भने त्यसले आयोगको निर्णयको स्वीकार्यतामा प्रश्न उठाउन सक्छ ।

फौजदारी न्याय प्रणालीमा अपनाईदै आएको सर्वोत्तम, निश्चयात्मक सबुतसम्बन्धी प्रमाणको सिद्धान्त र शंकाको सुविधाको अवधारणा यो प्रक्रियामा लागू हुने वा नहुने, पीडक यकिन गर्नुपूर्व सो सम्बन्धी सुनुवाई गर्ने वा नगर्ने र त्यसरी सुनुवाई गर्दा स्वच्छ सुनुवाई *(Fair Trial)* सम्बन्धी मापदण्ड लागु हुने वा नहुने जस्ता विषयहरु यकिन गर्ने ।

## ८.२. विश्वासको वातावरण बनाउनुपर्ने

दुई/दुई पटक गरी आयोगले आठ वर्ष व्यतित गरिसक्दा पनि सत्य अन्वेषण हुन नसक्नु र ती आयोगहरु विगठन हुनु पछाडी विश्वासको संकट एक प्रमुख कारण रहेको देखिन्छ । ऐनको तेश्रो संशोधनले विश्वासको वातावरण सृजना गरेको भएतापनि तेश्रो पटक आयोग गठनको प्रयास हुँदा पनि यस प्रक्रियामा विश्वासको संकट कायमै रहेको देखिन्छ । यसअघि राजनैतिक भागबण्डामा आयोगका पदाधिकारीहरू नियुक्ति भएको आरोप थियो भने तेस्रो पटक आयोग गठन गर्ने प्रयास पनि राजनैतिक हस्तक्षेपकै कारण सफल हुन नसकेको भाष्य निर्माण हुँदैछ ।[103] यसबाट सरोकारवालाहरूको संक्रमणकालीन न्याय प्रक्रियाप्रतिको विश्वास थप कमजोर भएको छ । त्यसैले, यो प्रक्रिया प्रारम्भ गर्नुपूर्व विश्वासको वातावरण निर्माण गर्नु अनिवार्य देखिन्छ ।

विश्वासको वातावरण तयार गर्न पीडित र सरोकारवालाहरूसँग समेत परामर्श गरी निश्चित मापदण्ड तयार गर्ने र सोही मापदण्डका आधारमा पारदर्शी ढङ्गले आयोगका पदाधिकारीहरूको चयन गर्ने प्रक्रिया तत्काल पुनः प्रारभ्म गर्न आवश्यक छ । योग्य, सक्षम र पत्यारिला व्यक्तिहरूलाई आयोगमा जिम्मेवारी लिईदिनका लागि प्रयत्न नगरिने हो भने उपयुक्त पात्रले आवेदन गरेर पदाधिकारी बन्न नचाहेको विगतको तितो यथार्थलाई विर्सन हुँदैन । अतः यस अघिका छनौट प्रक्रियामा देखिएका कमी कमजोरी तथा सिकाई समेतको विवेचना गरी विश्वासको वातावरण निर्माण नगर्ने हो भने जति पटक आयोग गठन गरे पनि यो प्रक्रिया अधुरो रहने जोखिम रहन्छ । त्यसैले विश्वासको वातावरण तयार नगरी यो प्रक्रिया अघि बढाउन हुँदैन ।

---

[103] विद्याधर मल्लिक, संक्रमणकालीन न्याय संकटमा, *https://ekantipur.com/opinion/2024/12/26/transitional-justice-in-crisis-53-22.html?fbclid=IwZXh0bgNhZW0CMTAAAR0MB0AlWdYAR38UPfuLYKagMfAAl0Alj9zqKC2BOHVWqbGaFHynJtfRdVE_aem_Rqqp4lu2cxXzUByYQUBARQ*

## ८.३. सहजीकरण संयन्त्रको स्थापना

सत्य अन्वेषणको कार्य आफैंमा जटिल विषय हो । यो कार्यमा आयोगबाट माग भएको आवश्यक सूचना विवरण उपलब्ध गराउने तथा बोलाएको अवस्थामा उपस्थित भई जानकारी दिनुपर्ने विषयमा राज्यपक्ष र विद्रोही लगायत सबै पक्षको सहयोगको आवश्यकता पर्दछ । साथै, यसका लागि स्रोतसाधन पनि उत्तिकै आवश्यक पर्दछ । कतिपय विषयमा सरकारले अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य र सहयोगको प्रबन्ध गर्नुपर्ने पनि हुनसक्छ ।

यो काम आयोगले मात्र गर्न सम्भव नहुन सक्दछ । त्यसैले, आयोगको कार्यलाई सहयोग गर्न एक बलियो सहयोगी संयन्त्र आवश्यक पर्दछ जसले प्रभावकारी सत्य अन्वेषणमा सघाउन सकोस् । यस्तो संयन्त्रले आयोगको काम-कारवाहीलाई सहजीकरण गरी प्रभावकारी एवं विश्वसनीय बनाउन मद्दत गर्दछ । यस्तो संयन्त्रमा पीडित समुदायका प्रतिनिधिहरु, विशेषज्ञ, मानव अधिकारकर्मी, नीति निर्माता तथा सम्वद्ध सरोकारवालाहरू रहन सक्दछन् । यस्तो संयन्त्रले आयोगका कामको क्षेत्र पहिचान गरि सुझाव दिने, साझा चासो र सरोकार निहित रहेका विषयमा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलाई सत्य अन्वेषण गर्ने विषयमा परामर्श प्रदान गर्न सक्दछ । उदाहरणको लागि, दक्षिण अफ्रिकामा *Council of Churches* ले सत्य आयोगका काम कारवाहीमा सहजिकरण गरेको थियो । यस्ता संयन्त्र स्थानीय स्तरमा समेत निमार्ण गर्न सकिन्छ ।

## ८.४. अभियोजन, क्षमादान र मेलमिलाप सम्बन्धी नीति निर्माण

नेपालको संक्रमणकालीन न्याय प्रक्रियामा अभियोजन नीति तय गर्दा यो केवल कानुनी प्रश्नमा मात्र सीमित नभई नैतिक, दार्शनिक र सामाजिक सन्दर्भ पनि हेर्नु आवश्यक हुन्छ । नेपालको समाज धार्मिक-सांस्कृतिक मूल्यहरूमा गहिरो रूपमा आधारित भएकोले हिन्दु र बौद्ध दार्शनिक दृष्टिकोणले यसलाई मौलिक र समाजसापेक्ष बनाउन कसरी सकिन्छ भन्ने कुरा पनि हेक्का राख्न आवश्यक देखिन्छ ।

हिन्दु दर्शनमा न्याय र दण्डप्रणाली धर्ममा आधारित भएको पाईन्छ । मनुस्मृति र महाभारत जस्ता ग्रन्थहरूले अपराध (पाप) को निवारण दण्डमार्फत् मात्र होइन, नैतिक सुधारमार्फत् पनि गर्न सकिन्छ भन्ने मान्यता राखेको पाईन्छ । यस दृष्टिबाट हेर्दा गम्भीर मानवअधिकार उल्लंघनलाई दण्डविहीन राख्न हुँदैन किनकी न्यायको मूल मर्म धर्मको रक्षा हो ।

बौद्ध दर्शनले अपराधलाई व्यक्तिगत अपकार्य मात्र नभई संरचनागत, सामाजिक र ऐतिहासिक कारणहरूको परिणामका रूपमा हेर्दछ । त्यसैले आर्य अष्टाङ्गिक मार्ग, विशेष गरी सम्यक कर्म, सम्यक आजीविका र सम्यक दृष्टिलाई आधार मानेर अभियोजन नीति पीडित-केन्द्रित र सुधारमुखी हुनु पर्ने बौद्ध धारणा रहेको छ । गम्भीर अपराधमा दण्ड अपरिहार्य भए पनि, त्यसलाई प्रतिशोध होइन, पुनर्संस्कार र

सामाजिक सन्तुलन पुनःस्थापना गर्ने साधनका रूपमा प्रयोग गर्नुपर्छ भन्ने मान्यता बौद्ध दर्शनले राख्दछ । यसले नेपाली परम्परा हिन्दु र बौद्ध दुवैभावनासँग मेल खाने गरी "दण्ड र क्षमा बीचको सन्तुलन" कायम गर्न सकिन्छ । यसरी तयार पारिएको अभियोजन नीति कानुनी मात्र नभई नैतिक, सांस्कृतिक र दार्शनिक मूल्यहरूसँग पनि मेल खाने र यसले संक्रमणकालीन न्यायलाई दीर्घकालीन शान्ति र मेलमिलापतर्फ उन्मुख गराउन सक्नेछ ।

पाश्चात्य र पूर्वीय दुवै दर्शनमा क्षमाको अवधारणा रहेको भए तापनि यी फरक-फरक दृष्टिकोणमा आधारित छन् । पूर्वीय दर्शन, विशेषतः हिन्दु र बौद्ध परम्परामा क्षमा र पश्चातापलाई एक अर्काका परिपूरकका रूपमा हेरिन्छ । बौद्ध दर्शनको प्रतित्यसमुत्पाद र करुणा सिद्धान्तले अपराध वा पापलाई सामाजिक-संरचनागत र ऐतिहासिक कारणहरूसँग जोडेर बुझ्न प्रेरित गर्छ, जसले क्षमा र पश्चातापलाई दुवै व्यक्तिगत र समाजिक मेलमिलापको साधन बन्न सक्ने सम्भावनातर्फ संकेत गर्दछ ।

त्यसरी नै, हिन्दु दर्शनमा सत्कार्यवाद र नैतिक नियमले आरोपीको स्वैच्छिक पश्चातापसँगै क्षमाको अभ्यास प्रारम्भ हुने मान्यता रहेको पाईन्छ । यसले क्षमा मागिनु भन्दा पनि आफैले आफ्नो कर्मको परिणाम वा जिम्मेवारी बुझेर आत्म-शुद्धि गर्नुपर्ने मान्यता राख्दछ ।

पाश्चात्य दर्शनमा क्षमा प्रायः पीडितको दृष्टिकोणबाट मात्र हेर्ने गरिन्छ र पीडकको स्वीकारोक्ति नै क्षमाको आधारभूत पूर्वशर्त हो । पीडकले आफ्नो दोष स्वीकार नगरेसम्म क्षमा सम्भव हुँदैन भन्ने मान्यता यसमा रहेको छ । यसरी पाश्चात्य दर्शनमा न्याय र क्षमालाई प्रायः कानुनी र सामाजिक अनुशासनको सन्दर्भमा मात्र सीमित राखिएको पाईन्छ । तर पूर्वीय दर्शनमा क्षमा र पश्चातापको सम्बन्ध बहुआयामी, दार्शनिक र सामाजिक-नैतिक दृष्टिले महत्वपूर्ण मानिन्छ । नेपाल जस्तो बहुसांस्कृतिक, बहुधार्मिक र परम्परागत समाजमा पूर्वीय दृष्टिकोणलाई आधार बनाएर अभियोजन र क्षमादान नीति तयार गर्नु सान्दर्भिक देखिन्छ ।

### ८.४.१ अभियोजन

अभियोजन गर्नुपर्ने घटनामा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनको दफा २९ को व्यवस्था अनुसार आयोगले मुद्दा चलाउनु पर्ने परिस्थिति, कारण, छानबिन प्रतिवेदन र प्रमाण सहित महान्यायाधिवक्ता समक्ष पठाउने दायित्व तोकेको छ । तर आयोगले गरेको सत्य अन्वेषणबाट सङ्कलित प्रमाणमा मात्र सीमित रही महान्यायाधिवक्ताले अभियोजन गर्ने हो वा थप अनुसन्धान समेत गरी अभियोजन गर्ने भन्ने सम्बन्धमा ऐन मौन रहेको देखिन्छ । स्पष्ट अभियोजन नीति तय नगर्ने हो भने आयोगको सिफारिश कार्यान्वयनमा पछि गएर अन्यौल सृजना हुनसक्दछ । त्यसैले ऐनको दफा २९ लाई कार्यान्वयन गर्ने प्रयोजनार्थ आयोगले यसलाई थप परिभाषित गर्न आवश्यक देखिन्छ ।

त्यसो गर्दा देहायका चार अवस्थामा आयोगले अभियोजनको लागि सिफारिश गर्नुपर्ने कुरालाई हेक्का राखि सत्य अन्वेषण नीति तय गर्नुपर्ने देखिन्छ ।

१. आयोगको ऐनको दफा २ (ञ१) ले उल्लेख गरेका मानव अधिकार गम्भीर उल्लङ्घनका घटनाहरू,
२. ऐनको दफा २५ (१) ले माग गरे बमोजिम क्षमादानमा नपरेका घटनाहरू,
३. ऐनको दफा २२ (१) बमोजिम मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएको अवस्था,
४. ऐनको दफा २६ बमोजिम पीडकले क्षमादानका लागि पुरा गर्नुपर्ने शर्तहरू पुरा नगरेको अवस्था ।

उपरोक्त चारवटा अवस्थाहरूका सन्दर्भमा गरिने सत्य अन्वेषणमा न्यायिक सत्य अन्वेषणका प्रक्रियाहरू (जुन हाल आयोगले अख्तियार गरेका छन्) उपयोगी हुने भएतापनि त्यतिमात्र भने पर्याप्त देखिदैन । यसका लागि :

फौजदारी अनुसन्धानमा दक्षता हासिल गरेका, फौजदारी अनुसन्धानसँग सम्बन्धित कार्यविधिमा जानकार र विधिविज्ञानसँग सम्बन्धित प्रमाण सङ्कलनमा अनुभव प्राप्त प्रहरी अधिकारीहरूको सहयोग आयोगले लिन उपयुक्त देखिन्छ । तर त्यसरी प्रहरी अधिकारीहरूको सहयोग लिदा आयोगको स्वतन्त्रता र विश्वसनीयतामा प्रतिकूल असर नपर्ने र स्वार्थको द्वन्द्व नहुने परिस्थितिको सृजना गर्न आयोगले त्यसरी सहयोग लिने प्रहरी कर्मचारीहरूलाई परिचालन गर्ने सम्बन्धी मापदण्ड र नीति तय गनुपर्ने हुन्छ । साथै, उपरोक्त अवस्थाहरूसँग सम्बन्धित घटनाहरूको अनुसन्धान कार्यविधि समेत अलग्गै तय गर्नु आवश्यक देखिन्छ ।
यसका अतिरिक्त, आयोगले क्षमादान र अभियोजन सम्बन्धी आफ्नो कार्यादेश कार्यान्वयन गर्दा आउन सक्ने सम्भावित चुनौतिका बारेमा समेत स्पष्ट हुन आवश्यक छ । त्यसमध्येको एउटा चुनौति के देखिन्छ भने क्षमादानयोग्य मानव अधिकारको उललङ्घनमा पीडकले क्षमादान पाउने वैध अपेक्षासहित व्यक्त गरेका कुराहरू कथंकदाचित् क्षमादानका शर्तहरू पुरा नभएको आधारमा क्षमादान नपाई अभियोजनको सिफारिश भएको अवस्थामा त्यसरी व्यक्त गरेका कुराहरू निजको विरूद्ध प्रमाणमा लाग्न सक्ने भएकाले सो सम्बन्धमा पनि स्पष्ट नीति निर्माण गरेर जानु बाञ्छनीय हुन्छ ।

## ८.४.२ क्षमादान

ऐनको दफा २६ ले सत्य निरूपण तथा मेलमिलाप आयोगलाई मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरू बाहेकका घटनाहरूमा क्षमादानको सिफारिश गर्नसक्ने व्यवस्था गरेको छ । साथै उक्त दफाले क्षमादानका शर्त र प्रक्रिया समेत तोकेको पाईन्छ । त्यसरी नै, नियमावलीको परिच्छेद ६ ले क्षमादानसँग सम्बन्धित थप केही व्यवस्था समेत गरेको पाईन्छ । ऐन र नियमावलीको व्यवस्थाले पीडकले

आफूबाट भएको गल्ती स्वीकार गरेको, चित्तबुझ्दो ढङ्गले क्षमायाचना गरेको र भविष्यमा त्यस्तो गल्ती नदोहोऱ्याउने प्रतिवद्धता गरेको हुनुपर्ने भनि सशर्त क्षमादानको अवधारणालाई अघि सारेको पाईन्छ । तर त्यतिले मात्र क्षमादान जस्तो जटिल प्रक्रिया पुरा गर्न सम्भव हुँदैन ।

दक्षिण अफ्रिकाको क्षमादान सम्बन्धी नीति र अभ्यासको अध्ययन गर्दा राजनैतिक रूपले प्रेरित भएको घटनामा पीडकले सत्य/तथ्य पूर्णरूपमा खुलासा गरेको र त्यस्तो कार्य राजनैतिक उद्देश्यसँग मेल खाने हुनुपर्ने जस्ता शर्तहरूलाई प्राथमिकता दिएको पाईन्छ । तर सियरा लियोनको क्षमादान नीतिले युद्धमा प्रत्यक्ष संलग्न लडाकुहरूलाई माफी दिने नीति लिएको थियो भने रूवाण्डाको परम्परागत *GaCaCa Court* ले अपराधस्वीकार गरी क्षमा मागेको अवस्थामा सजाय घटाउने वा कारावासको सट्टा सामुदायिक सेवामा लगाउने नीति अख्तियार गरेको पाईन्छ[104] । ग्वाटेमाला, चिली र लाईबेरियाको सत्य आयोगले क्षमादान सम्बन्धी कार्यादेश नपाएको भएता पनि विद्यमान अन्य कानुनी व्यवस्थाको सहारा लिएको पाईन्छ । उल्लेखित अभ्यासहरूबाट दुई प्रकारका क्षमादान नीतिहरू (निःशर्त क्षमादान वा आममाफी[105] र सशर्त माफी) देखिन्छ । दक्षिण अफ्रिकी अभ्यासमा सर्शत माफी दिएको पाईन्छ भने लाईबेरिया र ग्वाटेमाला लगायतका मुलुकहरूका अभ्यासमा निःर्शत माफी दिइएका उदाहरण पाईन्छ ।

नेपालको संक्रमणकालीन न्याय सन्दर्भमा क्षमादान नीति निर्माण गर्दा स्थानीय धार्मिक र सांस्कृतिक परम्परासँग मेलखाने खालको दृष्टिकोण अपनाउनु वेश हुन्छ । हिन्दु र बौद्ध दुवै दर्शनमा करुणा, क्षमा र मेलमिलापलाई मानवीय सहअस्तित्वका आधारभूत मूल्यका रूपमालिईन्छ। हिन्दु धर्ममा 'क्षमा वीरस्य भूषणम्' भनेर उच्च मूल्यका रूपमा व्याख्या गरिएको छ । यसको अर्थ "क्षमा केवल वीर वा साहसी मानिसको भूषण (अलङ्कार) हो" भन्ने हुन्छ । यस अर्थमा क्षमा दिने व्यक्ति महान हो । पाश्चात्य परम्परामा भन्दा भिन्न हाम्रो परम्परामा क्षमा मागिने भन्दा पनि दिईने बिषय हो । यसले समाजमा वैमनस्यताको अन्त्य, पुनर्मिलन र सहिष्णुताको वातावरण निर्माण गर्ने आधार प्रदान गर्दछ । त्यसरी नै,बौद्ध दर्शनमा भने करुणा र मैत्रीको अभ्यास साथै चतु ब्रह्मविहार र अष्टाङ्गिक मार्ग अन्तर्गत रहेको सम्यक विचार-सम्यक कर्मको अभ्यास, क्षमादानलाई केवल अपराधमुक्ति नभई दीर्घकालीन शान्ति र सामाजिक मेलमिलापको साधनका रूपमा लिईन्छ। विशेषतः प्रतित्यसमुत्पादको अवधारणाले व्यक्तिको गलत कार्यलाई व्यक्तिगत दोष मात्र नभई सामाजिक, संरचनागत र ऐतिहासिक कारणहरूको परिणामका रूपमा हेर्ने दृष्टिकोण राख्दछ जुन आधुनिक संक्रमणकालीन न्यायको अवधारणासंग मेल खान्छ । त्यसैले, नेपालमा क्षमादान नीतिकेवल अपराधीलाई दण्डमुक्त गर्ने अभ्यासका रुपमा होईनकि पीडितको पीडा सम्बोधन गर्ने, संरचनागत अन्यायलाई पहिचान गर्ने र दीर्घकालीन सामाजिक पुनर्स्थापनालाई प्राथमिकता दिने गरी निर्माण गरिनु पर्दछ । यसो गरिएको खण्डमा नेपाल जस्तो बहुजातीय र बहुसांस्कृतिक समाजमा दिगो शान्ति स्थापना गर्ने कार्यमा योगदान पुग्न सक्तछ ।

---

[104] *टुट्सी नरसंहार सम्बन्धी अपराधको न्यायिक प्रक्रिया सम्पन्न गर्न रूवाण्डामा Gacaca अदालत स्थापना गरिएको थियो । अदालत समुदायमा आधारित संयन्त्र रहेको र विवाद समाधान प्रणालीमा परम्परागत रूवाण्डाली पद्धति अवलम्बन गरिएको थियो । यस्ता अदालतलाई मुख्यतया सत्य अन्वेषण गर्ने, मेलमिलाप गराउने र दोषीलाई जिम्मेवार बनाउने कार्यादेश प्राप्त रहेको थियो । यस सम्बन्धी थप जानकारीका लागि https://www.britannica.com/topic/gacaca-court हेर्नुहोस् । २८ फेब्रुअरी २०२५ मा अन्तिम पटक हेरिएको ।*

[105] लाईबैरिया र ग्वाटेमाला

क्षमादान सम्बन्धी नीतिले जवाफदेहिता (न्याय) र मेलमिलापबीचको सन्तुलन मिलाउन सक्नु पर्दछ । अन्यथा यसले आयोगको काममा तनाव सिर्जना गर्नसक्दछ । नेपालको सन्दर्भमा आयोगको कार्यादेश अन्तर्गत क्षमादान समेत रहेकाले उल्लेखित सन्तुलन कायम गर्न क्षमादान सम्बन्धी स्पष्ट नीति निर्माण गर्नु आवश्यक देखिन्छ । क्षमादान नीतिले क्षमादानको उद्देश्य, लक्ष्य र शर्त स्पष्ट गर्न आवश्यक हुन्छ । अन्य मुलुकका अभ्यासले क्षमादान नीति पीडित केन्द्रित हुनुपर्ने, त्यसले पीडितको परिपुरणको अधिकार सुनिश्चित गर्नुपर्ने र पीडकलाई निजले गरेको गल्ती वोध गराई जवाफदेहीताको खोजी गर्दै यो प्रक्रियाले समाजमा मेलमिलाप र दिगो शान्ति स्थापना गर्न मद्दत पुऱ्याउने हुर्नुपर्दछ ।

### ८.४.३ मेलमिलाप

सत्य आयोगको स्थापनाको एक महत्वपूर्ण उद्देश्य विभाजित समाज र भत्किएका सामाजिक सम्बन्धहरुको पुर्नस्थापना गर्ने भएकाले मेलमिलाप प्रक्रियाले कुनै एक घटनामा मात्र केन्द्रित नभई ऐतिहासिक अन्यायहरूलाई समेत सम्वोधन गर्ने उद्देश्य राख्नु पर्दछ । दक्षिण अफ्रिकाको मेलमिलाप नीतिले सत्य उजागर गर्ने, राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने र हिंसाको मूल कारणहरूलाई सम्वोधन गर्ने उद्देश्य राखेको थियो । यसका लागि उक्त आयोगले सार्वजनिक सुनुवाईको माध्यमबाट प्रतिशोधको भावना हटाई संवादलाई प्रोत्साहन गरेको थियो । त्यसैगरी, सियरा लियोनको आयो गले पीडितको आवाजलाई प्राथमिकता दिँदै निजहरूका अनुभवको दस्तावेजीकरण गरी प्रतिकात्मक परिपूरणका उपाय अवलम्वन गर्दै सामुदायिक मेलमिलापको खाका खडा गरेको पाईन्छ । त्यसरी नै, ग्वाटेमालाको आयोगले ऐतिहासिक अन्याय, असमानता र हिंसाबाट परेको प्रभाव एवं अत्याचारको दस्तावेजीकरण गरी सामाजिक विभेद र असमानता हटाउन राज्यका विभिन्न संरचना र शासकीय शैलीमा गर्नुपर्ने सुधारहरु पहिचान गरी सामाजिक मेलमिलाप गराएको थियो । लाईबेरियाको मेलमिलाप सम्बन्धी अनुभव हेर्दा यसले भ्रष्टाचार, सामाजिक असमानता र विभेदलाई द्वन्द्वका कारणका रूपमा पहिचान गरी प्रणालीगत सुधारका उपाय अपनाई सामाजिक मेलमिलाप गर्ने विधि अपनाएको थियो ।

मेलमिलाप नीति तयार गर्दा यहाँ प्रचलित धार्मिक र दार्शनिक मूल्यहरूलाई ध्यानमा राख्नु अत्यावश्यक हुन्छ । हिन्दु दर्शनमा मेलमिलाप र क्षमा समाजमा स्थायी शान्ति र सहअस्तित्वका मूल आधारका रूपमा मानिन्छ । सत्कार्यवाद र नैतिक कर्मका सिद्धान्त अनुसार दण्ड मात्र अपराध समाधान गर्ने उपाय नभई पीडकको नैतिक सुधार, आत्म-शुद्धि र पुनःस्थापना नै दीर्घकालीन मेलमिलापको आधार मानिन्छ । यस दृष्टिले, मेलमिलाप नीति केवल पीडित र पीडकबीच मात्र सीमित नराखी सामाजिक सम्बन्ध पुनर्स्थापना गर्ने उद्देश्य समेत राख्नु आवश्यक देखिन्छ ।

बौद्ध दर्शनले मेलमिलापलाई करुणा, मैत्री र परस्पर निर्भरताको सिद्धान्तमा आधारित भएर हेर्छ । कुनै पनि द्वन्द्व वा हिंसा केवल व्यक्तिगत घटना मात्र नभई सामाजिक संरचना, ऐतिहासिक कारण र सम्बन्धहरूबाट उत्पन्न हुन्छन् भन्ने मत बौद्ध दर्शनमा रहेको छ । यसैले, मेलमिलाप केवल व्यक्तिगत तहमा मात्र सीमित नभई समुदाय, संरचना र समाजकै तहमा न्याय र पुनर्स्थापनामा निर्भर हुन्छ । संक्रमणकालीन न्यायमा यो दृष्टिकोण अपनाउँदा पीडकलाई दण्डका साथै पुर्नस्थापना र समाजसंग

मेलमिलापको अवसर प्रदान गर्ने, पीडितको सम्मान र सुरक्षा सुनिश्चित गर्ने, र दीर्घकालीन सामाजिक शान्ति स्थापना गर्ने आधार तयार गर्न सकिन्छ ।

यसप्रकार, हिन्दु र बौद्ध दुवै दर्शनबाट प्रेरित मेलमिलाप नीतिले मौलिक, सान्दर्भिक अनुकूल र दीर्घकालीन शान्ति र सामाजिक सहिष्णुता स्थापनामा प्रभावकारी मार्गदर्शन प्रदान गर्न सक्छ ।

उल्लेखित अनुभवहरूले मेलमिलाप नीतिमा पीडित केन्द्रित दृष्टिकोण प्रधान रहनुपर्ने; मानव अधिकार उल्लङ्घनका कारणहरू मेलमिलापको माध्यामबाट उजागर गरिनुपर्ने; ऐतिहासिक अन्याय, विभेद, असमानता जस्ता द्वन्द्वका कारणहरूलाई औपचारिक रूपमा स्वीकार गर्ने र गराउने प्रक्रियाको रूपमा लिई क्षतिको परिपुरण गराई सामाजिक मेलमिलाप कायम गर्ने र दिगो शान्ति स्थापना गर्ने उद्देश्य मेलमिलाप नीतिले अख्तियार गर्नुपर्दछ ।

नेपालको मेलमिलाप सम्बन्धी कानुनी व्यवस्था र बुझाई घटना प्रधान र व्यक्ति केन्द्रित दृष्टिकोणबाट प्रभावित भएको देखिन्छ । यो दृष्टिकोण र अवधारणामा परिवर्तन गर्ने उद्देश्य ऐनको तेश्रो संशोधनले राखेको भएता पनि नियमावली, निर्देशिका र कार्यविधिका व्यवस्था साविककै दृष्किोणबाट बनेकाले अब छुट्टै मेलमिलाप नीति तयार गरी सो अनुकुल नियमावली, निर्देशिका र कार्यविधिमा संशोधन र परिमार्जन गरिनु आवश्यक देखिन्छ । यस्तो मेलमिलाप सम्बन्धी नीति तय गर्दा बौद्ध दर्शनको चतु ब्रह्मविहार अर्थात् प्रिति, करुणा, मुदिता र उपेक्षा जस्ता अवधारणा अपनाउन सकिन्छ ।

नेपाली संस्कृति सामुदायिक जीवन, सहअस्तित्व, र सामाजिक मेलमिलापमा आधारित छ । परम्परागत रूपमा विवाद समाधानका स्थानीय प्रयासहरु मार्फत् क्षमायाचना, पश्चात्ताप, क्षमादान र पुनःस्थापनाको माध्यमबाट विवाद समाधान गर्दै आएको ईतिहास छ । यदि यी पद्धतिहरू समावेश गर्ने र यसले सामाजिक विभेद नदोहोर्याउने गरी काम गर्ने वातावरण सुनिश्चित गर्ने हो भने यसलाई औपचारिक संक्रमणकालीन न्याय प्रक्रियामा समावेश गर्नु उपयोगी हुन सक्दछ ।

## ८.५. दक्ष जनशक्तिको बन्दोवस्त

यसअघि आयोगमा भएको जनशक्ति हेर्दा अपर्याप्त रहनुका अतिरिक्त सत्य अन्वेषण सम्बन्धी दक्षताको कमी र आयोगमा काम गर्न प्रोत्साहन नहुँदा तथा छिटो/छिटो सरूवा हुने परिपाटी रहेको हुँदा सत्य अन्वेषणका काम प्रभावित भएको देखिन्छ । त्यसैले आयोगमा आवश्यक जनशक्तिको चयन गर्दा आयोगको परामर्शमा गरिनुपर्दछ र परामर्शबिना त्यहाँ खटिएका जनशक्ति चलाईनु हुँदैन ।

सत्य अन्वेषणको कार्य नियमित सरकारी काम जस्तो नभई अस्थायी, औपचारिक र संवेदनशील कार्य भएकाले यसमा खटिने जनशक्तिलाई विशेष प्रोत्साहन भत्ताको व्यवस्था गरी यसप्रति आकर्षित गर्नु अनिवार्य देखिन्छ । साथै सत्य अन्वेषणका उद्देश्य, लक्ष्य, प्रक्रिया र चुनौतिका सम्बन्धमा आवधिक रूपमा पुनर्ताजगी प्रशिक्षणको माध्यमद्वारा मानव संशाधन क्षमता विकास गरिनुपर्दछ ।

सत्य अन्वेषणको काम सम्पन्न गर्न विभिन्न सरोकारवाला तथा विशेषज्ञ, अधिकारकर्मी समेतको सहकार्यमा गर्नु पर्ने भएकाले यसमा ठुलो संख्यामा मानव संशाधन आवश्यक पर्ने र सरकारबाट खटाइने संशाधनबाट मात्र त्यस्तो कार्य पुरा गर्न सम्भव नहुने भएकाले आयोगले आवश्यक कर्मचारीको बन्दोवस्त करार मार्फत् गर्न पाउने व्यवस्था मिलाईनुपर्दछ ।

## ८.६. कार्ययोजना निर्माण

सत्य अन्वेषण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन आयोगले विस्तृत कार्ययोजना तयार गर्नुपर्दछ । सो कार्ययोजनामा माथी चर्चा गरिए जस्तै तयारीको चरण अर्थात प्रारम्भिक चरण, तथ्य संकलनको चरण, विश्लेषणको चरण र प्रतिवेदन लेखनको चरण समावेश भएको कार्ययोजना तयार गर्नु पर्दछ । त्यसो गर्दा प्रत्येक चरणमा लाग्ने समय, बजेट र जनशक्ति तय गरिनु पर्दछ ।

उदाहरणका लागि,ऐनको दफा ३१क ले प्रस्ताव गरको इकाईहरुको गठन गर्ने, बजेट बनाउने, आवश्यक श्रोतसाधनको प्रवन्ध गर्ने, सरोकारवालाहरुसँग समावेशी सिद्धान्तमा आधारित भई परामर्श गरी विश्वासको वातावरण बनाउने, सत्य अन्वेषण गर्न आवश्यक पर्ने प्रक्रिया निर्धारण गर्ने लगायतका विषय पर्न सक्दछन् ।

तथ्य सङ्कलनको उद्देश्य मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित घटनाहरुको छानबिन गर्ने, त्यस्ता घटनाहरुको कारण पत्ता लगाउने कार्यका लागि अनुसन्धान गर्ने र त्यस्ता उल्लङ्घनका प्रभावको मूल्याङ्कन गर्न मद्दत गर्ने सूचना र तथ्यहरुको सङ्कलन गर्नु हो । त्यसैले, कार्ययोजना बनाउँदा मुख्यरूपमा पीडित र साक्षीहरुको भोगाई, देखाई र अनुभवहरुको अभिलेखीकरण गर्ने, उल्लङ्घनका घटनाहरुको बारेमा भए गरेका अध्ययन अनुसन्धान वा उजुरी वा कुनै निकाय वा अदालतमा विचाराधिन मुद्दाहरुको अभिलेख संकलन गर्ने, शव उत्खनन् गर्ने, विधिविज्ञान परीक्षणका विभिन्न विधि अपनाउने र द्वन्द्वका अन्तरनिहित कारण, द्वन्द्वका पक्षहरूका व्यवहार यकिन गर्ने प्रयोजनार्थ सार्वजनिक सुनुवाई गर्ने, उल्लंघनका ढाँचा, उल्लङ्घन रोक्न नसक्नुका कारण र समाजमा विद्यमान संरचनागत हिंसा र विभेदकारी अभ्यासका सम्बन्धमा विषयगत अनुसन्धान गर्ने, साक्षी र पीडितहरुको संरक्षणको प्रवन्ध मिलाउने, लैङ्गिकमैत्री र पीडित केन्द्रित सत्य अन्वेषण प्रक्रिया अवलम्बन गरी सत्य अन्वेषण गर्ने विषयहरूमा ध्यान दिई सोही अनुसार लाग्ने समय, जनशक्ति, बजेट पनि कार्ययोजनामै समावेश गरिनु बाञ्छनिय हुन्छ ।

## ८.७. नियम, निर्देशिका र कार्यविधिलाई संशोधित ऐन अनुकुल बनाउन गर्नुपर्ने संशोधनका बुँदाहरू :

८.७.१ बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनमा भएको तेस्रो संसोधनले दफा १३ को उपदफा (१) मा थप गरेको खण्ड (क), खण्ड (क१) र (खण्ड क२) ले आयोगको सत्य अन्वेषण संग सम्बन्धीत क्षेत्राधिकारलाई विस्तार गरेको छ । त्यसरी नै ऐनको तेश्रो संशोधनले दफा ३१ पछि दफा ३१क थप गरी सत्य अन्वेषण गर्ने प्रयोजनार्थ आयोगमा सत्य अन्वेषण तथा छानबिन इकाई, मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटना अनुसन्धान इकाई र यौनजन्य हिंसा तथा जबरजस्ती करणीका घटनाको छानबिन इकाई भन्ने छुट्टाछुट्टै इकाईहरुको परिकल्पना गरेको छ । उल्लेखित नयाँ व्यवस्थाबाट सत्य अन्वेषण, सत्य छानबिन र मानव अधिकारको गम्भीर उल्लङ्घनको अनुसन्धान जस्ता अलग अलग अवधारणालाई सत्यको व्यापक खोजिको हिस्सा बनाएको छ । यसरी ऐनमा भएको संशोधनले सत्यको न्यायिक आयाम *(Legal Truth)* का अतिरिक्त अन्य आयामहरुलाई समेत समेटेर सत्यको खोजी गर्ने उद्देश्य राखिएको स्पष्ट छ ।

तर, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ र सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को परिच्छेद ३ मा भएको उजूरी छानबिन सम्बन्धी व्यवस्था अन्तर्गत नियम १० मा प्रारम्भिक छानबिन र नियम ११ मा विस्तृत छानबिन सम्बन्धी व्यवस्था गरी अनुसन्धान अधिकारी तोक्ने र सो अनुसन्धान अधिकारीले सत्य अन्वेषण सम्बन्धी आवश्यक सम्पूर्ण कामकारवाही गर्ने व्यवस्था गरिएको छ । उक्त व्यवस्थाले न्यायिक सत्य स्थापना गर्न सघाउ पुऱ्याउने भए तापनि सत्यका अन्य आयामहरूलाई सम्बोधन गर्न नसक्ने देखिन्छ । त्यसैले दुवै नियमावलीको परिच्छेद ३ अर्न्तगत भएको व्यवस्थाहरु तेश्रो संशोधन अनुकुल बनाउन जरूरी छ । सो को निम्ति नियमावलीका देहाय बमोजिमका व्यवस्थाहरूमा देहायबमोजिम संशोधन र परिमार्जन गर्न सुझाईन्छ ।

८.७.१.१ दुवै आयोगका नियमावलीको भएको प्रारम्भिक छानबिन भन्ने शब्दको सट्टा "छानबिन र सत्य अन्वेषण" भन्ने शब्दावली राख्ने र विस्तृत छानबिन भन्ने शब्दको सट्टा मानव अधिकारको गम्भिर उल्लंघन सम्वन्धी घटनाको अनुसन्धान भन्ने शव्दावली प्रयोग गर्ने ।

८.७.१.२ दुवै आयोगका नियमावलीको नियम २ "छानबिन," "सत्य अन्वेषण" र "अनुसन्धान" लाई अलग अलग रुपमा परिभाषा गरी यसको अर्थ र तात्पर्य स्पष्ट गर्ने ।

८.७.१.३ सत्य अन्वेषण अन्तर्गत तथ्य सङ्कलन एवं पीडित, सूचनादाता, उजुरवाला तथा सरोकारवालाको कथनहरूको अभिलेखिकरण *(Statement Taking),* गर्ने विषयवस्तु थप गर्ने ।

८.७.१.४ दुवै आयोगका नियमावलीको नियम ११ मा भएको "विस्तृत छानवीनको सट्टा मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाको अनुसन्धान" भन्ने शब्दावली राख्दै त्यसलाई क्षमादान हुन नसक्ने र अभियोजन गर्नुपर्ने घटनाका सन्दर्भमा मात्र सीमित गर्ने ।

८.७.१.५ सत्य छानबिन गर्ने भन्ने व्यवस्था थप गरिएको ठाँउमा सत्य अन्वेषण सम्बन्धी उपकरण र पद्दति *(Tools and Methodology)* समावेश गर्ने ।

८.७.१.६ नियमावलीको नियम २ को (क) मा अनुसन्धान अधिकारीको परिभाषा गर्दै "छानबिन गर्न तोकेको अनुसन्धान अधिकारीलाई सम्झनुपर्दछ र सो शब्दले आयोगबाट अनुसन्धान गर्नका लागि गठन गरिएका उप-समिति वा कार्यटोलीलाई समेत जनाउँदछ" भनिएको छ । सत्य अन्वेषण गर्ने क्रममा आयोगद्वारा खटाइने साक्षी, पीडित, सूचना वा जानकारीदाता व्यक्तिहरूको भनाई सङ्कलन गर्ने व्यक्ति *(Statement Takers)* भने यो परिभाषाले समेट्न सकेको देखिदैन । अतः त्यस्तो व्यक्तिसमेत अटाउने गरी परिभाषा विस्तार गरी नियमावली संशोधन गर्ने ।

८.७.१.७ नियमावलीको नियम ५, ७ र ९ मा भएको "उजूरी" भन्ने शब्दपछि "सूचना वा जानकारी" भन्ने शब्द थप गर्ने ।

८.७.१.८ बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको नियमावलीको नियम ३७ र सत्य निरुपण तथा मेलमिलाप आयोगको नियम ४१ मा संशोधन गरी सार्वजनिक सुनुवाई सम्बन्धी देहाय बमोजिमका व्यवस्था गर्ने ।

- सुनुवाईलाई व्यवस्थित गर्न र सम्भावित तनावबाट बच्न सुनुवाइको समयमा कुनै प्रश्न वा टिप्पणी गर्दा सुनुवाईमा सहभागी भएका अन्य व्यक्तिलाई नभई *Panel* लाई मात्र लक्षित गरी सम्बोधन गर्नुपर्ने व्यवस्था मिलाउने ।
- सुनुवाइलाई घटना विशेष सुनुवाई र संस्थागत सुनुवाई गरी दुई भागमा विभाजित गर्ने व्यवस्था मिलाउने । घटना विशेष सुनुवाई अन्तर्गत गम्भीर मानव अधिकार उल्लङ्घन भोगेका व्यक्तिहरूले आफ्नो अनुभव साझा गर्ने अवसर प्रदान गर्ने र सम्बन्धित संस्थाहरूको भूमिकाको समीक्षा संस्थागत सुनुवाई अन्नार्तत गर्ने बन्दोवस्त मिलाउने । लैङ्गिक हिंसासँग सम्बन्धित घटनाहरूका लागि गोपनियता र सुरक्षित वातावरण मिलाउने र पीडित र साक्षीले आफ्नो मातृभाषामा आफ्ना अनुभव सुनाउन पाउने व्यवस्था नियमावलीमा गर्ने ।

८.७.२ ऐनको दफा ३१ पछि तेश्रो संशोधनले दफा ३१क थप गरी आयोगमा विभिन्न छुट्टाछुट्टै इकाईहरू जस्तै सत्य अन्वेषण तथा छानबिन इकाई, परिपुरण इकाई, मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना अनुसन्धान इकाई, यौनजन्य तथा जबरजस्ती करणीका घटनाको छानबिन इकाई र पीडित समन्वय इकाई स्थापना गर्ने बन्दोबस्त गरेको छ र ती इकाईहरूको काम, कर्तव्य र कार्यादेश तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था समेत ऐनले गरेकाले नियमावलीमा ती इकाईहरूको काम, कर्तव्य र कार्यादेश परिभाषित गर्ने । सत्य अन्वेषण तथा छानबिन ईकाईलाई ऐनमा भएको कार्यादेशका अतिरिक्त देहायका कार्य सम्पादन गर्न दिइनु बाञ्छनीय हुने देखिन्छ ।

८.७.२.१ मानवअधिकारको उल्लङ्घन र मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानबिन, सत्य अन्वेषण तथा अभिलेखन गर्ने ।

८.७.२.२ मानव अधिकारको उल्लङ्घन र मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको प्रवृत्ति, प्रकृति र गाम्भीर्यता तथा सशस्त्र द्वन्द्वरत पक्षहरूले गरेका कार्यको विश्लेषण गर्ने ।

८.७.२.३ मानव अधिकारको उल्लङ्घन र मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको विषयमा सत्य तथ्य पत्ता लगाउन सार्वजनिक सुनुवाईको आयोजन गर्ने ।

८.७.२.४ सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको उल्लङ्घन र मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाका सम्बन्धमा नेपाल सरकारसमक्ष हालसम्म पेश भएका प्रतिवेदनहरू अध्ययन गरी पीडित, साक्षी वा सूचनादाताले व्यक्त गरेका तथ्यसंग मिलान भिडान गर्ने ।

८.७.२.५ सशस्त्र द्वन्द्वका अर्न्तनिहित कारणहरू तथा मानव अधिकार उल्लंघनका कारणहरूको पहिचान गरी भविष्यमा मानव अधिकारको उल्लङ्घन र मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना हुन नदिने कुराको सुनिश्चितताका लागि गरिनुपर्ने नीतिगत, कानुनी तथा संस्थागत सुधारको सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने ।

८.७.३ ऐनको दफा १३ मा उपदफा (६क) र (६ख) थप गरी उजूरी दिने सम्बन्धी एकपटकका लागि तीन महिना म्याद दिने व्यवस्था गरेकोले सो सम्बन्धमा आवश्यक प्रक्रिया निर्धारण गर्न नियमावलीमा संशोधन गर्ने ।

८.७.४ नियमावलीको नियम १२ मा भएको समन्वय गर्ने व्यवस्थामा स्थानीय तह र प्रदेशसमेत समावेश गर्नुपर्ने ।

८.७.५ सत्य अन्वेषण प्रक्रियालाई लैङ्गिकमैत्री बनाउन नियम १४ (ख) मा “उपलब्ध भएसम्म महिला कर्मचारी” भन्ने पदावली हटाई यौनजन्य हिंसाको पीडितसँग सोधपुछ गर्दा महिला कर्मचारी अनिवार्य गर्ने व्यवस्था राख्ने ।

८.७.६ नियम १५(३) मा “स्थानीय तह” भन्ने थप गर्ने र आयोगले मुकाम कायम गर्दा जिल्ला समन्वय समितिको कार्यालयसँग समन्वय गरी गर्दा बढी प्रभावकारी हुने ।

८.७.७ नियमावलीको नियम २३ र २४ लाई एकैठाउँमा मिलान गरी प्रदेशस्तरीय कार्यालय र जिल्लामा मुकाम खड़ा गर्ने बन्दोबस्त मिलाउने ।

८.७.८ नियम २७ र २८ मा संशोधन गरी “मानव अधिकारको गम्भीर उल्लङ्घन बाहेक” भन्ने शब्दावली थप गर्ने ।

८.७.९ नियम २८ मा भएको मेलमिलाप सम्बन्धी व्यवस्था संशोधित ऐनको दफा २६ मा भएको व्यवस्थालाई दृष्टिगत गरी विस्तृतिकरण गर्नुपर्ने ।

८.७.१० नियम २९ मा “मानव अधिकारको गम्भीर उललङ्घन, क्षमादानमा नपरेको र मेलमिलाप हुन नसकेको घटनाका सम्बन्धमा” भन्ने वाक्यांश थप गर्ने ।

८.७.११ नियमावलीको नियम ३० लगायत विभिन्न स्थानमा भएका “उजूरी” भन्ने शब्दावलीपछि “सूचना वा जानकारी दिने व्यक्ति” थप गर्ने ।

८.७.१२ नियमावलीको नियम ३० को उपनियम (३) मा “पहिचान र स्थान परिवर्तन गर्न आवश्यक परेको खण्डमा आयोगले त्यस्ता व्यक्तिको पहिचान र स्थान परिवर्तन गर्ने बन्दोबस्त गर्नसक्नेछ” भन्ने व्यवस्था थप गर्ने ।

८.७.१३ नियम ३२ मा भएको क्षतिपूर्तिको रकम तीन लाख भन्ने हद हटाउने ।

८.७.१४ नियम ३५ मा भएको क्षमादान सम्बन्धी व्यवस्था ऐनको दफा २६ मा भएको पछिल्लो संशोधन अनुकूल मिलाउने ।

८.७.१५ ऐनमा प्रदेश र जिल्ला वा स्थानीय स्तरमा कार्यालय वा संयन्त्र स्थापना गर्ने व्यवस्था भए बमोजिम सो को कार्यविधिगत व्यवस्था गर्ने ।

८.७.१६ यसभन्दा अघि प्रदेशमा उच्च सरकारी वकिल कार्यालयमा मुकाम खडा गरी सह–न्यायाधिवक्ताको संयोजकत्वमा विज्ञ सम्मिलित टोली गठन गरी उक्त टोलीबाट प्रारम्भिक अनुसन्धान गरिएकोमा सो प्रभावकारी नदेखिएकाले त्यस सम्बन्धमा वैकल्पिक व्यवस्था गर्ने ।

८.७.१७ सत्य अन्वेषण तथा छानबिन गर्न कर्मचारी मात्र पर्याप्त नहुने भएकाले अन्य दक्ष जनशक्ति परिचालन गर्न सकिने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।

८.७.१८ आरोपित व्यक्तिको बयान लिँदा आयोगसमक्ष उपस्थित गराई लिनुपर्ने व्यवस्था रहेकोमा पीडित र साक्षीको बकपत्र भएकै समयमा आरोपित व्यक्तिको पनि बयान लिँदा बढी व्यवहारिक र प्रभावकारी हुने ।

८.७.१९ द्वन्द्वकालमा भएका मानव अधिकार उल्लङ्घन तथा मावन अधिकारको गम्भीर उल्लङ्घनका केही घटनाका सम्बन्धमा विभिन्न निकायबाट अनुसन्धान भई तयार पारिएको प्रतिवेदनको अध्ययन गर्ने ।

८.७.२० सङ्कलन गरिएका कथन *(Statements)* र प्रतिवेदन *(Reports)* को विश्लेषण गरी सत्य निरूपण गर्ने ।

८.७.२१ मानवअधिकार उल्लङ्घनका घटना मेलमिलाप (दफा २२) वा क्षमादान (दफा २६) का माध्यमबाट टुङ्गयाउने ।

८.७.२२ मेलमिलाप नभएका वा क्षमादान सिफारिश नभएका मानव अधिकार उल्लङ्घनका घटना र मानवअधिकारको गम्भीर उल्लङ्घनका घटनामा छानबिन गर्न अभियोजन ईकाई *(Prosecution Unit)* को स्थापना गर्ने र कार्यटोली गठन गरी अनुसन्धान गरी/गराई प्रतिवेदन तयार गर्ने र सो को आधारमा यदि मुद्दा चलाउनुपर्ने भए महान्यायाधिवक्ता समक्ष सिफारिश गर्ने (दफा २९)।

८.७.२३ सत्य अन्वेषणको लागि कथन सङ्कलन *(Statement Taking)* मा संलग्न हुने कर्मचारी/व्यक्तिका लागि आवश्यक तालिम/प्रशिक्षण अनिवार्य प्रदान गर्ने व्यवस्था मिलाउने र आवश्यक भएमा सो सम्बन्धमा कार्यविधि बनाई लागू गर्ने, तालिम नलिएका कर्मचारी/व्यक्ति सो कार्यमा संलग्न हुन योग्य नहुने गरी तोक्ने ।

८.७.२४ ऐन बमोजिमको कार्य व्यवस्थित र प्रभावकारी तवर *(In Organized and Efficient Way)* ले सम्पन्न गर्न आवश्यक कार्ययोजना बनाई लागू गर्नुपर्ने कुरासमेत उल्लेख गर्ने ।

८.७.२५ कथन सङ्कलन *(Statement Taking)* को औपचारिक कार्य प्रारम्भ गर्नुअघि सत्य अन्वेषण सम्बन्धी कार्य र पद्धतिबारे जनचेतना विस्तार गर्ने ।

**सन्दर्भ–सामग्री**


नेपालको अन्तरिम संविधान, २०६३

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग सम्बन्धी नियमावली, २०७२

बेपत्ता पारिएका व्यक्तिको बयान सम्बन्धी कार्यविधि, २०७८

बेपत्ता पारिएका व्यक्तिको छानबिन निर्देशिका, २०७३

स्वामी दर्शनानज्दजी सरस्वती, *न्याय दर्शन,* पुस्तक मन्दीर, मथुरा, (१९६०)

वृहत शान्ति सम्झौता, २०६३

सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२

सत्य निरूपण तथा मेलमिलाप आयोग वार्षिक प्रतिवेदन ०८०/०८१

सत्य निरूपण तथा मेलमिलाप आयोगको उजूरी छानबिन कार्यविधि, २०७३

शव उत्खनन कार्यविधि, २०७८

बन्दी शर्मा, गोविन्द प्रसाद, नेपालमा संक्रमणकालिन न्याय, नेपाल बार एशोसिएसन, (२०१३)
एन्टीमोर्टम तथ्याङ्क सङ्कलन सम्बन्धी कार्यविधि, २०७८

*राजेन्द्र ढकाल विरुद्ध नेपाल सरकार,* नेकाप २०६४, अंक २, नि.नं. ७८१७,

*सुमन अधिकारी समेत वि. नेपाल सरकार,* नेकाप २०७१, अंक १२, नि.नं. ९३०३

*विदुर प्रसाद अधिकारी वि. नेपाल सरकार,* नेकाप २०७५, अंक ५, नि.नं. १००२

*लिलाधर अधिकारी विरुद्ध नेपाल सरकार,* नेकाप २०६५, अंक ९, नि.नं. ८०१३

Agreement between the United Nations and the Royal Government of Cambodia concerning the prosecution under Cambodian law of crimes committed during the period of Democratic Kampuchea, Phnom Penh, (6 June 2003) available at: https://legal.un.org/avl/ha/abunac/abunac.html?utm_source=chatgpt.com.

https://en.wikipedia.org/wiki/Human_rights_in_Cambodia ( accesed on 15 Nov 2024)

https://d.dccam.org/Projects/Magazines/English_version.htm

Afako, Barney (2010),"Reconciliation and Justice in Liberia," International Journal of Transitional Justice 4, no. 3: 414–434. https://doi.org/10.1093/ijtj/ijq016.

Annas, Julia. An Introduction to Plato's Republic. Oxford University Press, (1981).

Commission for Historical Clarification (CEH), ( 1999) "Memory of Silence (Memoria del Silencio)," United Nations, GUIDANCE NOTE OF THE SECRETARY-GENERAL, Transitional Justice : A Strategic Tool for People, Prevention and Peace,https://www.ohchr.org/sites/default/files/documents/issues/transitionaljustice/sg-guidance-note/2023_07_guidance_note_transitional_justice_en.pdf.

From Madness to Hope: the 12-year war in El Salvador: Report of the Commission on the Truth for El Salvador, 1993, Posted by USIP Library on: January 26 200. Can be accessed at, https://www.usip.org/sites/default/files/file/ElSalvador-Report.pdf.

ICJ (June 2012): Commissions of Inquiry in Nepal, Denying Remedies, Entrenching Impunity (online available at https://www.icj.org/wp-content/uploads/2012/06/Nepal-Commissions-of-Inquiry-thematic-report-2012.pdf.

Desmond Tutu, No future without forgiveness, New York: Doubleday. ( 1999)

CIEDP. DNA Sample Collecion and Profiling Procedure, (2021)

Easwaran E., The Bhagavad Gita, Nilgiri Press (2007).

Eduardo Gonzalez and Howard Varney, Truth Seeking: Elements of Creating an Effective Truth Commission. Amnesty Commission of the Ministry of Justice of Brazil (2013).

Ernst Carl W., An Introduction to the Mystical Tradition of Islam, Boston Mass; London: Sambhala (2007).

Fatton, R. Haiti's Predatory Republic: The Unending Transition to Democracy. Boulder, CO: Lynne Rienner Publishers. (2002).

Friederike Mieth, Transitional Justice and Social Transformation: Reflections from Sierra Leone and South Africa, Swiss peace, http://www.jstor.com/stable/resrep20119.6. (2018)

Habermas, Jürgen.Between Facts and Norms: Contributions to a Discourse Theory of Law and Democracy, The MIT Press, Cambridge, Massachusetts. (1992)

Harvey, Peter. An Introduction to Buddhism: Teachings, History and Practices. Cambridge UP, (2013).
Harvey, Peter. An Introduction to Buddhist Ethics: Foundations, Values and Issues. Cambridge University Press, (2000).
Hiriyanna, M. Outlines of Indian Philosophy. Motilal Banarsidass, (1993)

James, William . Pragmatism: A New Name for Some Old Ways of Thinking, Longmans, Green & Co. (1907).

James L. Gibson, Overcoming Apartheid: Can Truth Reconcile a Divided Nation? The Annals of the American Academy of Political and Social Science Vol. 603, Law, Society, and Democracy: Comparative Perspectives, Sage Publications, Inc. in association with the American Academy of Political and Social Science.

Kapila. Sāṃkhya Kārikā. Translated by Swami Virupakshananda, Sri Ramakrishna Math, (1995)

Jeremy Serkin, 'Promoting justice, truth and reconciliation in transitional societies: Evaluating Rwanda's approach in the new millennium of using community-based Gacaca tribunals to deal with the past'(2000).

Lambert Zuidervaart, HOW NOT TO BE AN ANTI-REALIST: HABERMAS, TRUTH, AND JUSTIFICATION, Philosophia Reformata, Vol. 77, No. 1 (2012). available at :
https://www.researchgate.net/publication/273192589_How_not_to_be_an_anti-realist_Habermas_truth_and_justification

Law on the Establishment of Extraordinary Chambers in the Courts of Cambodia for the Prosecution of Crimes Committed During the Period of Democratic Kampuchea, available at https://www.legal-tools.org/doc/9b12f0/pdf.

LM Olson, (2006), 'Provoking the dragon on the patio. Matters of transitional justice: Penal repression vs amnesties', International Review of the Red Cross, Volume 88, Number 862.

Lynch, Michael P. (2009), Truth as One and Many, Oxford University Press. Blackburn, Simon (2005), Truth: A Guide, Oxford University Press. Russell, Bertrand (1912), The Problems of Philosophy, Oxford University Press.

MARGARET URBAN WALKER, (July 2010) TRUTH TELLING AS REPARATIONS, Metaphilosophy , Vol. 41, No. 4 (July 2010), pp. 525-545 Published by Wiley (online available at

https://www.jstor.org/stable/pdf/24439633.pdf?refreqid=fastly-default%3A115522ab6253f0b0f05642997c9ffc0f&ab_segments=0%2Fbasic_search_gsv2%2Fcontrol&initiator=&acceptTC=1).

Mark Freeman, Truth Commissions and Procedural Fairness, Cambridge University Press, 2009.

Martha Minow, between vengeance and forgiveness: Facing history after genocide and mass violence (Boston: Beacon Press, 1998).

National Commission on the Disappearance of Persons (CONADEP). (1984). Nunca Más: The Report of the Argentine National Commission on the Disappeared. Buenos Aires: EUDEBA.Hayner, P. B. (2011). Unspeakable Truths: Transitional Justice and the Challenge of Truth Commissions (2nd ed.). New York, NY: Routledge.

Nepal Conflict Report, 2069, OHCHR, https://www.ohchr.org/en/documents/country-reports/nepal-conflict-report

PABLO DE GREIFF, (2012 pp. 31-77) THEORIZING TRANSITIONAL JUSTICE, American Society for Political and Legal Philosophy, Vol. 51,

Paul van Zyl, (Spring 1999, pp. 647-667) Dilemmas of Transitional Justice: The Case of South Africa's Truth and Reconciliation Commission, Journal of International Affairs, Spring 1999, Vol. 52, No. 2.

Plato. The Republic. ( Book IV) Translated by G. M. A. Grube, revised by C. D. C. Reeve, Hackett Publishing, (1992).

Priscilla B. Hayner, Unspeakable Truth, (2001) Routledge, New York and London 24.

Quinn, J. R. (2009). Haiti: The Struggle for Peace and Justice. In N. Roht-Arriaza & J. Mariezcurrena (Eds.), Transitional Justice in the Twenty-First Century: Beyond Truth versus Justice (pp. 213–230). Cambridge, UK: Cambridge University Press.

Radhakrishnan S., The Principal Upanishads, George Allen & Unwin Ltd., London, Harper India (1953).

Radhakrishnan, S. Indian Philosophy Vol. I. Oxford UP, (1992)..

Rahula W., What the Buddha Taught, Oneworld Publications, Oxford (1959).

The Holy Bible, New International Version (NIV), Biblica Inc. (2011).

Robben, A. C. G. M. (2005). Political Violence and Trauma in Argentina. Philadelphia, PA: University of Pennsylvania Press.

Sen, Amartya,(2009), The Idea of Justice, The Belknap Press of Harvard University Press Cambridge, Massachusetts.

Sirleaf, Matiangai. 2017. Truth and Reconciliation in Liberia: A Critical Analysis. Cambridge, UK: Cambridge University Press.

Truth and Reconciliation Commission of Liberia. 2009. Final Report of the Truth and Reconciliation Commission of Liberia. Monrovia, Liberia.

UN Secretary General's Report: https://www.impunitywatch.org/un-secretary-generals-guidance-note-on-transitional-justice/, Accessed on 12 December 2024.

KAING Guek Eav, alias "Duch" (1942-2020) ,
https://eccc.gov.kh/en/cases/charged-profile/kaing-guek-eav (accessed 17 Nov 2024)

KHIEU Samphan (Born 1931)

https://eccc.gov.kh/en/cases/charged-profile/khieu-samphan( accessed 18 Nov 2024)

NUON Chea born LAO Kim Lorn (1926-2019)
https://eccc.gov.kh/en/cases/charged-profile/nuon-chea( accessed 15 Nov 2024)